# बर्माः अनुभव र अनुभूति

# Burma: Aanubhav Ra Aanubhuti



डा. अनोजा गुरुमाँ

Downloaded from http://dhamma.digital

[illegible]

## श्रीमती सानुमाया महर्जन

कालिमाटी, काठमाडौं



का साथै

जेठाजु पञ्चनारायण महर्जन

भाउजू पूर्णमाया महर्जन

भतिजा रामकृष्ण महर्जन

बुहारी सुनिता महर्जन

नाती राकेश महर्जन

नाती राजेश महर्जन

Downloaded from http://dhamma.digital

# बर्मा : अनुभव र अनुभूति

[Burma : Aanubhav Ra Aanubhuti]

❑

डा. अनोजा गुरुमाँ

Dhamma.Digital

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| कृति | : | बर्मा : अनुभव र अनुभूति |
| लेखक | | डा. अनोजा गुरुमाँ |
| प्रकाशक | : | सुलक्षणकीर्ति विहार, चोभार |
| | | BLA Nepal Chapter |
| प्रकाशन मिति | | २०६८ कार्तिक १० |
| प्रति | : | १००० प्रति |
| आवरण | | बी.एण्ड. बी कम्प्युटर सर्भिस, बनेपा |
| कम्प्युटर टाइपिङ | | अमला मानन्धर |
| कम्प्युटर सेटिङ | | श्रीकृष्ण बादे, जनमत कम्प्युटर सेवा, बनेपा |
| मुद्रण | : | सर्वश्री प्रिन्टर्स, बनेपा, फोन, ०११-६६०५८५ |

Dhamma Digital

Downloaded from http://dhamma.digital

# शुभकामना

डा. अनोजाले अक्षरप्रति माया गरेर पुस्तक प्रकाशक गर्ने जाँगर चलाएको देखेर म ज्यादै खुसी र प्रसन्न छु । यस सातौं **बर्मा : अनुभव र अनुभूति** पुस्तकमा यिनले बर्मामा बटुलेका अनुभवहरूलाई पुस्तकका रुपमा लिपिबद्ध गरेका छन् । बर्मामा देखेका, अनुभव गरेका वर्णनका साथै खिचिएका थुप्रै फोटोहरूसहित सँगालिएको यस पुस्तकले बर्मामा पुग्न खोज्नेहरूलाई मार्ग-दर्शन गराउने छ ।

**नियात्राका पदचापहरू** पछि **बर्मा : अनभुव र अनुभूति** अर्को दोस्रो यात्रा संस्मरणको पुस्तक लिएर अनोजा देखापरेका छन् । डा. अनोजाले थुप्रै देशमा यात्रा गरेका छन् । यसरी नै यात्रा वर्णन गरेर अरु अरु पुस्तकहरू पनि प्रकाशन गर्न सकून् भन्ने शुभकामना छ ।

**भिक्षु अश्वघोष महास्थवीर**
**शङ्घाराम विहार, ढल्को, काठमाडौं**

Downloaded from http://dhamma.digital

# शुभ आशीर्वाद

डा. अनोजाले बौद्ध दर्शनबाट प्रभावित भई धेरै खालका उच्चारण गर्न लायकका कार्यहरू नेपालमा गर्दै छिन् र अझ प्रयत्नशील छिन् । सामाजिक भावनाले प्रेरित भई बुद्धधर्मको आधारमा कार्यहरू गर्न खोज्नु र सिर्जनामा मन दिनु यिनीले पुऱ्याइदिएको सद् चरित्रहरू हुन् ।

बर्माको बारे, बर्मामा जे देखे त्यसको पुस्तकमा प्रकाशन गर्न खोजेर डा. अनोजाले नेपालमा बर्मालाई चिनाउन खोजेकोमा मलाई खुसी लागेको छ । **बर्मा : अनुभव र अनुभूति** पुस्तकले बर्मा र नेपालको सम्बन्धमा गाढा मित्रता बढ्दै जाने विश्वासका साथ अनोजाको अक्षर यात्रामा शुभ आशीर्वाद दिन रुचाइरहेछु ।

Dhamma.Digital

**दो गुणवती**
**म्यांमानीपो च्याउँ म्याउकलापा इन्दायाक्के**
**रंगुन, म्यांमा**

Downloaded from http://dhamma.digital

# आफ्नो भनाई

बर्मामा म आठपटक पुगें । थुप्रै अनुभव बटुलें । बटुलेका अनुभवहरू थुप्रै थुप्रै छन्, सँगालिएका अनुभवहरूलाई लिपिबद्ध गर्न रहर लाग्यो । टिप्दै गएँ, लेख्दै गएँ र अनि बर्मालाई आफ्नो अनुभूतिमा ढालेर यो पुस्तक तयार गरें ।

अनुभव र अनुभूतिलाई पुस्तकका रुपमा निकाल्ने रहर लागेकै कारणले **बर्मा : अनुभव र अनुभूति**को यो कृति तयार भयो । बर्मा घुम्दाका कुराहरू र बर्मामा आफूले पाएका सत् ज्ञानका मर्महरू नै यस पुस्तकका भावनाहरू हुन् । बुद्धका अनेकौं उपदेशहरू छन् : ती ज्ञानका उपदेशहरूबाट प्रभावित भएर सानै छँदादेखि नै म बुद्धको अनुयायी बनें । बुद्धको अर्थ नै ज्ञान भएकोले मैले पनि बुद्धको अनुयायी बनेर धेरैखालका ज्ञानहरू मनमा सजाउन पाएँ ।

मरेर लाने केही छैन । कृति निर्माण गर्दै जानुपर्छ । यस खालको ज्ञानले प्रभावित भएर पुस्तक निकाल्दै जाने प्रेरणा भएकोले यो समेत मेरो ७ वटा पुस्तकहरू प्रकाशित भएका छन् । पुस्तकमा आफ्ना भावनाहरू यसरी सँगाल्न पाउँदा म भावविह्वल भएको छु ।

बुद्धवचन अनुसार बर्मामा धेरै खालका कामहरू भएका छन् । बुद्ध जन्मेको देश नेपालमा बरु बुद्ध वचन अनुसार धेरै कामहरू हुन बाँकी छन् जस्तो लाग्छ । बौद्धमार्गी हुनु भनेको बुद्धिमान हुन खोज्नु हो । यस खालको भावनाले बौद्धमार्गीहरू व्याप्त हुन सक्नुपर्छ । अरुले गरेका राम्रा तथा सुन्दर कार्यहरूबाट सिक्ने र नराम्रा काम कुराहरू छोड्ने गर्नाले मान्छे सुन्दर बन्छन् । यस्तै ज्ञानका भण्डार हुन् -बुद्ध ।

बर्मामा देखेका र अनुभूति गर्न पाएका कुराहरू, फोटाहरू यस संग्रहमा प्रकाशित छन् । यस पुस्तक र अन्य पुस्तक प्रकाशनका लागि साहित्यकार मोहन दुवालले पुऱ्याइदिएको सहयोग, उत्प्रेरणा, सम्पादनका लागि आभार व्यक्त गर्दछु । पुस्तक प्रकाशनका लागि सबै खर्च व्यहोरिदिनुभएर श्रीमती सानुमाया महर्जन र परिवारजनले अविष्मरणीय धर्मदान गरिदिनुभयो । त्यसको लागि उहाँलाई पनि विशेष कृतज्ञता ज्ञापन गर्दछु । बुहारी अमलाले भ्याइ नभ्याईकन पनि झिँजो नमानीकन यस पुस्तकको टङ्कन गर्ने कार्य गरेर मलाई उत्साह थपिदिने जुन कार्य भयो, त्यसको लागि धन्यवाद ज्ञापन गर्दछु ।

**डा. अनोजा**
**सुलक्षणकीर्ति विहार, चोभार**

Downloaded from http://dhamma.digital

# ■ भमोको अनुभव

भरखर म भमोबाट फर्केको छु । भमो भन्ने ठाउँ रंगुनबाट दुई रात दुई दिन बसबाट जानुपर्छ । प्लेनबाट एक घण्टा पन्ध्र मिनेट जति लाग्छ । यो क्षेत्र हाम्रो नेपाल भन्दा दुर्गम क्षेत्र हो । यहाँ आए पछि संसारमा धनी गरिब जहाँ पनि हुन्छन् भन्ने अनुभव भयो । जीवनमा राम्रो र नराम्रो भन्ने कुरा कर्मको फल पक्का हो । भमो भन्ने ठाउँमा खोलाबाट सुन पनि बगेर आउने रहेछ । हाम्रो नेपालमा पनि सुन्दरीघाटमा सुन बगेको थियो भन्ने गरिन्छ । यहि सुनको कारणले गर्दा पहिलाको व्याज सबै मिनाहा गरिदिएको भन्ने शंखधर साख्वाको कहानी अहिलेसम्म पनि छ । उहाँले ठूलो पूण्य अथवा धर्म गर्नुभएको थियो । भगवान् बुद्धले पनि सामाजिक सेवा नै मानव धर्म हो भनि उपदेश दिनुभएको छ ।

भमोमा अहिले पनि सुन बग्ने खोलाहरू छन् । कसैले दिनमा एकतोला जति सुन टिप्न सक्छन् भने कोहीले एक महिनामा पनि एक तोला पाउन सक्दैनन् । यो सबै पहिलाको पुण्यको कारणले गर्दा हो । मैले एकजना दातासँग सोधेको थिएँ कि अहिले पनि तपाईहरू सुन टिप्नुहुन्छ ? कतिसम्म सुन आउँछ ? उहाँले भन्नुभयो - 'पहिला पहिला त दिनमा एक तोला जति आउँथ्यो तर आजभोलि तीन चार दिनमा एक तोला आउँछ ।' उहाँले पाएको सुन आफैले मात्र प्रयोग नगरी विहारहरू बनाइदिन प्रयोग गर्नुहुन्छ । आफूले कमाएको पैसाको दश भागमा एक भाग बुद्ध धर्मका लागि दान चढाउनु हुन्छ । उहाँलाई खान लाउनको केही चिन्ता छैन । दान गर्नु धर्म सम्झिएर दान दिनुहुन्छ ।

अरू पनि त्यहाँ सुन खोजिरहेका थिए । उनीहरू भन्छन् कि 'सुन पाउन धेरै नै कठिन छ । महिनाको एक तोला पनि पाउन सकिँदैन । कसरी दान गर्ने ? दान दियो भने आफूले के खाने ? दान दिएर केही पनि पाइँदैन । दान भनेको धेरै सम्पत्ति भएका व्यक्तिले मात्र दिन्छन् । आफूलाई त खान पुग्दैन अरूलाई दान दिएर के गर्ने ? त्यसैले हामी दान पनि गर्दैनौ र धर्म पनि चाहिँदैन ।'

एउटै खोलामा दुवैले त्यति नै मेहनत गरिरहेका थिए । तर दान गर्न रुचाउनेले धेरै सुन पाउँदै आएका छन् भने दानमा रुची नभएकाले कम मात्र पाउँदै आएका छन् । आफूले कमाएको धनबाट केही प्रतिशत दानको लागि खर्च गरेकोले नै अरूले भन्दा बढी पाउन सकेको हो । हामीलाई कसैले पनि दान दिनैपर्छ भन्दैनन् । कसैले धर्मकर्म गर्नैपर्छ भन्दैनन् । तर दान, पुण्य, शील पालना भनेको आफ्नै लागि



Downloaded from http://dhamma.digital

हो । कसैको धन सम्पत्ति धेरै छ भनेर कहिलै डाहा गर्नु हुँदैन । राम्रो कर्म आफैले नै गर्नुपर्छ । आफ्नो पेट भर्न आफूले नै प्रयत्न गर्नुपर्छ र खानुपर्छ । अरूले गरेर, खाएर आफ्नो पेट भर्न सकिँदैन । त्यसैकारण राम्रो फल पाउन राम्रै काम गर्नुपर्दछ । उहाँ सेवा भावना भएको, शील स्वभाव, राम्रो बोली वचन भएको, धेरै धन सम्पत्ति भए पनि घमण्ड भनेको केहि पनि नभएको एकदम राम्रो मान्छे हुनुहुन्छ । उहाँले भगवान् बुद्धले उपदेश दिनुभएजस्तै पालना गर्नुहुन्छ । यस्ता व्यक्ति संसारमा दुर्लभ नै हुन्छन् । उहाँ भन्नुहुन्छ 'एक दिन मरेर जानुपर्छ लिएर जाने केहि छैन । खालि पाप र धर्म मात्र हो । श्रीमान्, छोरा-छोरीले जति माया गरे पनि मरेर जाने बेला सँगै कोही आउँदैनन् । जति धन सम्पत्ति, घर परिवार भए पनि मर्ने बेलामा एक्लै जाने हो । त्यसैले एकैचोटि त्याग गर्न गाह्रो हुने भएकोले विस्तारै विस्तारै त्याग गर्दै आएको छु । सम्पत्ति तथा परिवार त्याग गर्न नसकेर प्रेत भएर दुःख दिएको हाम्रै टोलमा छन् । अहिलेदेखि त्याग गर्दै गयो भने मर्ने बेलामा सजिलै मर्न पाइन्छ' भनि भन्नुभयो ।

त्याग गर्न धेरै नै गाह्रो हुन्छ तर यसको फाइदा पनि धेरै छ । त्यसैकारण भगवान् बुद्धले दशपारमितामा सबैभन्दा पहिला दान पारमिता नै पूरा गर्नु भएको होला । निर्वाण अथवा पार तर्नको लागि दान पारमिता, दान उपपारमिता र दानपरमत्थ पारमिता पूर्ण गर्नु भएको थियो ।

## ■ मेचिना

दातामाँ दोखेंस्वन्यो र म भमो मेचिनातिर गएँ । त्यो ठाउँमा विदेशीहरू जान नहुने रहेछ । म बर्मीजस्तो भएको कारणले केही आपत्ति भएन । वे कल्लेम्यु, वईमा पनि गएँ तर त्यहाँ पनि विदेशीहरू जान नहुने रहेछ । मेचिनामा नेपालीहरू धेरै भएको र धम्मावती गुरुमाँ १४ वर्षको उमेरमा भारतबाट गुरुमा भई बर्मा जाँदा मेचिनाको जेलमा राखिएको थियो । त्यही जेल हेर्न मन लागेर त्यहाँ पुगेको थिएँ । जताततै भगवान् बुद्धका चैत्य तथा विहारहरू थिए । भमोबाट मेचिना जाँदा गाडीमा ५ घण्टा जति लाग्यो । सैनिक शासन भएकोले नियम धेरै नै कडा थियो । बाटैपिच्छे जाँच गर्ने । तर बाटोभरि मलाई र मेरो पासपोर्टको जाँच गरिएन । यदि जाँच गरेको भए विदेशी भनेर पठाउँदैनथे होला । मलाई पनि याद नै भएन । जे होस् राम्रैसँग घुमें, धेरै मानिसहरू चिनें । त्यहाँ धेरै नै गुरुमाँहरूका विहार छन् । त्यसमध्ये एकजना गुरुमाँ हुनुहुन्छ, उहाँकै विहारमा बसें । त्यस विहारमा ६० जना गुरुमाँहरू



Downloaded from http://dhamma.digital

छन् । सबै आफ्ना-आफ्ना काम अनि पढाइमा व्यस्त छन् । त्यहाँका गुरुमाँहरूलाई बुद्ध धर्मसम्बन्धी मात्र पढाइने, स्कूल जान नपाइने रहेछ । विहारमा नै बुद्धदर्शन सम्बन्धी कक्षा हुन्छ । त्यहीँ नै परीक्षा पनि हुन्छ । पास भयो भने माथिल्लो कक्षामा जान पाइने नत्र नपाइने । यो सबैलाई थाहा भएकै कुरा हो । कसै कसैले हामीले पाप गरेका छैनौं किन विहारमा जाने ? विहारमा गएर केहि फाइदा छैन समयको मात्र बरवाद हो भन्छन् । तर हामी किन बच्चाहरूलाई स्कूल पठाउँछौ त ? स्कूल गएपछि त परीक्षा दिनुपर्छ र पास भएपछि मात्र माथिको कक्षामा जान पाइन्छ । यदि हामी स्कूल नै गएनौँ र घरमा नै बस्यौँ भने कसरी माथिको कक्षामा जान सक्छौँ ? स्कूल गयौँ भने गुरुले पढाउनुहुन्छ, ज्ञानगुणका कुरा सिकाउनुहुन्छ । विभिन्न प्रकारका साथीहरू हुन्छन् । बुद्धि सबैको फरक-फरक हुन्छ । त्यसैले बुद्धिमानी मान्छेले चाँडै सिक्न सक्छन् । कसैले वोर्ड फष्ट ल्याउँछ भने कोहि पास र कोहि फेल पनि हुन्छन् । गुरुले त सबैलाई बरावर नै सिकाएका हुन्छन् । तर बुझ्ने आफ्नो क्षमताअनुसार हुन्छ । कुवाको भ्यागुतो जस्तो घरमा बस्नुहुँदैन । घरैमा बस्यो भने केहि पनि थाहा पाईंदैन । त्यसैले बाहिर गएर हेर्नुपर्छ । संसार कस्तो छ ? राम्रा कुराहरू ग्रहण गर्न सक्नुपर्छ । त्यसैकारण भगवान् बुद्धले उपदेश दिनुभएको छ कि 'पहिला सुन, अनि हो होइन थाहा पाऊ त्यसपछि अभ्यास गर ।'

यदि आफू बलियो भएकै बेलामा आफूसँग पैसा र श्रद्धा छ भने आफ्नो देशभन्दा बाहिर पनि हेर्नु, घुम्न जानु आवश्यक छ । अरूले भनेको भन्दा आफ्नै आँखाले देखेको कुरा धेरै नै घतलाग्दो तथा विश्वासिलो हुन्छ ।

भगवान् बुद्धले भिक्षुहरूलाई बाहिर मानिसहरू कसरी जीवन बिताइरहेका छन् र बाटोमा के कस्ता घटनाहरू भइरहेका छन् भनि देखाउन विहारबाट बाहिर पठाउने गर्नुहुन्थ्यो । त्यस्तै एकदिन भगवान् बुद्ध भिक्षुहरूसँग एउटा गाउँमा गएको बेला पुरै गाउँमा आगो सल्किरहेको देख्नुभयो । सबै गाउँलेहरू ज्यानको पर्वाह नै नगरी घरबाट सामानहरू निकालेर फाल्दै थिए । यो दृश्य देखेर भगवान् बुद्धले भिक्षु संघलाई सोध्नुभयो कि 'हे भिक्षुहरू ! त्यो गाउँमा आगो बलेको देख्यौ ? तिनीहरूले सामान फालिरहेको देख्यौ ?' भिक्षुहरूले 'देखेका छौँ भगवान् शास्ता' भनि जवाफ दिए । 'त्यो सामान, कपडाहरू सुरक्षा गरी राख्नुपर्ने भएकोले फालेको थियो । यदि नफालिकन त्यही राखेको भए एउटा पनि बच्ने थिएन । आफूलाई मनपर्ने सामान सुरक्षा गर्नको लागि र फालेका सामान मात्र आफूलाई पाउने भएकोले फाल्नु परेको हो । त्यस्तै मन परेको चिज दान दिँदा आफैलाई नै पाइन्छ । दानको महत्व बुझ्ने व्यक्तिले आफूलाई मन परेको भन्दा उत्तम सामान दान दिने गर्दछ । आगोले खान्छ



Downloaded from http://dhamma.digital

भनेर फालेको सामान पछि आफैलाई पाइएजस्तै दान दिएको सामानको एक भाग यहि जन्ममा पाइन्छ ।

दान दिनको लागि कन्जुस्याइँ गर्नुहुँदैन । दान दिनको लागि कोहि भिक्षु-भिक्षुणीहरू कन्जुस्याइँ गर्नुहुन्छ । तर सबै होइनन् । त्यस्ता भिक्षुहरूलाई भगवान् बुद्धले सम्झाइदिनुभएको थियो ।

मेचिनामा चार दिन बसेँ । बर्माको धेरै ठाँउमा घुमेँ तर देवता र हिन्दूको मन्दिर देखेको थिइनँ । तर मेचिनामा नेपालीहरू धेरै भएकोले होला एउटा हिन्दू धर्मशाला देखेँ । बुद्ध विहारहरू पनि छन् जहाँ नेपाली भिक्षुहरू थिए । नेपाल भगवान् बुद्ध जन्मनुभएको देश हो । यो गौरवको कुरा हो । तर हिन्दू बाहुल्यता भएको देश भएकोले बुद्धधर्म छायाँमा पर्न गएको हो । बौद्धधर्ममा पञ्चशील पालना गर्नुपर्ने भएकोले यो अरू धर्मभन्दा अलि गाह्रो छ ।

म मेचिनाबाट भमो, मण्डलेबाट दुई रात दुई दिन लगाएर एक्लै रंगुन फर्के । भमोबाट मण्डले पुग्न धेरै नै गाह्रो भयो । किनभने त्यहाँका मानिसहरू धेरै नै अशिक्षित छन् । जतिसुकै भिक्षु भिक्षुणीहरूबाट उपदेश पाए पनि व्यवहारमा नल्याउने । बसमै पनि एकजना बर्मीले पान खाएर थुकिदिए । खकार पनि त्यही बसमै थुक्ने । बस त पुरा नर्कजस्तै लाग्न थाल्यो । एकदिन र एक रात काट्न धेरै नै गाह्रो भयो । फोहर मनपर्ने र नपर्ने यही मनुष्य लोकमा नै छन् । झिँगा र भमरा जस्तै । झिँगा फोहरमा मात्र रमाउँछन् भने भमरा फूल र फलफुलमा रमाउँछन् । त्यस्तै सुँगुरले गेहर मात्र खान्छ । अनि सुँगुरलाई स्वर्गमा लान्छु भन्दा त्यहाँ फोहर खान पाइन्छ कि पाइँदैन सोध्यो भने जस्तै आ-आफ्नो कर्म आफैले भोग्ने गर्दछन् ।

Dhamma.Digital

## ■ बर्माको अनुभव

गुणलाई बिर्सने व्यक्तिलाई जनावरमा गनिन्छ । गुण गर्नेभन्दा गरेको गुणलाई नबिर्सने व्यक्ति मात्र मानवमा गनिन्छ । आजकाल धेरैजसो मानिसहरू मान्छेको रूपमा जनावरजस्ता छन् । सन्तान जन्माउनुमा पनि आफ्नै स्वार्थ लुकेको हुन्छ । बच्चा पेटमा छँदा कति खुसी हुन्छन् कि भुइँमा खुट्टा हुँदैन । बच्चा पेटमा हुँदा नै आमाबुबाले डाक्टर, इन्जिनियर बनाउने सपना देख्छन् । कारण, सन्तानले उनीहरूलाई कमाएर खुवाउन सकोस् । यहाँ एउटा घटना प्रस्तुत गर्न चाहन्छु । एउटा परिवारमा श्रीमतीको पेटमा बच्चा भएको कुरा थाहा भएछ । बच्चा जन्मने



Downloaded from http://dhamma.digital

कहिले हो कहिले थाङ्ना सिउने अहिले भनेभैं जन्मिने बच्चाको कुरालाई लिएर आमा र बुबाको भगडा भएछ । आमाचाहिँ बच्चालाई डाक्टर बनाउन चाहने । बुबाचाहिँ इन्जिनियर बनाउने चाहने । यहि कुरामा दुवैजनाको भगडा भएछ । भगडाले ठूलो रूप लिन थालेपछि अदालत नै जानुपरेछ । वकिलले यो कुराको फैसला गर्न बच्चाको इच्छा बुझ्नुपर्छ, बच्चा कहाँ छ त भनि सोधेछन् । आमा र बाबु हुनेले बच्चा त जन्मेकै छैन भनि उत्तर दिएछन् । यो सुनेर वकिल अचम्म भएछन् । यो कुरा त बच्चा पाउने कहिले कहिले भोटो सिउने अहिले भनेजस्तै भएछ ।

आजकाल हाम्रै देशमा पनि धेरैजसो मानिसहरू छोरा पाउने बित्तिकै कमाएर खुवाउँछ कि जस्तो आशा गर्छन् । पहिला-पहिला भारतमा मात्र त्यस्तो थियो । छोरा पायो भने मिठाई बाँड्दै हिड्ने अनि छोरी पायो भने नाक खुम्च्याउने गर्छन् । त्यति मात्र होइन छोरी पायो भनेर वास्ता नगर्ने र तीन चार वटासम्म पायो भने त श्रीमतीलाई घरबाट नै निकालिदिने पनि छन् । आजभोलि पेटमा बच्चा भएको थाहा पाउनासाथ भिडियो एक्सरे गरेर हेर्न सकिन्छ । यदि छोरा भए खुसी हुने र छोरी भयो भने भ्रूण अवस्थामा नै फालिदिने गर्छन् । यो छोरी जातिमाथि कस्तो अन्याय ? यो हावा अहिले नेपालमा पनि धेरै नै छ । पहिला पहिला एकजनाले नै दुई दर्जनसम्म पनि बच्चा जन्माउँथे । मलेसिया तथा बर्मामा पनि एक जनाको ८, ९ जनासम्म सन्तान हुँदारहेछन् । आमालाई जति सन्तान जन्माए पनि माया सबैको बराबर लाग्छ भनिन्छ । आमा बुबाको माया छोरा छोरीहरूसँग हुन्छ । बच्चाहरू सानो छउन्जेल आमा बुबासँग बस्छन् अनि ठूलो भएपछि आफ्ना-आफ्ना प्रेमिकासँग भुल्छन् ।

बिहे भएपछि बच्चा जन्माउनु पर्छ । यो प्राकृतिक नियम नै हो । तर छोराछोरीले कमाएर खुवाउँछन् भन्ने लोभले जन्माउने होइन । यस्तो विचारले सन्तान जन्मायो भने स्वार्थ पूर्तिको लागि जन्माएको भन्ने बुझिन्छ । पछि कमाई गर्न सक्ने भएपछि आमा बुबालाई हेरेन भने चित्त दुख्छ । त्यसैले सन्तानमाथि हामीले कुनै स्वार्थ भावना राख्नु हुँदैन । यसबारे एउटा उपमा छ - आमा बुबाको माया छोरा छोरीमाथि, छोरा छोरीको माया ढुंगा मुढा माथि ।

२०६८ असार २ गते मलेसिया पुगेँ । त्यहाँ दोर्खेँस्वन्योको धकमाजीले भाइबुहारी बनाइराखेको घरमा पुगेँ । बुहारी याम्य छोराछोरी पढाउनको लागि रातभर काम गर्नुहुन्छ भने बुबा चाहिँ अर्काको काठ बोक्ने काम गर्नुहुँदोरहेछ । दुई सन्तानको काम भइसक्यो अब अर्कोको पनि काम हुन्छ अनि आफूहरूलाई आनन्द हुन्छ भन्ने ठान्नुहन्छ । म त्यो घरमा पाँच दिन बसेँ । छोराहरूका एउटी-एउटी केटी साथी अनि



Downloaded from http://dhamma.digital

छोरीको केटा साथी छ । आमा बुबाको चाहिँ आफ्नो सन्तानले कमाएर खुवाओस् अनि सेवा पनि गरोस् भन्ने इच्छा रहेछ । हेरौं आमाबुबालाई सेवा गर्न त बाँकी नै छ ।

सन्तान जन्माएर भौतिक शिक्षा मात्र दिएर पुग्दैन । किनभने भौतिक शिक्षा पेट भर्नको लागि मात्र काम लाग्छ । ज्ञान दिन सकेन भने सानो हुँदा मर्ला भन्ने डर, ठूलो भएपछि मार्ला भन्ने डर भनेजस्तै भएर बस्नुपर्ने हुन्छ । त्यसैले भौतिक शिक्षाको साथै नैतिक शिक्षा पनि अति आवश्यक छ । यसै विषयमा भगवान् बुद्धले गृहविनयमा उपदेश दिनुभएको छ कि आमा बुवा तथा छोरा छोरीले पाँच पाँच वटा कर्तव्य पुरा गर्नुपर्छ जसको कारणले दुःख हुनेछैन ।

आमाबुबाले पुरा गर्नुपर्ने पाँचवटा कर्तव्यहरू :

१) बच्चा जन्माएपछि राम्रोसित स्याहार सुसार गर्नुपर्दछ । बच्चालाई दूध खुवाउनेदेखि पालन पोषणमा ध्यान पुऱ्याउनु पर्दछ । बच्चा सबैले जन्माउँछन् तर पालन पोषण राम्रो गर्न सक्नु पर्दछ । बच्चालाई चोटपटक नलागोस् भनि ध्यान पुऱ्याउनु पर्दछ ।

२) समय भएपछि पढाउनको लागि राम्रो स्कूल, कलेजमा भर्ना गरिदिनु पर्छ । कसरी छोरा छोरीलाई पढ्नमा मन बसाउन सकिन्छ भनि ध्यान पुऱ्याउनु पर्छ । उनीहरूलाई आवश्यकता अनुसार मनपर्ने किताव, कापी, कलम किनिदिनुपर्दछ । राम्रोसँग पढेको छ छैन भनि हेर्नु पर्दछ ।

३) छोरा छोरीको संगत राम्रो छ कि छैन भनि वरावर याद गर्नुपर्दछ । संगत भनेको अत्यन्त आवश्यक चिज हो । आजभोलि केटाकेटीहरूको मन स्थिर राख्न अत्यन्त गाह्रो छ । खाल्डोमा नखसेको बेलामा नै खस्ला कि भनि राम्रो ज्ञान बुद्धि दिएर राख्न सक्नुपर्छ । खसेपछि त सकिहाल्यो नि, राम्रो अर्ति दिएर काम लाग्दैन । त्यसैले उनीहरूको चित्तलाई सधै राम्रो ठाउँमा राख्न दिनु आमाबुवाको कर्तव्य हो । बच्चाहरूको सबभन्दा पहिलाको गुरु भनेको नै आमाबुबा हो । नराम्रो सिक्नको लागि गुरु चाँहिदैन । आफूहरूले पनि आमाबुवाको राम्रो स्याहार सुसार गरेर बच्चाहरूलाई देखाउनु पर्दछ । जुन कुरा छोराछोरीले सिकेर लिन सक्छ । यदि नराम्रो संगत परेको छ भने जसरी भए पनि फकाएर राम्रो ठाउँमा ल्याउन सक्नुपर्दछ ।



Downloaded from http://dhamma.digital

आजकाल धेरै केटाकेटीहरू नराम्रो संगतमा परेको देख्न सकिन्छ। आमाबाबुहरु आफ्ना छोराछोरीहरू स्कूल, कलेजमा गएका छन् भनि ढुक्क भएर बसेका हुन्छन् तर उनीहरू स्कूल कलेजमा नगई अम्मल पदार्थमा रमाएर बसेको पनि देख्न सकिन्छ। धर्मको नाममा गाँजा, धतुरो र अफिममा रमाएर बसेको मैले आफ्नै आँखाले देखेको छु। २०६६ सालमा म शिवरात्रीको दिनमा पशुपतिनाथ परिसरमा गएको थिएँ। त्यहाँ भारतबाट आएका बाबाजीहरूले केटाकेटीहरूलाई गाँजा बेच्दै थिए। त्यही गाँजा खाएर उनीहरू लट्ठ परेर केटाकेटीहरू अँगालो मार्दै खुलेआम बसिरहेको देखेँ। नेपालमा कहिँ पनि नदेखेको यस्तो दृश्य यही शिवरात्रिको दिनमा देखेँ। यस्तो देखेपछि धर्मको नाममा हाम्रो नेपालका भविष्यका कर्णधारहरूको जीवन बर्बाद भइरहेको छ भनि चिन्ता लाग्न थाल्यो। यो सबै सरकारले रोक्नुपर्ने काम हो। शिवजीले गाँजा धतुरो पचाउन सक्छ भन्दैमा साधारण केटाकेटीहरूले पचाउन सक्छन्? हिन्दू धर्मअनुसार शिवजी एक महान शक्ति भएका देवता हुन्। शिवजीको दाँजोमा पुग्नलाई यस्तो अमल पदार्थ खानुपर्ने भन्ने शिक्षा हो भने त्यो शिक्षाबाट वन्चित भएर बस्न सक्नुपर्छ। किनभने अम्मल पदार्थले कसैलाई राम्रो बाटोमा लान सक्दैन। यस्ता कुराहरू आमबुबाले याद गर्नुपर्दछ। आफूले पनि अमल पदार्थ नखाने, झैझगडा नगर्ने, राम्रो ठाउँमा मात्र जाने, उनीहरूलाई पनि नराम्रो बाटोबाट हटाएर राम्रोतिर लाने गर्न सक्नुपर्दछ।

४) पढाइ सकेपछि छोराछोरीलाई पक्षपात नगरीकन लजगा दिलाउनु पर्दछ। लजगा भनेको काम हो। काम गर्ने इच्छा अनुसार पैसा नभए सापट लिएर भए पनि छोराछोरीलाई काम दिनुपर्दछ। कसैको जागिर खाने इच्छा हुन्छ भने कसैको व्यापार व्यवसाय गर्ने। यस्तो कुरामा उनीहरूको इच्छालाई बुझेर कामको लागि प्रोत्साहन दिनुपर्दछ। काम गर्दै जाँदा कहिलकाहीँ बिग्रन सक्छ। यस्तो बेलामा गाली नगरी उत्साह दिलाउन सक्नुपर्दछ।

५) आफ्नो खुट्टामा उभिन सक्ने भएपछि विवाह गरिदिने काम पनि आमावुवाको कर्तव्य हो। छोराछोरीलाई मनपर्ने कोहि छ भने जातभात, स्वदेशी, विदेशी, धनी गरिब नहेरिकन मन मिल्नेसँग विवाह गरिदिनु पर्दछ। यदि मन पराएको कोही छैन भने आमाबुबाले नै घरानी आमाबुवाको छोरा छोरीसँग विहे गराइदिनुपर्दछ। सकेसम्म धर्म मिल्नुपर्छ। यति काम सकेपछि आमावुवाको कर्तव्य पुरा भएको मान्न सकिन्छ।



Downloaded from http://dhamma.digital

आमाबुवा मात्र राम्रो, असल भएर पुग्दैन । छोरा छोरी पनि राम्रो अनि असल हुनुपर्दछ । कसैकसैको आमाबुवा राम्रो, असल स्वभावको भए पनि छोरा छोरी नराम्रो स्वभावको हुन्छ । यस्तो भयो भने दु:ख हुन्छ ।

माथिका पाँचवटा गुणयुक्त आमाबुबामाथि अपराध गऱ्यो भने ती छोराछोरी अवश्य पनि नर्क जान्छन् । यस्तो गुणयुक्त आमाबुवालाई दु:ख दिएको कारणले छोरी जमिन फाटेर त्यसमुनि गएको बर्माको एउटा घटना यहाँ प्रस्तुत गर्दैछु ।

यो घटनाको बारेमा म बर्मा जाँदा समाचारमा आएको भनि एकजना गुरुमाले सुनाउनु भएको थियो । बर्मामा धन सम्पत्तिले पूर्ण अनि पाँचवटै गुणले परिपूर्ण भएको, त्यतिमात्र होइन सधैं विहारमा गई ध्यानगर्ने, दान, शिल भावनालाई मनैदेखि पालना गर्ने जोडी थियो । जिन्दगीमा सबै कुरा कहाँ पूर्ण हुँदो रहेछ ? छोरा छोरी चाहिँ खाली रसरंग गर्ने, संगत नराम्रो, आमाबुवालाई गाली गर्ने, आफ्नै इच्छा अनुसार लाउने खाने, आमा बुबाको पटक्कै कुरा नसुन्ने । छोराछोरी दुवैजनाको कुसंगतको कारणले गर्दा आमाबुबाले धेरै नै दु:ख कष्ट भोग्नु परेछ । एकदिन विहारमा ध्यान गरेर फर्केका आमाबुबालाई छोराछोरी दुवैजनाले जमीन धसेर मरोस् भनेर गाली गरेछ । यसरी पाँचवटै गुण, शील, भावनाले पूर्ण भएको व्यक्तिलाई गाली गरेको धर्तिमाताले सहन सकिनन् । त्यसैले गाली गरेर केहि पर मात्र के पुगेको थियो अचानक भुइँचालो आएर जमीन फाटेर छोरा छोरी दुवैजना तल खस्यो र जमीन फेरि सम्म भएर मिल्न गयो । उनीहरूले धेरै नै पाप गरेको कारणले धर्तिले पनि सहन सकिनन् । आमा बुबालाई रुवाएको कारणले आफ्नो कर्म आफैले भोग्नुपरेको हो । मानिसले पापको फल भोग नगरेसम्म पापलाई मह समान मिठो अनुभव गर्दछन् तर पापको फल भोग्नुपर्दा धेरै नै दु:ख हुन्छन् ।

## ■ बर्माको विवाह संस्कार

म्यानमार अथवा बर्मा र नेपालको वैवाहिक संस्कार ठीक उल्टो छ । बर्मामा विवाह गर्दा श्रीमती बन्ने श्रीमान्को घरमा जाने नभई श्रीमान् चाहिँ श्रीमतीको घरमा बस्नुपर्दछ । यदि श्रीमती श्रीमान्को घरमा बस्न गयो भने यहाँ नेपालमा घरज्वाइँ बसेजस्तै हुने रहेछ । केटी मान्छेले नेपालमा जस्तो आफू जन्मेको घर छोडेर जानु पर्दैन । त्यहाँ विवाह गर्दा पहिला भगवान् बुद्धकहाँ गई प्रार्थना गरेर आएपछि घरमा आफ्नै तरिकाले औंठी लगाई विवाह गर्ने चलन छ । आमा बुबाको इच्छा अनुसार



Downloaded from http://dhamma.digital

दाइजो दिने चलन छ । यति नै र यही नै चाहिन्छ भन्ने छैन । दाइजो केटाकेटी दुवै पक्षकाहरूबाट उपहारको रूपमा दिने चलन छ ।

म्यानमारमा जति हक पुरुषको छ त्यति नै महिलाको हुन्छ । मेरो धकमाजी दोलायँले ५ वटा कलकारखानाको हाकिम भएर काम सम्हालिरहेका छन् । जुनसुकै काम पनि बर्मामा महिला र पुरुष दुबैले गर्दछन् । बच्चा जन्मिँदा आमाबुबा दुवैले बरावर स्याहारसुसार गर्दछन् । नेपालमा ब्रतबन्ध भनेजस्तै वर्मामा सेप्यू गर्नुपर्दछ । यसो गर्दा पहिला बाजागाजासहित भगवान् बुद्धको दर्शन गराइन्छ अनि विहारमा भिक्षुहरूले केटा भए श्रामणेर र केटी भए अनगारिका बनाइन्छ । त्यसपछि विहारमा जति मन लाग्यो त्यति राखेर आफ्नो इच्छाअनुसार भोजन दान दिएर बच्चाहरूलाई चिवर फुकाएर घरमा ल्याउने चलन छ ।

विवाहको सम्वन्धमा विवाहपछि आमा बुबाको घरमा नै बस्नुपर्छ भन्ने छैन । त्यस्तै श्रीमतीको घरमा नै बस्नुपर्छ भन्ने पनि छैन । यदि आमा बुवा सम्पन्न छ भने उनीहरूको लागि छुट्टै घर बनाएर राखिदिन्छ । केहि कुरामा पनि जवरजस्ती भन्ने छैन । भगवान् बुद्धको स्वतन्त्र जीवन जस्तै स्वतन्त्रता छ । आफ्नो जीवन सुधार्नको लागि पञ्चशील पालन गरिन्छ । म्यानमार एउटा बौद्धमार्गी देश हो । यहाँ सरकारी कर्मचारीदेखि लिएर पुलिसहरू सबै बुद्ध धर्म नै मान्दछन् । त्यसैले होला प्रायः ठाउँमा बुद्धको चैत्य र बुद्ध मूर्ति धेरै नै देख्न पाइन्छ । यहाँ ९५ प्रतिशत बुद्ध धर्म मान्ने र ५ प्रतिशत मात्र अरू धर्म मान्नेहरू छन् । बौद्धमार्गी देश भएकोले घरमा जे धर्म माने पनि विवाह व्रतवन्ध बौद्धधर्म अनुसार नै गर्दछन् । यहाँ मरेपछि छोरा तथा श्रीमतीले सेतो लुगा लगाएर बस्नु पर्दैन । कोही मान्छे मर्दा महिनामा एकचोटि भन्ते गुरुमाँलाई भोजन, जलपान र श्रद्धा अनुसार दान दिएर पुण्यानुमोदन गरिन्छ । मरेको मान्छेको नाममा पुण्यानुमोदन नगर्ने देश कुनै पनि छैन । हरेक देशमा आफ्नो आफ्नो तरिकाले गर्दछन् । तर म्यानमारमा बौद्ध धर्म अनुसार गरिन्छ । मानिस जन्मेपछि मर्नुपर्छ । यो प्रकृतिको नियम हो । यो नियमलाई कसैले उल्लंघन गर्न सक्दैन ।

हाम्रो नेपाल बुद्ध जन्मेको देश भए पनि बुद्ध धर्म मान्नेहरू कम नै छन् । हिन्दू धर्मको हावी धेरै भएकोले नेपालमा बौद्ध धर्मको प्रचार प्रसार कम नै भएको देखिन्छ । श्रीमान्, आमाबुबाको मृत्यु हुँदा सेतो लुगा लगाउनुपर्ने, अझ राणाकालमा श्रीमान्‌को मृत्यु भयो भने जिउँदै मन नलागी नलागी श्रीमान्‌सँगै सति जानुपर्ने चलन थियो । यदि जान मानेन भने जवरजस्ती पठाइन्छ । जन्म भएपछि एकदिन त



Downloaded from http://dhamma.digital

मर्नैपर्छ भनि थाहा पाउँदा पाउँदै यस्तो जवरजस्ती गरिन्छ । अर्काको ठाउँमा आफू बसेर हेरे मात्र थाहा पाइन्छ कतिको दुःख हुन्छ भनेर । सत्य कहिले पनि दग्दैन, असत्य कहिले पनि टिक्दैन भन्ने उखान नभएको होइन । माया, दया, करुणा राख्ने, उपकार गर्ने, मद्दत गर्नेको सधैँ राम्रो हुन्छ । यदि विवाह पनि जबरजस्ती गरियो भने त्यो लामो समयसम्म टिक्न सक्दैन । राजीखुसी भएको विवाह बाँचुन्जेल सगै बाँच्ने, सँगै मर्ने बाचा गरे अनुसार राम्रो हुन्छ । बर्मामा सबै कुरा बौद्ध परम्पराअनुसार चल्दछ भने नेपाल बुद्ध जन्मेको देश भएर पनि हिन्दूको बाहुल्यता भएकोले बौद्ध धर्म अनुसार चल्न सकेन । राम्रो नराम्रो विचार गर्न सकेन ।

## ■ शुद्ध चितले दिएको दानको फल छिट्टै पाइन्छ ।

आफूले गरेको कामको फल आफैले भोग्नुपर्दछ । चाहे त्यो कुशल होस वा अकुशल । कुशल काम गर्न साह्रै नै गाह्रो हुन्छ भने अकुशल काम गर्न साह्रै नै सजिलो हुन्छ । त्यसैले मान्छे सजिलो काम गर्नेतर्फ लाग्दछन् । निस्वार्थ भावनाले दान पुण्य गर्ने थोरै मात्र हुन्छन् । संसारमा कोही धेरै नै धनी हुन्छन् भने कोही धेरै नै गरिब हुन्छन् । यो सबै आफ्नो-आफ्नो कर्मको फल हो । मानिस जन्मँदा चार किसिमले जन्मिन्छ र चार किसिमबाट राम्रो या नराम्रो बाटोमा जान्छ । जस्तै सेतो ठाउँबाट जन्म भएर सेतो ठाउँमा नै जान्छ । उज्यालोबाट जन्म लिएर कालो अँध्यारो ठाउँमा उत्पन्न हुन्छ । कोही अँध्यारो ठाउँबाट जन्मिन्छ र अँध्यारोमा नै जान्छ । कोही अँध्यारोबाट उज्यालो ठाउँमा जान्छ । समय सधैं बरावर हुँदैन । कर्म कहाँ लुकेर बसेको हुन्छ थाहा हुँदैन । गरिब व्यक्ति धनी र धनी व्यक्ति गरिब हुनसक्छ । त्यसैले गरिब भयो भनेर दुःखी हुनु हुँदैन, धनी भयो भनेर घमण्डी हुनु हुँदैन । कसैलाई गरिब भयो भनेर हेप्ने काम गर्नु हुँदैन । गरिब व्यक्तिले पनि गरिब भयो भनेर निराश हुनु हुँदैन । सुखपूर्वक जीवन विताउनको लागि मेहनत गर्नुपर्छ साथै कुशल कर्म गर्ने, दान पुण्य गर्ने गर्नु पर्दछ ।

आफूले कमाएर दुःख कष्ट गरेर १२ रूपियाबाट खाना दान दिएको एउटा बर्माको अनुभव र सुनेको घटना उल्लेख गर्न चाहन्छु ।

संसारमा धनी र गरिब नभएको कुनै देश छैन । जतिसुकै समानता गर्छु भने पनि सकिँदैन । किनभने सबै मानिसहरूले आफ्ना-आफ्ना कर्म भोग गरिरहेका हुन्छन् । त्यस्तै बर्मामा पनि धनी गरिब दुवै किसिमका मानिसहरू छन् । जति गरिब



Downloaded from http://dhamma.digital

भएतापनि भगवान् बुद्ध अनि भन्ते, गुरुमाँहरूप्रति भने धेरै नै आस्था र विश्वास गर्छन् । धेरैजसो गरिब मानिसहरू गाउँमा छन् । तर पनि गाउँमा जाँदा भन्ते, गुरुमाँहरूलाई त्यत्तिकै श्रद्धाले भोजन दान गर्दछन् । कुनै पनि गाउँमा भन्ते, गुरुमाँहरू भोकै बस्नुपर्दैन ।

त्यस्तै एउटा दुर्गम गाउँमा आमा, बुवा र छोरी गरी तीन जनाको एउटा परिवार बस्थ्यो । उनीहरूलाई छाक टार्न धौ-धौ पर्थ्यो । वर्षमा एकजोर लुगा लगाउन पनि कष्ट गर्नुपर्थ्यो । इच्छा त सबैको धनी हुने, राम्रो खाने लगाउने, मान सम्मान पाउने नै हुन्छ । त्यो गरिब परिवारको बुबा चाहिँलाई श्रीमती र छोरीलाई एकजोर राम्रो लगाउन र खुवाउन नसकेकोले धेरै नै दुःख लाग्थ्यो । श्रीमान् र बुबा भएर आफ्नो कर्तव्य पुरा गर्नुपर्ने थियो तर सकेन । आफूसँग सीप र पढाइलेखाइ केहि थिएन । खाली ज्यामी अथवा भारी बोक्ने काम मात्र आउँथ्यो । त्यसैले श्रीमतीसँग सल्लाह गरेर ३/४ दिनको लागि आफ्नो गाउँ छोडी टाढाको गाउँमा लाग्यो । दुर्गम ठाउँ भएकोले ३ दिन लगाएर एउटा गाउँमा पुग्यो । पढे-लेखेको केही नभएकोले उखु पेल्ने काम गर्न थाले । तर त्यसबाट पैसा कमाउन सकेन । खाने, पिउने अनि घर जाँदा अलिकति पैसा जम्मा गर्ने हिसाबले बस्न थाले । गरिबलाई जहाँ गए पनि दुःख सुख भनेको हुँदैन । टाढाको ठाउँ त्यो पनि परिवारसँग छुट्टिएर बस्नुपर्ने । न पैसा नै भयो । जसले गर्दा झनै दुःख लाग्न थाल्यो । तीन वर्ष बिताइसकेपछि उनलाई परिवारको असाध्यै याद आउन थाल्यो । परिवारको यादले धेरै नै दुःख महसुस भएपछि घर फर्किने विचार गरी मालिकसँग विदा मागे । मालिकले बाटोमा खानको लागि सातु र तीन वर्षको तलब भनी १२ रुपियाँ दिएर पठाएछन् । विहानको ११ बजेतिर जंगलको बाटोमा खुसी हुँदै चाँदीको डबल गन्दै आइरहेको बेला ध्यान गरेर रंगनुतिर जानको लागि आइरहेको एकजना भन्तेसँग भेट भयो । उनको मनमा श्रद्धाभाव उत्पन्न भएकोले भन्तेले भोजन गरिसके या गरेका छैनन् भनि हेर्दा भोजन गर्नुभएको रहेनछ । यदिदं चतारी पुण्यखेतं । यहि पुण्यरूपी खेतमा म बीऊ रोप्छु भन्ने विचार आयो । तर ऊसँग १२ रुपियाँ मात्रै थियो । अब के गर्ने ? श्रीमती र छोरीले बाबाले केही ल्याउलान् भनी आशा गरिरहेको होलान् । उनीहरूलाई केही लुगा, कपडा किनेर लानुपर्छ भन्ने मनमा आएछ । पहिलाको जन्ममा केहि पुण्य नगरेकोले अहिले म यस्तो गरिब भएर बस्नुपरेको हो भनि सोचेछ । अब के गर्ने त्यो पैसाले लुगा किन्ने कि भोजन दान दिने ? उनी अलमलमा परेछन् । अन्तमा आफ्नो मनलाई दह्रो बनाई पात्र लिएर भोजन खोज्न गएछन् । एक ठाउँमा भात र तरकारी मात्र रहेछ । समय नाघेपछि भन्तेले भोजन गर्नुहुन्न भन्ने सोची १२ रुपियाँमा त्यही



Downloaded from http://dhamma.digital

भात र तरकारी मात्र भएपनि किनेर ल्याई छिटो छिटो भन्तेलाई दान दिएछन् । भन्तेले पनि दाताको अगाडि नै भोजन ग्रहण गर्नुभएछ । भोजन दान गरेर उनी धेरै नै खुसी भई पात्रोलाई सफा गरेर भन्तेसँगै त्यही बाटोबाट आफूले गरेको दु:ख र १२ रुपियाँको बारेमा कुरा गर्दै घरमा फर्केछन् । पूव चेतना, मुञ्च चेतना र परचेतना । दान दिनु अगाडि पनि खुसी भयो, दान दिँदादिदै धेरै नै खुसी भयो र दान दिइ सकेपछि पनि झनै खुसी भयो । बेकारमा दान दिइएछ भनी अलिकति पनि मनमा आएन । दिनभरि हिँडेर घर पुगेपछि श्रीमती र छोरीलाई भने -'मैले पैसा कमाउन नसके पनि पुण्य कमाएको छु । तिमीहरू पनि अनुमोदन गर, स्वीकार गर ।' उनीहरू पनि धेरै नै खुसी भए ।

अचानक केही दिन पछि उनले भोजन दान दिएको भन्तेको मृत्यु भयो । बर्मामा मृत्युपछि चार पाँच दिनसम्म घरमा नै राखेर पूजापाठ गर्ने चलन छ । हाम्रो नेपालमा मरेको तीन चार घण्टापछि मसानघाट पुऱ्याइन्छ । ती मृत भन्तेलाई चार दिनको दिनमा मसानघाटमा लगियो । दाहसंस्कार गर्न खोज्दा आगोले छुँदै छोएन । सबैजना छक्क परे । भगवान् बुद्धको जस्तो कसैको कारणले गर्दा नछोएको हुनसक्छ । भगवान् बुद्धलाई पनि महाकश्यप भन्तेले छोएपछि मात्र आगोले छोएको थियो भन्ने कुरा चल्न थाल्यो । त्यसपछि त्यहाँका सबै जनतालाई लाइनमा राखेर पालैपालो भन्तेलाई आगो लगाउने निर्णय भयो । पहिला ठूला व्यक्तिहरू अनि गण्यमान्य व्यक्ति, त्यसपछि गरिब जनतालाई लाइनमा राखेर आगो लगाउन दिइयो । कसैको आगोले पनि भन्तेलाई छोएन । तर त्यो सबभन्दा गरिब व्यक्ति जसले आफूले कमाएको १२ रुपियाँले भोजन दान दिएको थियो, उसलाई कसैले वास्ता गरेको थिएन । सरकारले अन्तिममा कोही बाँकी छ भनी हेर्दा त्यही गरिब व्यक्ति बाँकी भएकोले उनलाई आगो लगाउन दिने आदेश दिइयो । त्यो गरिब व्यक्ति आएर तीनपल्ट घुमेर बन्दना गरी आगो लगाउँदा भन्तेको शरीर जल्न थाल्यो । यस्तो घटना देखेपछि सारा जनतामात्र होइन सरकार समेत आश्चर्यचकित भयो । पछि सरकारले त्यो गरिब व्यक्तिलाई बोलाएर सोध्यो -'त्यो भन्ते तपाईंको को पर्छ ? तपाईंले केहि जादु गर्नुभएको हो कि ? कहाँबाट सिकेको, कसरी जानेको ?' भनि प्रश्न गरियो । ती गरिबले जवाफ दिए 'त्यो भन्ते मेरो कोही पर्दैन, म केही पनि जादु जान्दिनँ । केही दिन अगाडि बाटोमा भेट्दा ३ वर्ष मेहनत गरी कमाएको १२ रुपियाँले भन्तेलाई भोजन दान दिएर दुवैजना रंगुन आएका थियौं । उहाँ आफ्नो बाटोमा लाग्नुभयो, म आफ्नो बाटो लागेँ । म एकदम गरिब छु । मलाई विहान-बेलुकाको छाक टार्न समेत धौ-धौ छ । यहि नै सम्बन्ध छ मेरो र भन्तेको । अरू केही थाहा छैन ।'



Downloaded from http://dhamma.digital

त्यस गरिबको कुरा सुनेर राजाले 'धन्य तिम्रो श्रद्धा ! राजा भएर पनि मसँग यति श्रद्धा छैन । तिम्रो श्रद्धालाई मान्नुपर्छ । भगवान् बुद्धको पालामा मात्र एक सावक ब्राह्मणले आफूसँग भएको एउटा धोती पनि दान दिएको भन्ने सुनेको थिएँ । अहिले पनि यस्तो महान् त्याग गर्ने व्यक्ति रहेछ भन्ने थाहा पाएँ' भन्दै सात पुस्तासम्म पुग्ने गरी धनसम्पत्ति, घरजग्गा, जमिनहरू उपहार दिए । त्यो व्यक्ति धेरै नै खुसी भयो । आफूले पाएको उपहार लिएर घर फर्केर परिवारलाई सबै कुरा भने -'पुण्यरूपी खेतमा बीउरू रोपेअनुसार आज फल पाएँ । झट्ट दिएको दानको फल छिट्टै पाउने रहेछ ।' त्यरूपछि तिनीहरू सधैं विहारमा जाने, दान दिने, भगवान् बुद्धको पूजा गर्ने, भन्ते, गुरुमाँहरूको सेवा गरि सुखी जीवन बिताउन थाले ।

## ■ पूर्वजन्मको विषय

गजब लाग्छ पूर्वजन्मको कुरा मानौं या नमानौं । जसले भोग्छ उसैलाई मात्र थाहा हुन्छ । जस्तै दलाई लामालाई १६ औं अवतारी भनिन्छ । त्यस्तै हाम्रो मागुण गुरुमाँलाई पनि पहिलाको जन्मको कुरा थाहा छ । पहिला उहाँ स्वयदगै चैत्यमा फूल बेच्ने माली हुनुहुन्थ्यो । अहिले उहाँ गुरुमाँ भएर बस्नु भएको छ । उहाँ हाम्रो नेपालमा लगातार ३२ वर्ष बस्नुभयो । उहाँले बुद्ध धर्मको लागि नेपालमा बसेर धेरै नै दुःख कष्ट गर्नु भएको थियो । नेपालमा बुद्ध धर्मको लागि निस्वार्थ भावनाले धेरै योगदान दिनु भएको छ । अहिले उहाँ ८६ वर्षको हुनुभयो ।

त्यस्तै अर्को धम्मावती गुरुमाँको दातामाँको अचानक मृत्यु भएछ । मृत्यु भएपछि दातामाँको बुहारीको कोखमा जन्म लिनुभएछ । पहिला दातामाँ श्रीमती थिइन् भने अहिले हजुरआमा । सधैं हजुरआमासँगै सुत्नुपर्ने । हजुरआमासँग सुत्न नपाए रातभरि रोएर बस्ने । अनि हजुरआमासँग सुत्न पाएपछि चुप लागेर बस्थे । त्यो दातावा बैंकको मेनेजर हुनुहुन्थ्यो । उहाँले बैंकको सबै हिसाव किताव हेर्नुहुन्थ्यो । त्यसैले अरू कर्मचारीलाई बैंकको कारोबारबारे राम्रो थाहा थिएन । जसले गर्दा सबै कर्मचारीलाई समस्या परेको थियो । पहिला श्रीमती अहिले बज्यै भएको भनिएकोले उहाँका सबै लुगा भतिजा अथवा बच्चाको बुबाको लुगासँग मिसाएर दियो । तर त्यो बच्चाले सबै आफ्नो लुगा मात्र छानेर लियो । घरको मानिस अनि सबै परिवारलाई विश्वास भयो । तर अफिसको हिसावको लागि समस्या भयो । त्यो बच्चा ५ वर्षको भएपछि अफिसको सबै हिसाव पनि राम्रोसित गरिदियो । अफिसको कर्मचारीदेखि हाकिम सबै खुसी भए । म १९८१ मा त्यही दातामाँसँगै बर्मा गएको थिएँ । अहिले



Downloaded from http://dhamma.digital

त्यो केटा ठूलो भइसक्यो । यस्तै बर्मामा पूर्व जन्मको कुरा भन्नसक्ने धेरै मानिसहरू छन् ।

यसै प्रसङ्गमा दुईजना केटाहरूको घटना पनि छ । ती दुईजना साथीहरू साह्रै नै मिल्ने । जहाँ गएपनि सँगै जाने, सँगै खाने, सँगै सुत्ने गर्दथे । तर ठूलो भएपछि आफ्नो-आफ्नो विवाह कर्म गरेर छुट्टा छुट्टै बसेर जीवन बिताउन थाले । दुवैजना आफ्नो-आफ्नो काम गरेर दुःख सुख गरी बस्न थाले । ती दुईमध्ये एकजनाको समुद्रमा पानी जहाज डुबेर मृत्यु भयो । उनको श्रीमती चाहिँ श्रीमान् नभएपनि बच्चाहरू पालेर दुःख सुख गरेर बस्न थाले । त्यस्तै अर्को चाहिँको मुटुमा समस्या भई अचानक मृत्यु भयो । दिन, महिना, वर्ष हुँदै केही समय पछि एउटा टाढाको गाउँमा दुवैजना गंगा जमुना भएर जन्म लिए । दुवैजना खुब मिल्थे । जब तिनीहरू दुई-तीन वर्षको हुँदै आयो तब उनीहरूलाई पहिलाको जन्मको याद आउन थाल्यो । र विचार गर्न थाले कि हामी दुवै पहिला केटा थियौं । हामीमध्ये एकको समुद्रमा डुबेर मृत्यु भयो भने एकको मुटुको समस्याले । अहिले चाहिँ हामी किन केटी भएर जन्मिएको होला ? हाम्रा श्रीमती अनि बच्चाहरू पनि फलानो गाउँमा छन् ।

केही वर्षपछि हिँड्न सक्ने भएपछि सबै कुरा भन्नुपर्‍यो भन्ने विचार गरी आफ्ना आमाबुबालाई यसबारे सबै सुनाए । अहिलेका आमाबुबा यो सबै कहानी सुनेर छक्क परेछन् । सोच्नै नसक्ने यो संसार कस्तो रहेछ ? हो, होइन थाहा पाउनको लागि हामी आफै पुर्‍याइदिन्छौं भनि आमा बुबाले दुवैजनालाई लिएर गएछन् । दुई तीन दिन हिँडेर गाउँमा पुगेर आ-आफ्ना श्रीमती, छोराछोरीलाई खोज्दा श्रीमती चाहिँ बूढी भइसकेको र छोराछोरी तरुण तरुणी भइसकेको पाए । दुवैले आ-आफ्ना घरमा गएर आफ्नो पहिलेको जुनीबारे भने तर कसरी पत्याउने ? पत्याउनै सकेनन् । उनीहरुले पहिलेका आ-आफ्ना घटना सुनाए । उनीहरुको कुरा साँचो हो वा होइन भनी पत्ता लगाउन पहिलेका लुगाहरु बच्चाहरूको लुगासँग मिसाइदिए । त्यो पनि छुट्याएर लिए । तर पनि नपुगेर पहिला श्रीमतीसँग गर्ने कुराकानीबारे सुनाए । अनि बाहिरको मान्छेसँग लिनुपर्ने पैसा पनि लिइदिए । यसरी धेरै कुराहरू प्रमाणित भएपछि पत्याउनै पर्‍यो । अनि सबैजना खुब रोए । यो संसार गजबको छ । अहिले त्यो केटा ठूलो भइसकेको छ भने श्रीमती चाहिँको मृत्यु भइसकेको छ ।

यस्तै म सन् १९८१ मा बर्मामा पढ्न जाँदा मोलमिन खेमारामा तिलासे सातँतेइ भन्ने हाम्रा गुरुमा देपञ्या र दोफया हुनुहुन्थ्यो । उहाँहरूले १५० जना



Downloaded from http://dhamma.digital

गुरुमाँहरू पालिराख्नु भएको थियो । त्यहाँ धेरै टाढाबाट आउनुभएका मावीसारी अनागारिका नाम गरेका एकजना गुरुमाँ हुनुहुन्थ्यो । यहाँले बताउनुभएअनुसार बर्मामा हिन्दी भाषा बोल्ने कोही पनि गुरुमाँहरू छैनन् । उहाँ त्यो बेला १४ वर्षको हुनुहुन्थ्यो । उहाँले हिन्दीबाट भन्नुभयो कि उहाँको पहिलो जन्म भारतको कुनै एक गाउँमा भएको थियो । भारतबाट खोला तरेरै बर्मा पुग्न सकिन्थ्यो । भिसा, पासपोर्टको जरुरत थिएन । त्यतिबेला उहाँको विवाह भएर दुई छोरा र दुई छोरीको जन्म भयो । उहाँले गाईभैंसी पालेर खोला पारी गई दूध बेचेर जीविका चलाउने गर्नुहुन्थ्यो । पछि भाडा पखाला लागेर पानी पनि खान नदिएकोले मृत्यु भयो । उहाँको पहिलादेखि नै बर्मा जाने ठूलो इच्छा थियो । त्यही भएर बर्माको गाउँमा गरिब कुलमा केटी भएर जन्म लिनुभयो । 'अहिले यहाँ आएर गुरुमाँ भएर बसेको छु । पहिलाको जन्ममा पुरुष थिएँ । अहिले भारतमा मेरा श्रीमती र छोराछोरी पनि छन् । तर जानलाई गाह्रो छ । साथै पत्याउँदैनन् पनि होलान् । त्यसैले जान पनि मन छैन' भनि अलि अलि हिन्दी र बर्मेली भाषामा भन्नुभएको थियो । त्यसैले ती गुरुमाँ र मागुण गुरुमाँको फोटो राखेको छु । यस्ता धेरै घटनाहरू छन् ।

भगवान् बुद्धको सिद्धान्तअनुसार जबसम्म तृष्णा हुन्छ तबसम्म जन्म लिइरहनुपर्छ । जब राग, द्वेष, मोह र तृष्णालाई ध्यानबाट काट्न सकिन्छ तबमात्र पुनः जन्म लिनुपर्दैन । किनभने जन्म लिने बीऊ नै छैन भने कहाँबाट जन्म हुन्छ ? जबसम्म तृष्णा हुन्छ तबसम्म जन्म लिनु पर्दछ । जन्म लिएपछि दुःख त भइ नै रहन्छ । यो सबै आफैले गरेको कर्मको फल हो । जन्म लिन नपर्ने काम गर्ने कोसिस गर्नुपर्दछ । अवश्य पनि जन्म मरणबाट अलग भएपछि मार्ग फल प्राप्त गर्न सकिन्छ ।

## ■ वईको घटना

वई भन्ने ठाउँमा पुग्न दुई दिन र दुई रात जानु पर्दछ । म र मेरा दातामाँ धोखेस्वन्यो उहाँको आमा जन्मनुभएको ठाउँमा गएका थियौं । त्यहाँ भुजंच्याउ भनिने साना-साना प्राउन माछा, कफी, ङ्छ्याउ र धेरै माछा उत्पादन हुन्छ । बर्मीहरूको प्रायजसो खाना वईमा पाइन्छ । हामी दुवैजना रंगुनबाट बस चढी मोलमिन, दवैइ, एमु, कलेम्यु हुँदै वईमा पुग्दा रात परिसकेको थियो । यहाँका मान्छे धेरै सिधासाधा, श्रद्धावान् अनि प्रायः सबै बुद्ध धर्मावलम्वी रहेछन् । जोसुकै मानिसहरू भगवान् बुद्धप्रति आस्थावान, सबै विहारमा गएर पञ्चशील लिएर ध्यान बस्ने गर्दछन् ।



Downloaded from http://dhamma.digital

विपश्यना ध्यानबारे सबैलाई जानकारी छ । उहाँहरू भन्नुहुन्छ - 'एकदिन मर्नुपर्छ । सबै छोडेर जानुपर्छ । त्यसैले ध्यानले मन, चित्त सफा गरिदिन्छ ।

यहाँ भुजं उत्पादन हुन्छ भनिन्छ । मैले प्राणी हिंसा नगरी त कसरी उत्पादन हुन्छ भनी प्रश्न गर्दा उनीहरूले पाँचवटा शीलमा एउटा नलिने बताए । जति पालना गऱ्यो त्यति आफूलाई फाइदा हुन्छ । प्राउन माछा तथा विभिन्न माछाहरू समात्ने गाउँमा पनि गएँ । आफ्नो पेट पाल्नको लागि अनि परिवार चलाउनको लागि काम नगरी हुँदैन भनी त्यहाँका वासिन्दाहरु बताउँछन् ।

माआई भन्ने एउटा ठाउँ छ, जहाँ पुग्नको लागि समुद्र तरेर जानु पर्दछ । अर्को एउटा लेमलो भन्ने ठाउँ छ । त्यो ठाउँमा बस्ने सबैजसो महिलाहरूले विवाह गरेका छैनन् । तिनीहरू माछा मारेर बेच्ने अनि आफूहरू खुसीसँग बस्ने र दानधर्म गर्ने गर्दछन् । तिनीहरू त्यो काम सोखको लागि नभएर जीविका चलाउनको लागि गरेको हो भन्ने थाहा पाएँ । किनभने समुद्रको बीचमा अन्य तरकारी पाइँदैन । तरकारी किन्नु परे माछा बेच्ने जहाजबाट दुई घण्टा लगाएर शहर पुग्नुपर्छ । माछा बेचेर नै चामल, तेल, सागसब्जी किन्नुपर्छ । हिँडेर जाने ठाउँ नै छैन । डुंगाबाट मात्र जान सकिन्छ । त्यसैले सानादेखि ठूला सबैले डुंगा चलाउन र पौडी खेल्न जान्दछन् । उनीहरूलाई पानीदेखि अलिकति पनि डर लाग्दैन । पानीमाथि नै छाप्रो बनाएको हुन्छ, जहाँ सुत्ने, बस्ने, सबै गरिन्छ । सबैको छाप्रोमा भगवान् बुद्धको मूर्ति राखेको पाएँ । विहान सबेरै उठेर पानी, खाना राखी पूजापाठ गर्ने चलन छ । माछा समात्न जाँदा 'यो मेरो काम हो, खेतबारी केही छैन। पेट पाल्न र बच्चाहरूको पालनपोषणको लागि हो माफ गर्नुहोला' भनी भगवान् बुद्धलाई पहिला प्रार्थना गर्दा रहेछन् ।

Dhamma.Digital

म पुग्दा समुद्रको पानी माथिसम्म आएको थियो। सुत्नेदेखि लिएर दिसापिसाप पनि पानीमाथि नै गर्नुपर्ने रहेछ । भिक्षु भिक्षुणीहरूको नियममा पानीभित्र अथवा पानीमा दिसापिसाप गर्नु हुँदैन । त्यसैले मलाई डर लाग्यो । म त समुद्रको बीचमा छु कहाँ जाने होला ? मैले पनि भगवान् बुद्धसँग माफी माग्दै पिसाव गरें । राती चर्पीमा जाँदा त पानी एकथोपा पनि थिएन । म गजब भएँ अनि यो के भएको होला भनेर दायाँ बायाँ हेरें । तैपनि मनमा आकुल व्याकुल भयो अनि त्यसै सुतें । भोली विहान जाँदा त फेरि पानी भरिभराउ देखें । यो देखेर धकमाजीको नाती ओच्योलाई सोध्दा थाहा भयो कि पानी दिनको दुई पटक माथि आउँछ अनि जान्छ । गजव छ संसारमा प्रकृतिको नियम । यो समुद्रमा मैले कहिँ पनि संग्रहालयमा नदेखेका



Downloaded from http://dhamma.digital

माछाहरू देखें । वईबाट आएको ङपी, प्राउन माछा धेरै नै नाम चल्ने रहेछ । पानीमाथि जीवन बिताउनु पर्छ । भगवान् बुद्ध जस्तो शान्तिको अग्रदुत रक्षक कोही पनि छैनन् । त्यसैले बच्चाहरूलाई बौद्ध धर्मको पाठ पूजा गर्ने संस्कार सिकाएर राखेको छु भन्छन् त्यहाका मानिसहरू ।

एकदिन तिनीहरूमध्येको एउटा परिवार सहर गएको रहेछ । सहरबाट फर्किंदा अचानक पानी बढेर आएकोले बीचमै डुंगा पल्टियो । आमा चाहिँले बच्चा समातेर बसे भने बुबाचाहिँले डुंगा समातेर । अनि बच्चाले आमाबुबालाई धन्दा नमान्नु भगवान् बुद्धको नाम लिनु अपाद हटेर जान्छ । म चाहिँ पौडी खेलेर घरमा जान्छु तपाईहरू डुंगाबाट आउनु, भगवान् बुद्धले रक्षा गर्नुहुन्छ भनि भन्यो । मर्न भनेपछि सबैजना डराउँछन् तर के गर्ने हुनुपर्ने भैहाल्यो । त्यसैले एकछिन त डराएँ । सोचे कि माछा मारेको पापले होला आज यस्तो भएको । अबदेखि यस्तो काम गर्दिन अरू नै काम खोज्न जान्छु भन्दै भगवान् बुद्धको नाम लिई सूत्र पाठ गरें । बच्चा समातेर पनि कसरी हो डुंगामा बस्न सके र घर फर्किए । बच्चालाई भगवान् बुद्धको उपदेश तथा ज्ञान सिकाइराखेकोले आवश्यक परेको बेलामा काम लाग्यो भनी खुसी सुनाए । उनीहरू फुर्सद भएको बेलामा सातिपठ्ठान ध्यान पनि गर्दा रहेछन् । त्यसो त बर्मामा दान, शील, ध्यान गर्ने बानी सबैजसोको छ । भगवान् बुद्ध नेपालमा जन्मनु भयो तर प्रचार प्रसार बर्मामा भयो । नेपालीहरूमा हिन्दू बाहुल्यता बढी भएकोले बुद्ध धर्ममा आस्था कम भएको हो । भगवान् बुद्ध हाम्रै बाजे बराजु त हुन् नि । उहाँको शिक्षालाई लिन सकेनौं ! त्यही भएर अहिले नेपालमा शान्ति भएन । नैतिक शिक्षा, बौद्ध शिक्षा बच्चादेखि बुढाबुढीसम्म सबैलाई अत्यन्तै आवश्यक पर्दछ । बर्मामा सबभन्दा राम्रो भनेको आफ्नो चित्त शुद्ध गर्नको लागि ध्यान गर्ने बानी नै हो । श्रद्धा भनेको सबैमा बराबर हुँदैन । त्यस्तै नेपालीहरूमा भन्दा बर्मीहरूमा श्रद्धाभाव बढी नै देखिन्छ । बर्मामा दुई-तीनवटादेखि लिएर पाँचवटासम्म पनि शील पालना गर्दछन् भने हरेक विहारमा उपासक उपासिकाहरूले ध्यान गर्ने गर्दछन् । उहाँहरू भन्ने गर्नुहुन्छ कि मार्ग निर्वाण जाने ध्यान भनेको केवल एउटा मात्र सतिपठ्ठान ध्यान हो । दान, शील, ध्यान गर्दा आफैलाई फाइदा हुन्छ । पाप धर्म भनेको कुरा चित्तले नै गर्ने हो त्यसैकारण मन चित्त राम्नु नै ठूलो कुरा हो । यसैले यसलाई शुद्ध गर्नुपर्दछ ।



Downloaded from http://dhamma.digital

## ■ चश्मा भएको बुद्धमूर्ति

२०६८ श्रावण १५ गते, ३१ जुलाई २०११ मा रंगुनबाट ८ घण्टाको दूरीमा प्ये भन्ने ठाउँमा पुगियो । त्यहाँ पुगेपछि गुरुमाँहरू कसरी जीवन बिताइरहेका छन् भन्ने कुरा थाहा पाएँ । भिक्षा लिएर जीविका चलाउने बर्माको चलन नै रहेछ । जताततै भन्ते, गुरुमाँहरू अनि चैत्यहरू मात्र देखिन्थे । रंगुनबाट ८ माइल दक्षिणतिर चश्मा भएको बुद्धको मूर्ति रहेछ । मलाई आश्चर्य भयो कि बुद्धको मूर्तिमा पनि चश्मा, त्यो पनि सुनको । चश्मा किन राखिएको भन्नेबारे एउटा कहानी प्रस्तुत गर्न चाहन्छु ।

पाँचौं शताब्दीको कुरा हो । सुवर्णभूमिको पछाडि एउटा चैत्य थियो । राजा दुतभागा र उनकी श्रीमती रानी पेतनो चन्द्रदेवी दुवैजना यहाँ आएर भगवान् बुद्धको पूजा गर्ने अनि त्यहिँ रात बिताउने गर्थे । एकदिन रानीले आफू सुतिरहेको ठाउँ पछाडि भगवान् बुद्धको मूर्ति राख्ने ठाउँ छ, त्यहाँ भगवान् बुद्धको मूर्ति राख्नुपर्छ भनि सपना देखे । सपनाको कुरा राजालाई सुनाए । दुवैजना पछाडि गएर हेर्दा खाली जग्गामा प्रकाश आएको देखे । त्यही समयमा नै भगवान् बुद्धको मूर्ति राख्ने निर्णय गरी राजा र रानीले तमाइ वे स्वेमेमा फया स्थापना गर्नुभयो ।

सन् २५० मा मूर्ति स्थापना गर्दा चश्मा लगाइएको थिएन । राजा दुतभागंको आँखा अनौठो प्रकारका थियो । उनको नानी देवताको आँखा अथवा देवचक्खु जस्तो थियो । साधारण मान्छेको जस्तो नभई कसैले नदेखेको कुरा ती राजाले देख्ने गर्थे । संजोगवश राजाको आँखा बिग्रिएछ । आँखा बिग्रिएपछि दुःख मानेर धेरैलाई देखाएछन् । तर पनि निको भएन । यसै क्रममा एकजना ज्योतिषलाई देखाउँदा महाराजले स्थापना गरेको भगवान्को मूर्तिलाई चश्मा दान दिनुपर्छ भनि भनेछन् । भगवान्लाई चश्मा राखिदियो भने तपाईंको आँखा फेरि पहिलाको जस्तै हुनेछ सल्लाह दिएछन् ।

राजाले पनि चश्मा बनाएर भगवान् बुद्धको मूर्तिमा लगाइदिएछन् । त्यसपछि पहिलेको भन्दा पनि राम्रोसँग देख्ने भएछ । राजा रानी दुवैजना अत्यन्त खुशी भए । चश्मा भएको भगवान् बुद्धको मूर्ति यही तमाई वे स्वेमेमा मात्र छ । सन् १२२७ मा म्यानमार सरकारले चासो लिनु लियो । भगवान् बुद्ध कति शक्तिशाली छन् भनेर थाहा पाए ।



Downloaded from http://dhamma.digital

सन् १२४७ मा राजा तिवोको पालामा ब्रिटिशहरु भारतबाट बर्मामा आए । उनीहरुलाई धर्ममा विश्वास थिएन । खाली काम गर्ने, बच्चा जन्माउने र खाने मात्र थाहा थियो । ब्रिटिसहरू क्रिश्चियन धर्म मान्दथे । उनीहरू खाली अरूलाई काम गराउने अनि सताउने गर्दथे । एकजना ब्रिटिसकी श्रीमती हर्तनोलाई अचानक आँखाको रोग लाग्यो । आँखा झन्-झन् दुख्न थाल्यो । श्रीमान्चाहिँ ब्रिटिस हाकिम थिए । त्यसैले धेरै वैध धामीहरूलाई देखाए । जतिसुकै पैसा खर्च गरेर औषधी उपचार गरे पनि निको हुन सकेन । त्यसैबेला बर्मीहरूले भगवान् बुद्धलाई चश्मा दान दिए निको हुन्छ भन्ने सल्लाह दिए । तर दुवैजनालाई विश्वास नै भएन । किनभने कति औषधी राख्दा पनि निको नभएको आँखा चश्मा दान दिएर कसरी निको हुन्छ भन्दै विश्वास नै गर्न सकेनन् । औषधी गर्नको लागि ब्रिटेन गए, तर केहि लागेन । पछि प्ये स्वमेमाइ फर्केर ९.८ किलोग्रामको चश्मा बनाएर भगवान् बुद्धलाई लगाइदिए । भगवान् बुद्धको मूर्तिमा चश्मा लगाइदिएपछि विस्तारै आँखा दुखेको दिन प्रतिदिन निको हुँदै गयो । आँखा पहिलाको भन्दा झन् राम्रो भयो ।

स्वेमेमा फयामा आँखाको रोग लाग्दा चश्मा दान दियो भने निको हुन्छ भनि प्रचार भयो । कोही दान दिन्छन् भने कोही चोर्ने पनि छन् । यो संसार यस्तै छ । ब्रिटिस सरकारले दिएको चश्मा पनि पछि हरायो । पछि उ हलको श्रीमती दो खि खि विनले सन् १३६२ मा ३९ तोलाको सुनको चश्मा बनाएर भगवान् बुद्धलाई दान दिए । कसैको आँखाको रोग भयो भने चश्मा दान दिने चलन अहिले झन्-झन् बढ्न थालेको छ । चश्मा दान दिन आउनेको संख्या धेरै नै छ ।

सन् २००० मा एकजना भारतीय नागरिकले एक किलो सुनको चश्मा चढाएको थियो । अहिले भगवान् बुद्धको मूर्तिमा त्यही चश्मा लगाइएको छ । उनको पनि आँखा दुखेर अन्धो हुने सम्भावना भइसकेको थियो । बर्माको यो मूर्तिमा चश्मा चढाउँदा निको हुने कुरा सुनेकोले श्रद्धा उत्पन्न भएछ । यदि आँखा नै नरहे यो धनसम्पत्ति के काम भनी आफ्नो चित्तलाई जितेर चश्मा दान दिनुभएको थियो । दान भनेको त्याग, लोभ चित्तलाई जिताउने हो । त्यसैकारण दशपारमीता दान पारमी सबभन्दा पहिला राख्नु भएको छ । आफूसँग भएको सम्पत्ति केही न केही दान दिनुपर्छ । यो मनुष्यको कर्तव्य हो । त्याग गर्दा मनमा शान्ति प्राप्त हुन्छ । दान गर्दा केही लोभ चित्त राखेर गर्नु हुँदैन । शुद्ध चित्तले दान दिनुपर्छ । यो दान दिएपछि यो प्राप्त होस् भनि आशा गर्नु हुँदैन ।



Downloaded from http://dhamma.digital

तर चश्मा दान दिँदा आँखाको रोग निको हुन्छ भने त्यो पनि लोभ नै हो । अहिले त रोग नभए पनि धेरै व्यक्तिले चश्मा दान दिइरहेको देखेको छु । यो स्वेमेमा फया चश्मा भएको भगवान्को ठाउँ धेरै रमणीय जंगलको बीचमा छ । अलि टाढा गएमा बर्माको ऐरावती नदी छ । बर्मामा ऐरावती नदी भनेको धेरै नै नाम चलेको महत्वपूर्ण नदी हो । कसैले पैसा खर्च गर्न सक्छ भने शरिर बलियो भएको बेलामा घुमाइदिने कोही छ भने विना हिचकिचाहट गएर दर्शन गरेर आउनुपर्ने ठाउँ हो । अल्छी भएर बस्यो भने आफैलाई नै हानी हुन्छ । समयले पर्खेर बस्दैन समयसँग सगै जीवन पनि बित्दै जान्छ ।

## ■ एउटा शील पालन गऱ्यो भने पाँचैवटा पालन गर्न सकिन्छ

यो कहानी म्यानमारमा भएको घटना हो । एउटा गाउँमा दुई प्रेमी र प्रेमिका थिए । उनीहरू दुवैजना जहाँ गए पनि सँगै जाने, सँगै खाने गर्दथे । केटाले यसरी कति बस्नु ? विवाह भए सधैं सँगै बस्न पाइन्छ भनि विचार गऱ्यो । तर केटाचाहिँको सानो भुप्रो मात्र भएको साह्रै नै गरिब परिवार थियो । अरू सम्पतत्तिका साथै आमाबुबा पनि थिएनन् । तर केटीको आमाबुबा धेरै नै धनी थियो । धनी आमाबुबाले छोरीको लागि गरिब केटालाई स्वीकार गर्न धेरै नै गाह्रो हुन्छ । अब के गर्ने केटा-केटी अलग पनि बस्न सक्दैनन् । प्रेमीविना प्रेमिका बस्न नसक्ने, प्रेमिकाविना प्रेमी बस्न नसक्ने साह्रै नै गाह्रो भयो । प्रेम भनेको अन्धो हुन्छ भनेजस्तै उनीहरूलाई धनी गरिबको कुनै मतलब नै भएन । उनीहरू प्रेम भनेको देवता हो भन्दछन् ।

एकदिन दुवैजना मिलेर विवाहको लागि कुराकानी गरे । यसरी अलग बस्न धेरै गाह्रो भयो त्यसैले सिस्नु मात्र खानुपरे पनि दुवैजना आनन्दसँग बस्ने विचार गऱ्यो । तर केटीले सोच्यो म त एक्लै छोरी भएकोले आमाबुवालाई पनि दुःख दिनु हुँदैन । मैले भागेर विवाह गऱ्यो भने आमाबुबाको चित्त दुख्छ । त्यसैले मलाई मेरो आमाबुबासँग माग्न आउनु । उहाँहरूले खुसी भएर विवाह गरिदिनु हुन्छ अनि यही घरमा आमाबुबाको सेवा गरेर बस्ने भन्यो । विचरा केटाले एकजोर लुगा पनि राम्रो लगाएको थिएन । तैपनि विवाह गर्ने बेला भइसक्यो हुन्छ त भनी बेलुकातिर केटीको घरमा गएर आमाबुबासँग छोरी माग्न आएको कुरा बतायो । केटीको बुवा अलि घमण्डी खालको थियो । उनी ज्ञानी, बुद्धिमानी, राम्रो भन्दा पनि पैसा हेर्ने खालको थियो । उनले केटालाई मेरो छोरी लानलाई तिम्रो कति सम्पत्ति छ भनि प्रश्न



Downloaded from http://dhamma.digital

गरेछन् । केटाले पनि मसँग धेरै धन सम्पत्ति छैन एउटा सानो छाप्रो छ । म तपाईंकी छोरीलाई विवाह गरेर दु:ख दिने छैन । हामी दुवैजना एकअर्कालाई मन पराउँछौं । विवाह गरिसकेपछि कमाएर खुवाउने छु भनि जवाफ दिएछ । बुबाचाहिँले धनसम्पत्ति नभएको मान्छेले मेरो छोरीलाई कसरी पाल्न सक्छ ? जबसम्म छोरी पाल्न सक्ने धन सम्पत्ति हुँदैन तबसम्म मेरी छोरी दिन सक्दिनँ । धन सम्पत्तिले पूर्ण नभएसम्म यो घरमा नआए हुन्छ भनेछन् ।

केटा ठूलो आशा गरेर गएको थियो तर रुखबाट खसेझैं भयो । तर त्यो केटीलाई आफ्नो मन दिइसकेकोले जसरी भए पनि प्राप्त गर्ने इच्छा हुनै नै भयो । अब त्यो केटीलाई विवाह गर्न धन सम्पत्ति नकमाइकन भएन तर धन सम्पत्ति कहिले र कसरी कमाउने ? व्यापार गरौं भने पनि पहिला पैसा चाहिन्छ । ज्यामी काम गरेर कहिले कमाउने भनि विचार गर्न थाले । यस्तैमा छिटो कमाउनको लागि चोर बन्ने विचार गरे । तर चोर्नको लागि पनि कहिँ न कहि त जानु पऱ्यो । तर कहाँ जाने ? सबभन्दा सजिलो त विहारमा राखेको चन्दा बाकस चोर्नु हो भन्ने विचार आयो । विहारमा भगवान् बुद्धको मूर्ति सफा गर्न, संघलाई भोजन दान दिन, रोगीहरूको सेवा गर्न, विहारमा सुन छाप्नको लागि विभन्न प्रकारका चन्दा वाकस राखेको हुन्छ । त्यो चन्दा वाकस चोर्दा धेरै नै पैसा पाइन्छ अनि घरजग्गा सम्पत्ति बनाउँछु र आफ्नो प्रेमिकालाई विवाह गरेर परस्पर मिलेर सुखपूर्वक जीवन बिताउने छु भन्ने विचार गरी विहारमा चोर्न गएछन् । म्यानमारमा ठूलो ठूलो विहारमा एक दुई सय भिक्षु भिक्षुणीहरू हुन्छन् । त्यो केटाले चोर्न गएको विहार पनि ठूलो नै थियो । त्यहाँ भएका भिक्षुहरूमध्ये एकजना बूढा गुरु भिक्षु पनि थिए । १० बजे सुत्नुपर्ने नियम थियो । तरुण भिक्षुहरू सबै सुत्न गएछन् । तर त्यो बूढा भिक्षुलाई निन्द्रा नलागेकोले ध्यान गरेर बसेछन् । त्यो चोर केटा विहार भित्र जाँदा भगवान् बुद्धको अगाडि चढाएर राखेको फलफूल देख्यो । चोरले खान नपाएको धेरै दिन भएको थियो । भगवान्को अगाडिको फलफूल देखेर भोकलाई रोक्न नसकेर चोर्न खोज्दा विहारको नाइकेले देखिहाल्यो र भन्यो - 'हे चोर भगवान्लाई चढाइराखेको फलफूल खानु हुँदैन ।' चोरले 'मलाई असाध्य नै भोक लागेको छ । म त चन्दा वाकस चोर्न आएको थिएँ । तर भोक लागेकोले फलफूल देखेर खान लागेको हो' भनि भन्यो । भन्तेले भन्नुभयो 'जसले पञ्चशील पालना गर्छ त्यसले मात्र खान सक्छ र अरूले खानु हुँदैन । चोरले पञ्चशील भनेको के हो भनि प्रश्न गर्दा भन्तेले पाँचवटा शील पालना गर्नेलाई पञ्चशील भनिन्छ भनि भन्नुभयो । पञ्चशीलमा कसैलाई नमार्ने, कसैको नचोर्ने, आफ्ना श्रीमान् र श्रीमती बाहेक अरूसँग नलाग्ने, झुठा कुरा नगर्ने,



Downloaded from http://dhamma.digital

अम्मल पदार्थ सेवन नगर्ने पर्दछन् । यी पाँचवटा शील पालना गर्न सके खाने नत्र खानु हुँदैन भन्यो ।

चोरलाई अत्यन्त भोक लागेको थियो र भन्यो 'म चोर हुँ । कसरी यी पाँचवटा नियम पालन गर्न सक्छु ?' उनलाई अरूको श्रीमतीसँग भोग गर्न आवश्यक छैन । त्यसैले यो त पालन गर्न सकिन्छ । यो पालन गऱ्यो भने खान सकिन्छ कि भन्दा हुन्छ भनि "कामेसु मिच्छाचारा बेरमणी सिक्खापदं समादियामी" शील ग्रहण गरी भन्तेले दिनुभएको फलफूल पेट भरी खायो । पेट भरेपछि भन्तेलाई वन्दना गरेर अर्को घरतिर चोर्न हिँडेछ । ठूलो घर भएकोले यहाँ धेरै धन सम्पत्ति हुनुपर्छ भन्ने लाग्यो । तर बूढो मान्छे खोक्दै बसेकोले त्यो बूढा सुत्न जान्छ अनि धेरै धन सम्पत्ति चोरेर आफ्नो प्रेमिकासँग विवाह गर्छु भन्ने कल्पना गरी घर पछाडिको पाटीमा लुकेर बस्यो । संयोगवश उनको प्रेमिकालाई आमाबुबाले धेरै धन सम्पत्ति भएको त्यहि बूढोसँग विवाह गरिदिएको रहेछ । छोरीचाहिँ त्यस्तो बूढोसँग को बस्छ भनी केही हिरा मोती लिएर घरबाट भागी आफ्नो प्रेमीलाई खोज्न जान्छु भनि जाँदा बूढो झ्यालमा बसी खोकी रहेको थियो । उनी बूढोले देख्ला भनि घर पछाडिको त्यही पाटीमा लुकेर बसेको थियो । एउटै पाटीमा लुकेर बसेका दुवैजना प्रेमी र प्रेमीकाको भेट भयो । दुवैजना धेरै नै खुसी भएर दुःख सुखको कुरा गरेर अब हामी विवाह गर्न जाने भन्दा केटाले 'म अरूको श्रीमतीसँग विवाह गर्न सक्दिनँ । किनभने मैले विहारमा भगवान्को अगाडि बसेर शील लिएर आएको छु । त्यसैले म शीललाई बिगार्न चाहन्न तिमी फर्केर जाऊ र त्यही बुढोको सेवा गरेर बस । तिम्रो लागि चोर बनेको थिएँ । अब तिम्रो बुबाको बचन पूरा गर्न चोर बन्न आवश्यक छैन र तिमीलाई विवाह पनि गर्दिन' भनी भन्यो । केटीले मेरो कुनै दोष छैन म तिम्रै नाममा बसेको छु भनि करायो तर पनि केटाले स्वीकारेनन् । यो सबै कुरा बूढो मान्छेले झ्यालमा बसेर सुनिरहेको रहेछ । पछि तल आएर बुढोले भन्यो -'अरूको अगाडि श्रीमती भए पनि यो मेरो छोरीजस्तै हो । तिमीहरूको कुरा सुनेर म तल आएको हुँ । अब तिमीहरू कहिँ जानु पर्दैन । एउटा शील पालना गर्दा त यति शुद्ध छौ भने पाँचैवटा शील पालन गर्न सके चोर, बदमास, लुच्चा कोही पनि हुँदैन । म तिमीहरूको विवाह गरिदिन्छु भनि विहारमा लगेर विवाह पनि गरिदिए । दुवैजनाले त्यो धनी बूढोलाई आफ्नै बुबा सम्झी स्याहार सुसार गर्न थाले । बूढोको कोही पनि सन्तान नभएकोले तिनीहरूलाई नै सन्तान सम्झी धर्मकर्म गरी मरेर गए । उनीहरू पनि प्रेमी प्रेमिका सँगै बस्न पाउँदा धेरै खुसी भए । यो सबै खुसी मेरो एउटा शील पालनले गर्दा भएको हो भनी पाँचैवटा शीललाई जीवनभर बिगार्ने छैन भनी ध्यान बस्ने, विहारमा जाने,



Downloaded from http://dhamma.digital

दानपुण्य गर्ने गर्न थाले । शील पालन गर्न गाह्रो भए पनि पालन गर्न सके आफूलाई फाइदा हुने हो । दुवैजना नकुलमाता र नकुलपिता जस्तै मिलेर मर्ने बेलामा लाने केही छैन भनि दान धर्म, कुशल कर्म गर्दै जीवन बिताए । हामीहरू पनि एकदिन त्यस्तै गरी जानुपर्दछ । मरेपछि आफूसँग लाने केही हुँदैन ।

## ■ कसैलाई पनि हेप्नु हुँदैन

च्यावडांमा एउटा परिवार छ । उनीहरूका चारवटा छोरा र चारवटी छोरीहरू छन् । छोराहरू सबैको विवाह भयो भने छोरीहरूको विवाह भएको छैन । छोरा पाउने आशा गरिरहेका आमाबुबा पहिलो छोरी पाउँदा खुसी नै भएका थिए । पछि लगातार अर्को दुईवटा पनि छोरी नै जन्मिँदा धेरै दु:खी भए । आफूलाई जे मनपऱ्यो त्यो पाउन सकिँदैन । तीन छोरी पाएपछि चारवटा छोरा लगातार जन्मियो । छोरो पाउँदा खुसीको सीमा नै भएन । जन्मिनासाथ कमाएर खुवाउने जस्तो । छोरा र छोरीमा ठूलो भेदभाव गर्न थाले ।

आफैले पाएका छोरीहरू भए पनि नोकर जस्तो व्यवहार गर्ने अनि छोराहरूलाई माछामासु साथै मीठो मीठो कुराहरू खुवाउने र छोरीहरूलाई नुन र भात मात्र खुवाउने । यो देखेर छोरीहरू टुलुटुलु हेरेर मात्र बस्थे । आमा बच्चा पाउने छोरीहरू पालन पोषण गर्ने । बुवालाई जति छोरा भएपनि नपुग्ने र छोरी भनेपछि आँखाको धूलोजस्तै गर्थ्यो । कसैको अगाडि छोरीहरूले बुबा भनि बोलाए भने घरमा आएर सजाय दिने गर्थे । छोरीहरूलाई धेरै नै दु:ख थियो । घर नजिक एउटा विहारमा छोरीहरू मिलेर जाने र दान, शील र ध्यान सिक्ने, कथा सुन्ने गर्थे । विहारमा जाने गरेकोले जन्मनु नै दु:ख हो भनी थाहा पाए । बुबालाई मन नपरे पनि घरको काम सकाएर धर्मको लागि विहारमा जाने गर्थे । उनीहरूलाई बुद्ध धर्म संघप्रति ठूलो भरोसा थियो । त्यसैले धर्मलाई रक्षा गऱ्यो भने धर्मले हाम्रो रक्षा गर्छ भन्ने विश्वास थियो । आमाबुबाले छोराहरूलाई मात्र स्कूल पठाउने अनि माया गर्ने तर छोरीहरूप्रति भगवान् बुद्धले सिकाउनु भएको उपदेश आमावुवाको कर्तव्य भन्ने एउटा पनि थिएन । जे भए पनि विहारमा जाँदा मन शान्त हुन्थ्यो । दश महिना पेटमा राखेर जन्म दिनु भएको छ, हुर्काउनु भएको छ । उहाँहरूले जन्म दिएर नै हामी यसरी विहारमा आएर ज्ञान गुणका कुराहरू सुन्न र ध्यान गर्न पाएका छौं । उहाँहरूले हामीलाई मार्नु त भएको छैन । त्यसैले गुण भनेको बिर्सनु हुँदैन भनि भन्दथे । अरू बहिनीहरूले भन्दा ठूलोले धेरै नै दु:ख पाएको रहेछ । खानाको लागि काम गर्नुपर्ने



Downloaded from http://dhamma.digital

भएकोले ठूलो छोरीले सानी बहिनीहरू बोकेर काम गर्न जान्थे । विहारका भन्ते, गुरुमाँहरूले गरिबहरूलाई धेरै माया गर्नुहुन्थ्यो । घरमा पेटभरि खान नपाएकाहरुलाई विहारमा पेटभरि खुवाउनुहुन्थ्यो । घरमा नोकरलाई जति पनि माया नगर्ने यो कस्तो न्याय होला ? विहारमा गएर दान शील र ध्यानबारे सिकेर उनीहरूलाई धेरै नै फाइदा भएछ । सबै दिदीबहिनीहरू मिलेर दु:खकष्ट गरी कपडाको पसल खोलेछन् । व्यापारबाट भएको १० प्रतिशत विहारमा गई दान दिने गदथे । दान, शील, ध्यान र उनीहरूको बोलीचालीको कारण व्यापार धेरै नै बढ्न थाल्यो । छोरीहरूले काम गरेको पनि नसहेर बिगार्न खोज्छन आमाबुवा । भाइबहिनी सात जनालाई हुर्काइदिइसक्यो तर पनि बुबाचाहिँले कहिले पनि जस दिएन ।

चारैजना छोरीहरूले विवाह नगरी बसेका थिए । छोरीहरू सबै मिलेर देशको इज्जत राख्नुपर्छ भन्ने खालको थियो भने बुबाचाहिँ घमण्डी र क्रोधी अनि मै हुँ भन्ने खालको थियो । बुबाले जतिसुकै मन नपराएता पनि खान नदिएतापनि कहिल्यै हतोत्साह नभइकन उत्साह गरेर काम गर्न थाल्यो । आमा बुबाको कर्तव्य पालन गर्नुभएन । त्यही भएर पढन नपाएकोमा अलि दु:ख छ । यो चाबरांमा सबैजना बुद्धिष्ट विहारमा जाने गर्छन् । सानैदेखि धर्म उपदेश सुन्ने बानी सबैको छ । आफूसँग पैसा छैन भने विहार वेयावचा गरिदिन्छन् । वेयावचा भनेको विहारको कामहरू गरिदिने हो । यसरी काम गरिदिँदा भन्ते गुरुमाँहरूले माया गरेर खाना खान दिनुहुन्थ्यो र अलिअलि अक्षर पनि सिकाउनु हुन्थ्यो । त्यतिकै भरमा अक्षर पढ्न र लेख्न जानेको छ । विस्तारै पसल खोलेर अहिले व्यापारी पनि भइयो र पैसा पनि कमाउन जान्यो । अब त दान दिन पनि सक्नेभयो । बहिनीहरूले यताउता गएर सामान ल्याइदिन्छन् । फुर्सदको बेलामा विहार जान्छन्, चुप लागेर बस्दैनन् । हप्ताको एकचोटी अष्टशील पालना गर्छन् । पञ्चशील कहिले पनि बिगार्दैनन् । धर्मकर्म गर्नको लागि विवाह नगरेकोले विहान बेलुका ध्यान गर्न भन्नै सजिलो भएको मान्दछन् । यस्तो गर्दा गर्दै ५० वर्ष पनि भयो । ठूलो दिदीले विवाह नगरे पछि अरू तीन जना बहिनीहरूले पनि गरेनन् ।

भाइहरू विवाह गरेर आ-आफ्ना श्रीमतीसँग बस्दछन् । पहिला छोरा जन्मिदा टोल छिमेकीलाई भोज खुवाएर कति खुसी भएको थियो । मिठो, मसिनो सबै छोराहरूलाई खुवाई एकदम प्यारले पालेर राखेको थियो । पछि छोराछोरीले आमाबुबा बूढाबूढी भएपछि वास्तै गरेनन् । एकचोटि आमाबुबालाई हेर्न आउन पनि फुर्सद छैन भन्छन्, खाना खुवाउने, सेवा गर्ने त कहाँ हो कहाँ ? पानी एकथोपा पनि खुवाएनन् । अब आमावुवालाई पहिला छोरीहरूलाई गरेको अन्यायप्रति पश्चाताप



Downloaded from http://dhamma.digital

भयो । छोरीहरू काम पनि गर्ने अनि विहारमा गई प्रवचनहरू सुन्ने भएकोले आमाबुबालाई सेवा गर्नुपर्छ भन्ने भावना भयो । त्यसैले आमाबुबाको एकदम राम्रोसित स्याहार सुसार गरी सेवा गऱ्यो । उनीहरूलाई के गर्न, के खान, कहाँ जान मनपर्छ सबै पुऱ्याएर राख्यो । छोरीहरू भन्दछन् कि एक चम्चा भोजन दान दिएको गुण त बिर्सन हुँदैन भने आमाले १० महिना पेटमा राखेर जन्म दिई हुर्काइ बढाएको गुणलाई कहिल्यै बिर्सन हुँदैन र हो उहाँहरूले कर्तव्य पुरा गर्नुभएन यो हाम्रो पहिलो जन्ममा राम्रो काम गरेर नआएको कर्मविपाक हुनसक्छ । पहिलो जन्ममा राम्रो काम गरेर नआएकोले यस्तो दुःख भोग्नु पऱ्यो । त्यसैले यो जुनीमा राम्रो राम्रो काम गरेर कुशल कर्मलाई बृद्धि गरेर जानुपर्छ भनी उनीहरू भन्दछन् । आमाबुबाको सेवा गर्नुको साथै आफूले सकेअनुसार दान गर्दै अहिले पैसा जम्मा गरेर भन्ते तथा गुरुमाहरूको लागि विहार बनाएर दान पनि दिन सक्ने भयो । उनीहरूले दान दिएको त्यो विहार म आफैले हेरेर आएको छु ।

छोरीहरूले आमाबुबाप्रति गर्नुपर्ने कर्तव्य पुरा गरेका छन् । अहिले कपडाका ठूला-ठूला पसल तीनवटा छन् । काम गर्नलाई केटीहरू राखेका छन्, त्यो पनि सबै विवाह नभएका मात्र । उनीहरूलाई तलवको साथै खान लाउनको पनि व्यवस्था गरिएको छ । कामदारहरूको साथमा आफूहरू पनि बेलुका ६ देखि ७ बजे सम्म मुगु छयादोको ध्यान गराउने गर्दछ । कोही कामदार ध्यान गर्न जान्छु भन्यो भने मालिक्नीहरूले नै खुसी भएर अनुमति मात्र होइन दाता बनेर ध्यानका साथै धर्म गर्न पठाउने गर्दछन् । 'धम्म हवे खखतित धम्मचारी' जसले धर्मलाई रक्षा गर्छ त्यसलाई धर्मले अवश्य पनि रक्षा गर्छ । जीवन संघर्षमय छ, सहन सक्नु पर्छ । जसले सहन सक्छ त्यही नै पछि माथिसम्म पुग्न सक्छ ।

Dhamma.Digital

## ■ थिरोसैं चेतिको इतिहास (चैत्य)

थिरोसैं चेति भनेको हल्लिएको चैत्य हो । चैत्यलाई कसैले पनि हल्लाउन सक्दैन । तर यहाँ एउटा यस्तो चैत्य छ जुन हल्लिन्छ । म आश्चर्यचकित भएँ । किनभने यो सिमेन्टले बनेको चैत्य ९० वर्ष अगाडि सैं अरह भन्तेले गजुर फेरेको बेला खुव हल्लिएको थियो रे । यहाँ आएर प्रार्थना गरि अधिस्थान गऱ्यो भने पूरा हुने विश्वास गरी अहिले धेरै विदेशीहरू अधिस्थान गर्न आउँछन् । यो चैत्य धेरै नै शक्तिशाली छ तर धेरै ठूलो छैन । भित्र विभिन्न प्रकारका सामानहरू राखेको यो चैत्य कहिले स्थापना भएको हो कसैलाई थाहा छैन । यो ठाउँमा विशेष गरेर सबै



Downloaded from http://dhamma.digital

बौद्ध धर्मावलम्बीहरू मात्र छन् । अरू धर्म मान्नेहरूले जति पैसा खर्च गर्छु भन्दा पनि त्यहाँको जग्गा लिन सकेको रेकर्ड छैन । यहाँ प्रायः पहाडहरूका साथै बुद्धका मूर्ति र चैत्यहरू देख्न पाइन्छ । केटीहरू प्रायजसो विवाह नगरी बसेका पाइन्छन् । उनीहरू भन्छन् कि विवाहपछि झन्झट हुन्छ । चार पाँच वर्ष सुखसँग बस्न पाएको छैन दुःख नै दुःख सुरु हुन्छ । ध्यान गरेर जीवन बिताउनु नै सुखको बाटो हो । सकेको कमाउने, धेरै पनि चाहिँदैन । भगवान् बुद्धले उपदेश दिएअनुसार काम गर्छौं, मर्ने बेलामा सुखपूर्वक जान पाइन्छ भनी खुसीसाथ भन्दछन् । यो च्यावराँमा विशेषगरी तील र विभिन्न प्रकारका फलफूलहरू फल्दछ । यी उत्पादनहरू सिंगापुर, मलेसिया, बैंकक पठाउने गर्छन् । यहाँ बुद्ध धर्मको विषय पढाइने ११ वटा स्कूलहरू छन् । भन्ते गुरुमाँहरू साथै जताततै बुद्धका मूर्तिहरू छन् । चारैतिर पहाड नै पहाड हरियाली भएकोले आँखा नै शीतल हुन्छ । सन्तानहरूले पनि आफू भन्दा ठूलोको कुरालाई राम्रो सुनेर गौरव गरी आदर गरी आफ्नो कर्तव्य पुरा गरेको देख्न पाइन्छ । आमाबुवाको घर अथवा आमाबुबा पूजा गर्दा ठूलो पुण्य लाग्छ । जहाँ गए पनि प्रशंसा हुन्छ र आपतविपत हटेर जान्छ । गरिब भनेको यो ठाउँमा देख्दै देखिनँ । सबै आ-आफ्नो काम गरेर खाइरहेका छन् । चोरेर लुटेर खानु हुँदैन, मेहनत गर्नुपर्छ । आफूले कमाएको पैसाको केही भाग दान धर्मको लागि पनि छुट्याउनु पर्दछ । यसरी दिएको दानको फल अरू कसैलाई नभएर आफैलाई नै हो । जसरी खेतमा बीऊ नरोपे घाँस मात्र उम्रिन्छ । घाँसको लागि बीऊ चाहिँदैन । त्यस्तै नराम्रोको लागि मेहनत अथवा बीऊ चाहिँदैन र राम्रो फल पाउनको लागि बीऊको आवश्यक पर्दछ । दान धर्म गर्ने भन्नु नै बीऊ नै हो । जसको फल आफैलाई पाइन्छ । अरूले धेरै पैसा कमायो भनेर डाहा गरेर हुँदैन । त्यो पाउनको लागि आफैले मेहनत गर्न सक्नु पर्छ । त्यस्तै पुण्य पाउनको लागि पनि आफूले कमाएको अलिकति सम्पत्ति त्याग गर्नुपर्दछ । दान धर्म गर्न सके मात्र आफूलाई पनि सधै-सबै कुराले भरिपूर्ण हुन्छ । यो सबै कुरा यहाँका उपासक उपासिकाहरूले भन्नुभएको हो ।

च्यावराँम्यू । हेर्दा सानो सानो घर भएको सानो ठाउँ । मानिसहरू त्यति देखिँदैनन् । तर भगवान्को काम गर्ने भनेपछि कहाँबाट आउँछन् कहाँबाट मानिसहरू जम्मा हुन्छन् । त्यहाँ पहाडमा ठूलो बुद्धको मूर्ति स्थापना गर्दा पैसा दान दिने पनि त्यत्तिकै, मानिसहरूको भीड पनि त्यतिकै थियो । भगवान्को ठाउँमा जान बाटो नभएकोले ८ किलोमिटर जति जंगलै जंगल जानुपर्थ्यो । केही महिना बाटो बनाउने चित्त आएपछि सरकारले डोजर दियो । कसैले खान खुवाए भने कसैले पैसा दान दिए । दानबाट उठेको पैसा मात्र असी लाख थियो रे । अहिले गाडी जान्छ । तर



Downloaded from http://dhamma.digital

बाटो भने सफा भएको छैन । यहाँ सबै बौद्धमार्गी मात्र भएकोले होला झैं झगडा कहिले पनि हुँदैन । एउटा मात्र धर्म भएपछि शान्ति त हुने नै भयो । सबैजना पञ्चशील पालना गर्ने भएकोले दुईवटी श्रीमती कसैको पनि छैन । झैंझगडा गरेर केही फाइदा छैन । बरु सहेर बस्नुमै फाइदा हुन्छ । ध्यान गर्ने बानी भयो भने लोभ, क्रोध, द्वेष चित्त आउँदैन । आफ्नो चित्तलाई आफैले हेरेर बस्ने र क्रोध आयो भने कसरी आयो भनि आफै समाधान खोज्न सक्ने हुन्छ । आफूलाई मन परेन भने अरूलाई पनि मन पर्दैन, आफूलाई भोक लागे अरूलाई पनि भोक लाग्छ आफू स्वार्थी भयो भने अरू पनि हुन सक्छन् भनेर थाहा पाउनु पर्छ । अरूहरूको राम्रो भयो भनेर डाहा गर्ने होइन कि बरु पहिलाको जन्ममा मैले दान पुण्य नगरेको कारणले म त्यस्तो बन्न नसकेको होला भनि दान, पुण्य गर्न सिक्नु पर्दछ । नेपालमा बुद्ध जन्मेको देश भए पनि उहाँको उपदेशको पालना गर्न सकेको छैन । यदि हामीले पनि उहाँको उपदेशलाई पालना गर्न सकेमा बर्माको त्यो सानो गाउँ च्यावराँम्यु जस्तै शान्त र सुखी बन्न सकिन्छ । बर्मामा यहि एउटा क्षेत्र छ जहाँ शुद्ध बुद्ध धर्म पालन गर्ने स्थान मान्न सकिन्छ ।

## ■ मोलमिन सुवर्णभूमि

पहिला रंगुन, मोलमिन, सुवर्णभूमि मात्र थियो । त्यहाँ पानीको ताल मात्र थियो । श्रीलंकामा भगवान् बुद्धको मूर्तिलाई, उहाँको गुणलाई पूजा गर्दा गर्दै धेरै विकास भयो । त्यहाँका राजाले भगवान् बुद्धको चारवटा मूर्ति अगाडि राखेर अधिस्थान गरेर श्रीलंकाबाट त्यो मूर्तिहरूलाई जुन देशले यो मूर्ति टिपेर पूजा गर्छ त्यो देश र बुद्ध दर्शनको विकास हुन्छ भनि बगाएर पठाएछन् । यसरी बगाएर पठाउँदा एउटा बुद्धको मूर्ति देवे भन्ने ठाउँमा अड्केर बसेछ ।

देवेमा एकजना गुरुमाँ सधैं भगवान् बुद्धलाई पानी चढाउने, फलफूल चढाउने र पूजा गर्ने गर्दथे । एकदिन भगवान्लाई पानी चढाउन नदीमा जाँदा एउटा चिज पानीभित्र देखे । यो के होला भनी तानेर हेर्दा बुद्धको मूर्ति रहेछ । ती गुरुमाँ एकदम खुसी भएर सबै दाताहरूलाई बोलाएर दवेमा स्वेमौथी भगवान् नामाकरण गरेर स्थापना गरे । त्यसपछि पतैम्यू भन्ने ठाउँमा अर्को बुद्धको मूर्ति पुगेछ । त्यहाँका उपासक उपासिकाहरूले देखेर त्यस मूर्तिलाई आदरपूर्वक पतैम्यू स्वेमौथ फया भनेर नामाकरण गरेर स्थापना गऱ्यो ।



Downloaded from http://dhamma.digital

एउटा बुद्धको मूर्ति सुवर्णभूमीबाट बगाएर मोलमिनस्थित च्याइखमी भन्ने ठाउँबाट टिपेर समुद्रको बीचमा नै च्याइखमी ऐलेफया भनेर नामाकरण गरी स्थापना गरियो ।

अर्को एउटा चाइथोम्यो चाइपोलो फया भनेर च्याइथाम्यूमा छ । यो चारवटा भगवान् बुद्धको मूर्तिलाई राम्रोसँग स्थापना गरी हृदयदेखि आदर गौरव गरी बुद्ध धर्म संघलाई विश्वास गरी उहाँको गुणलाई पूजा गरेकाले बुद्ध धर्मका ज्ञानका साथै देश पनि विकास भएर गयो । बर्मा त स्वर्ग नै जस्तो छ । बुद्धलाई सेवा गर्दागर्दै उहाँको गुणलाई सम्झेर पूजा गर्दा सबैलाई झन् झन् लाभ भएर आयो । बर्मामा पहाडै पहाड भएको देश भएकोले त्यहाँ एउटा सुनको पहाड पनि भेट्टियो । त्यसपछि भगवान् बुद्धको मूर्तिभरि सुन लेपन गरायो । भगवान्को लागि जति खर्च गर्न थाल्यो त्यति नै लाभ हुन थाल्यो । त्यसैले बर्मामा जहाँ गएपनि बुद्धको मूर्ति र चैत्य मात्र देख्न सकिन्छ ।

## ■ चारवटा महामुनी फया (चैत्य)

१) मन्दले महामुनि फयाको छातीबाट धुँवा आउँछ भने छातीमा आवाज जस्तो आएको धेरैजनाले सुनेको छ र विश्वास पनि छ । त्यसैले यो भगवान् बुद्धलाई हिरामोतीले भरिभराउ गरी पूजा गरिराखेको छ । अहिले पनि हिरामोती, सुन चढाउनेहरू छन् । सबभन्दा ठूलो यो महामुनी फया हो ।

२) एखाईमा पनि यस्तै तर योभन्दा अलि सानो चौतोम्युने महामुनी फया छ ।

३) प्यतफेका स्वेपौडा महामुनी फया ।

४) अर्को जलम्युमा प्यडो प्या महामुनी फया : यो बुद्धको मूर्ति ब्रिटिसहरूले लगेको थियो । यो मूर्ति एउटै लान नसकेर टुक्रा टुक्रा गर्न खोज्यो तर जति टुक्रा गरे पनि हतियार मात्र बिग्रियो । बुद्धको मूर्तिलाई टुक्र्याउन सकेन । त्यसपछि सिँगै लगेछ । जब यो मूर्ति ब्रिटेन पुग्यो त्यहि बेलादेखि महारानी भिक्टोरियाको टाउको दुख्ने रोगले ग्रष्ट भयो । सपनामा बुद्धको मूर्ति बर्मामा फर्काएर लग्यो भने तिम्रो टाउको दुखेको निको हुन्छ भनि बराबर आउन थालेपछि राजालाई भनेर छिट्टै जहाजमा राखेर फर्काइदियो । समुद्रबाट आउँदा आउँदै जलम्यु र हिघडा भन्ने दुइवटा बाँध जोडेको ठाउँमा पुग्यो । दुई देशका मानिसहरूले डोरी राखेर दुवैतिर



Downloaded from http://dhamma.digital

तान्दा त्यो मूर्ति खाली जलम्यू भन्ने ठाउँमा मात्र गएछ । यही कारणले यहाँ झगडा नै हुन लाग्यो । अनि केहि बुद्धिमानी व्यक्तिहरूले अब दुवै ठाउँका मानिसहरूले डोरीले तान्ने र जतातिर मूर्ति जान्छ त्यही स्थापना गर्ने भन्ने सल्लाह दियो । त्यही निर्णय अनुसार दुवै तरफका मानिसहरूले त्यो जहाजलाई तान्यो । यसरी तान्दा त्यो जहाज जलम्यू भन्ने ठाउँतिर गयो । त्यसैले पहिलाको निर्णय अनुसार जलम्यू भन्ने ठाउँमा पूजा गरेर स्थापना गरियो । अहिले पनि त्यहाँ त्यस मूर्तिलाई धेरै शक्तिशाली भनेर मानिसहरू पुजा गर्न जान्छन् ।

## ■ बर्माको एउटा ठाउँ कसैले पुगाँ र कसैले भगाँ

यो भगां भन्ने ठाउँ अथवा बस्ती सन् १०४४ मा स्थापना भएको थियो । यहाँ अनोरत्थ भन्ने राजाले राज्य गर्नुभएको थियो । यो राज्यमा हिन्दू धर्मको बाहुल्यता थियो । यी बर्मी राजा अनि जनताहरू पनि रामराज्य भनी रक्सी खाएर जथाभावी गर्थे । अर्काको छोरी, आमा र श्रीमतीलाई पनि बाँकी नराख्ने । चोर्ने, व्यभिचार गर्ने । अरूको सुख हेर्न मरेर जाँदा भोग्नु पर्ने छैन भन्ने भावना भएको कारणले कसै कसैले निर्वल जनताहरूलाई अत्यन्त दुःख दिएको थिए । जसको शक्ति उसको भक्ति भनेजस्तै । जो कमजोर र निर्वल छ उसैको लुटपाट गर्ने । कसैकी श्रीमती, छोरी, बहिनीहरू बाहिर आउनै नहुने दरवारको मान्छेले नै हिंसा गर्ने । राम्रीजति दरवारमा ल्याउने र तिनीहरूको इच्छा पूरा गरिदिन सकेन भने दरवारभित्र नै मारी दिने । धेरै नै अत्याचारी शासक थियो । हाम्रो नेपालको राणाशासन भन्दा निर्दयी शासक, हिंसा गर्ने, सेवा नगर्ने प्रथा थियो । नारीहरूले पढ्न नपाउने अनि आमाबुबाको अगाडि नै अत्याचार गर्ने भएकोले सधैँ पीर, चिन्ता, डर बोकेर बस्नुपर्ने समय थियो । हुँदा हुँदै राजालाई पनि जनताले धम्काउन थाल्यो । अनि राजाले विचार गऱ्यो धर्मको मात्र जय हुन्छ । हाम्रो यो भगां भन्ने ठाउँमा त अत्याचार भइरहेको रहेछ । जनताहरू शान्तिसँग बस्न र राम्रोसँग जिउन खान सकेनन् । अरू देशमा पनि यस्तो नै छ कि भनेर सुवर्णभूमिमा जासुस पठाएछन् ।

सुवर्णभूमि तथौंमा मनोहर राजाले राज्य गरिरहनुभएको थियो । पहिला पहिला सबै राष्ट्रहरूमा राजाहरू थिए । पछि आएर राजा हटाएर राष्ट्रपति, प्रधानमन्त्रीले काम चलाउने गर्न थाले । त्यस्तै बर्मामा पनि छुट्टाछुट्टै राजाहरूले राज्य गर्नुभएको थियो तर तथौंको राजा धेरै नै धर्मात्मा र भगवान् बुद्धको उपदेश अनुसार राज्य चलाएर बसेका थिए । त्यो पनि भारतबाट आउनुभएका एकजना भिक्षुले



Downloaded from http://dhamma.digital

भगवान् बुद्धको उपदेश र पञ्चशीलहरू मानव धर्म के हो भन्ने सिद्धान्तहरू र बुद्धको त्रिपिटक सबै त्यहाँका राजा लगायत जनताहरूलाई सिकाएर गएका थिए । त्यहाँ त्यही उपदेश अनुसार पञ्चशिल पालन गर्नु अनिवार्य थियो । यदि पालन गर्नु नपर्ने छन् भने दण्ड दिने नियम बनाइएको थियो । त्यहिअनुसार राज्य गर्दा देश र जनताहरूलाई धेरै नै शान्ति भएको थियो । अशान्ति, झैंझगडा कहिले पनि भएन । यो देशका मानिसहरू मजाले कमाएर ज्ञानी भएर बसेकाले देश झन् झन् राम्रो र विकास भएर आयो । त्यसैकारण तथौंलाई सुवर्णभूमि भनिएको थियो । धनी मानिसहरू पनि त्यहीँ र त्यहाँ जस्तो शान्ति, सुखी अरू देशमा थिएन । सबै जनताहरूको मुख उज्यालो, हँसिलो कसैसँग लोभी पापी चित्त छैन । यो सबै कारण भारतबाट आएको भिक्षुको उपदेश, बुद्धको उपदेश र त्रिपिटकको कारणले हो भन्ने थाहा पाए ।

भगाँबाट आएको जासुसले यो कुरा आफ्नो राजा अनोरत्थलाई सबै कुरा लेखेर पठाएछ । अनि अनोरत्थ राजाले विचार गर्नुभयो कि हाम्रो देशलाई भगाँ भन्दछन् । भगाँ पनि सुवर्णभूमिभन्दा राम्रो र शान्त हुन सक्छ । त्यहाँको भन्ते र त्रिपिटक यहाँ ल्याउनु अथवा दिनु भनेर मनोहर राजालाई चिठ्ठी लेख्नुभयो । त्यहाँ भारतको भिक्षुको उपदेशको कारणले सुन्दर भिक्षु भिक्षुणीहरू धेरै नै बन्यो । बुद्धको उपदेश अनुसार काम पनि गर्दथे । तर मनोहर राजाले त्रिपिटक र भिक्षुहरू पठाउने कुरा गरेनन् ।

उता भगाँका राजा र जनता त धार्मिक व्यक्तिहरू थिएनन्, जसको शक्ति उसको भक्ति गर्ने खालका थिए । हतियारले जित्ने तिनीहरूको बानी थियो । अनोरत्थ राजाले कार्यकर्ताहरूलाई त्यहाँका राजा, भिक्षु र त्रिपिटक सबै लिएर आउनु भनि आदेश दिएर पठाए । अनि तिनीहरूले निर्वललाई मारेर झगडा गरेर राजा, भिक्षु र त्रिपिटक किताब, २,३०,००० मानिस, ३० हात्तीहरू सँगै ल्याए । सुवर्णभूमिका राजालाई जेलमा राखी भिक्षुबाट उपदेश लिन थाले । अनि राजाले पनि बुद्धको उपदेश सुन्नुका साथै पञ्चशिल पालन गर्न थाले । एकदम बदमासलाई पनि पञ्चशील लिन र पालना गर्न लगाए । बुद्धको उपदेशले मात्र काम चल्दैन काम पनि गर्नुपर्छ अनिमात्र देश शान्ति हुन्छ भनि पञ्चशील पालन नगर्नेलाई दण्ड दिने र पालन गर्नेलाई प्रोत्साहन दिने गर्न थाले । दण्ड देखेर सबैले पञ्चशील पालन गर्न थाले । त्यो भगाँ भन्ने ठाउँ पहिला नर्क जस्तै थियो । अहिले आएर स्वर्ग जस्तो भएको छ । कसैले कसैलाई मार्ने, पिट्ने काम हुँदैन । सबैसँग मैत्री, करुणा, मुदिता र उपेक्षा थियो । जताततै भगवान् बुद्धले उपदेश दिनुभएको चित्र भित्तामा लेख्ने बानी गर्न थाले ।



Downloaded from http://dhamma.digital

सबैको मुखमा बुद्धम् शरणम् गच्छामी भन्ने चलन चल्न थाल्यो । यति मात्र होइन आफ्नो परिवारको नाउँमा चैत्य बनाउने अभियान शुरु हुन थाल्यो । सबैले आमा, बुबा, दाजुभाई, श्रीमान्, श्रीमती, छोरा, छोरी, बाजे र बज्यैको नाउँमा चैत्य बनाउने चलन गर्दा गर्दै दुईहजार चैत्य बन्यो । विभिन्न प्रकारका चित्रहरू, इतिहासहरू अनि ठूला ठूला चैत्य मूर्तिहरू राख्न थालियो । यहाँ १५०० वर्षदेखिको इतिहास चलिआएको छ । एकदम राम्रो शहरलाई एरावती नदीले घेरेको छ । यहाँ घम्मयान गिरी चैत्यभित्र गुफा जस्तो बनाएर राखिएको छ । चुलमनि चैत्य, लोकामनि चैत्य लगायत विभिन्न चैत्यहरू छन् । अहिले पनि भगवान् बुद्धको उपदेशलाई आदर गौरव गरी राखेका छन् । यो ठाउँ एकचोटि दर्शन गर्न अत्यन्त आवश्यक छ । धेरै चैत्य भएको र ठाउँको अभावको कारणले अहिले मृत्युको नाउँमा त्यहाँ चैत्य बनाउन दिइँदैन । यो म्यानमारको एउटा टुक्रा हो । ३० जना हात्ती, ३० हजार मान्छे र राजा, भन्ते, त्रिपिटक कितावहरू ल्याएको थियो ।

यो एउटा बर्माको धेरै पुरानो गाउँ हो । अब आएर यहाँ चैत्य हेर्न जानको लागि प्रत्येक विदेशीले १० डलर तिर्नुपर्छ । यहाँ स्वोजिगण, बर्मी चैत्य, त्रिपिटक ( सारिपुत्र लाइब्रेरी) पनि छन् । १२९८ मा त धेरै प्रचार प्रसार भएको थियो । अहिले पनि धेरै विदेशीहरू आएर दर्शन गर्छन् । बुद्धको जीवनी र उहाँले उपदेश दिनुभएको चित्रमा अङ्कित गरेर राखिएका चित्रकलाहरू साथै विहारहरू पनि छन् । ज्ञान लिने ठाउँ धेरै छन् । राजाको दरवार सबै काठले बनाइएको छ । पहिला राजा अनोरत्थले राज्य गर्थे । उनी पहिला हिन्दू थिए । अनि महायान र पछि आएर थेरवादीमा आए । उनले सन् १०४४ देखि १०७७ सम्म राज्य गरे । त्यसपछि सालु भन्ने राजाले १०८४ देखि १०८८ सम्म, क्यानझिता १०८४ देखि १११३ सम्म अलाउनग्सिथले १११३ देखि ११६७, नाराथुले ११६७ देखि ११७०, नारायेनिकाले राजाले ११७० देखि ११७३ सम्म नारापातिसिथुले ११७३ देखि ११७४ सम्म, १२११ सम्म नान्थुगमया राजाले १२११ देखि १२३४सम्म क्यास्वाल राजाले १२३४ देखि १२५० सम्म, ३ जनाले १२५० देखि १२५५ सम्म, नाराथिसापातिले १२५५ देखि १२८७ सम्म राज्य गरेको थियो । यहाँ ११ जना राजाहरूले राज्य गर्नुभएको थियो । १००० वर्ष पुरानो धेरै महत्वपूर्ण विहारहरू र धेरै महत्वपूर्ण ठाउँ यो भगाँ कहाँबाट त्यहाँ पुगेको । यो ठाउँमा आउनको लागि रंगुनबाट पनि आउन सकिन्छ । मण्डलेबाट पनि सजिलो छ । गाडीबाट ८, ९ घण्टाको बाटो हो । यहाँ विभिन्न प्रकारको बर्मीहरूको सामान जस्तै : बर्मी छाता, थाल, जुत्ता, चित्रकलाले भरिराखेको विभिन्न प्रकारको सामानहरू पाइन्छन् । पर्यटकहरूलाई मनपर्ने डिजाइनहरू यहि बनाउनु हुन्छ । यहाँ मंगलजय



Downloaded from http://dhamma.digital

अथवा पसलमा गयो भने बर्माको सामान सबै नपाउने भनेको केही छैन । सबै पाउनको लागि सजिलो छ ।

भगांबाट ४ घण्टा जति टाढा पौबा अथवा पुवापनि भन्ने ठाउँ छ । यो पौवा भनेको फूलको पहाड हो । एउटा धेरै नै अग्लो पहाड जसको चुचो हेर्दा भगवान्को कुनै चैत्यको गजुर जस्तो देखिन्छ । माथि डण्डी समातेर जानुपर्छ । बाटो बाटोमा देवदेवीहरू राखिएका छन् । धेरैजसो फूल मात्र देखें । बूढा बूढीहरू तथा बच्चाहरूलाई हिँडेर जान धेरै नै गाऱ्हो छ ।

## ■ सोयत गौफया (चैत्य)

बर्माका दुईजना दाजुभाइ तपुस र भलुक थिए । उनीहरू समुद्रबाट आएर व्यापार गर्ने रहेछ । २६०० वर्ष पहिला पनि बर्माबाट कलकत्ताको समुद्रबाट व्यापार गर्नको लागि आएका थिए । त्यस समयमा हिँडेर आउँदा बुद्धगया नपुग्दै एउटा जंगलमा पुगे । त्यहाँ पुग्दै गर्दा कहाँ कहाँबाट आवाज आयो कि संसारमा अथवा यो लोकमा भगवान् बुद्ध उत्पन्न भएको छ । भरखरमात्र बोधिज्ञान प्राप्त गर्नुभएको छ । उहाँले अन्नग्रहण गर्नु भएको छैन । तिमीहरूसँग सातु छ त्यो सातु दान दिनु । भनाइ छ कि उहाँहरूको पहिलेको जन्मको आमा वनदेवी थियो । त्यहि वनदेवीले भनेको भनिन्थ्यो ।

त्यो कुरा सुनेर सरासर बुद्धगयातिर लागेछन् । भगवान् बुद्ध पनि वुद्धत्व प्राप्त गरेर पहिलो एक हप्ता बोधिवृक्ष मुनि नै बस्नुभएको थियो । दोस्रो हप्ता आँखा नझिम्काइकन आँखाले पूजा गरेको भनेको एक हप्तासम्म आँखाबाट पूजा गर्नुभयो ।

तेश्रो हप्ता जमिनमा एकछिन पनि उभेर नबसिकन चक्रमण गर्नुभयो । चौथौ हप्ता चाहिँ इन्द्रले बनाएर दिएको रत्नाधर हिरा मोतीले मात्र भरिरहेको गुफामा बसेर ध्यान गर्नुभयो । त्यो बेलामा नै भगवान् बुद्धको शरीरबाट छपन्न रश्मि निस्केको भनिन्छ । त्यहि गुफामा ध्यान बस्दा आफ्नो मनसँग संघर्ष गर्दागर्दै अभिधर्मको ज्ञान अथवा चित्तभित्रको ज्ञानलाई यथार्थ बुझ्नुभएको थियो । र केशवाट नीलो रश्मि निस्केको थियो । शरीरको मासुबाट पहेलो रंग, रगतबाट रातो प्रकाश, हाडबाट सेतो रंग र फोक्सोबाट खैरो रातो, र सेतो मिलेर गुलावी रंगको प्रकाश निस्केको भनिन्छ । त्यहि प्रकाशको रङ्गअनुसार बौद्ध झन्डा र भिक्षु भिक्षुणीहरूको चीवरको रंग बनाइएको छ । त्यहाँ पनि एक हप्तासम्म ध्यान गर्नुभयो । त्यहाँबाट



Downloaded from http://dhamma.digital

उठेर आजपाल बृक्षमुनि एक हप्ता ध्यान गर्नुभएर फेरि मचलिन्द बृक्षमुनि गएर एकहप्ता बसेपछि सात अथवा सप्तवटा राजा यतन भन्ने रुखमुनि बसेर ध्यान गर्नु भएको अवस्थामा त्यहिँ बर्माबाट आएका व्यापारीहरू दुइजना दाजुभाइहरूले सातु दान गरेका थिए । तर ती राख्नको लागि ठाउँ थिएन । त्यहि अवस्था देखेर देवलोकबाट इन्द्र आएर देवताहरूले विभिन्न प्रकारको पात्र दान दिनुभयो । तर भगवान् बुद्धले विचार गर्नुभयो कि एकजनाको मात्र पात्र लियो भने पक्षपात हुने भनाईबाट बच्नको लागि चारैवटा लिएर अधिस्थान गर्नुभएर एउटा गरेर त्यसैमा सातु थाप्नुभयो । त्यहि सातु ४९ दिन पछि पहिला बुद्धत्व प्राप्त भए पछि खानुभएको थियो । दाजुभाइ दङ्ग भएर भगवान् बुद्धसँग प्रसाद माग्नु भयो । उपदेश दिनु भन्न जानेनन् । भगवान् बुद्धको शरीरबाट तेज आएको थियो । अनि तपुस र भलुकले भने -'भगवान् शास्ता, हामीहरू बर्माबाट व्यापार गर्न आएका हौं । हामीलाई केही प्रसाद दिनु' भनि प्रसाद मागे । भगवान् बुद्धले के प्रसाद दिउँ भनि विचार गर्नुभयो । त्यसपछि भविष्यमा त्यहाँ बुद्धधर्म प्रचार हुनसक्छ भन्ने विचार गरेर उहाँले आफ्नो हात टाउकोमा लगेर आठ वटा केश तपुस र भलुकलाई दिएर पठाउनुभयो । त्यही केश राम्रोसित पोका पारेर खुसीसाथ व्यापार सकाएर आफ्नो देश फर्केर गए ।

त्यहि केश समुद्र तरेर लग्दा समुद्रका नागहरूले पनि दर्शन गर्न आएको हुनाले नागहरूले दर्शन गरेको ठाउँ भनेर त्यहाँ ठूलो चैत्य बनाएर राखिएको छ । अनि तपुस र भलुक दुवैजनाले केश धातु लिएर जाँदा बर्माको राजाले सोध्नुभयो कि तिमीहरूले नौलो चिज केहि देख्यौ कि ? दुबै दाजुभाइले हाम्रो जीवनमा कहिल्यै नदेखेको चिज हेरेर आएको कुरा बताए । त्यसो भए केही प्रसाद ल्याएको छ भनि सोध्नुभयो । तपुस र भलुकले त्यहि ८ वटा केश देखाए । राजा केश देखेर हाँस्नु भयो र भन्नुभयो -'कस्तो अचम्म सबैसँग भएको केश पनि प्रसाद हुन्छ ? अरू केही पनि छैन भनी खिसी गर्नुभयो । तपुस र भलुकलाई राजाले यो कुरा नपत्याएको जस्तो लागेर कसरी पहिले भारतमा देखेको रूपरंग, बोली र उहाँको प्रकाश देखाउने भन्ने विचार गर्न थाल्यो । राजा नपत्याउँदा नराम्रो हुन्छ भनि त्यही आठ वटा केश हातमा लिएर अधिष्ठान गरे ।

भगवान् शास्ता यो राजाले विश्वास गर्नुभएन । त्यसैले जुन हामीले तपाईंलाई देखेका थियौं त्यस्तै यो राजालाई पनि देखाइदिनु भनेर केशलाई लिएर आकाशमा फ्याँक्नु भयो । राजाको अगाडि त्यो आठवटा केश धातुबाट आठवटा नै बुद्ध बनेर देखाउनु भयो । म्याउकलपाराज गजव भयो । त्यसपछि त्यो केशलाई रुमालमा थापेर ओकलापा राज्यले सुनै सुनको चैत्य बनाएर त्यो केशधातु भित्र राखेर



Downloaded from http://dhamma.digital

बनाएको चैत्यलाई स्वयतगौफया चैत्य भन्दछन् । उकलापा राजाले स्थापना गर्नु भएको स्वयतगौग स्वयत मतलव सुन र गौउ मतलव भगवान् बुद्धको केश धातु हो । त्यसैले सुन र भगवान् बुद्धको केश धातु राखेर बनाएको हुनाले यसको नाउँ स्वयत गौफया भएको हो ।

बर्मामा तीर्थयात्रा गएका यात्रीहरू स्वयत गौफयामा जानैपर्छ । यदि त्यहाँ पुगेन भने बर्मामा गएको अर्थ रहँदैन । बर्माको स्वयतगौफया अत्यन्त महत्वपूर्ण ठाउँ हो । सन् १९९४ मा चैत्यको माथि चुच्चोबाट फुरामा प्रकाश परेर तीन ठाउँबाट निस्केर माथिसम्म आएर पछि एउटा एउटा अलग भएको आफ्नै आँखाले देखेको छु । म एकदम गजब भएँ । त्यो बेला मेरो पीएचडीको लागि गाइड बुक र ध्यान गर्नको लागि भनेर बर्मा गएको थिएँ । एक्लै अनि उ पण्डित छयादोको विहारमा ध्यान बस्दा चंक्रमण गर्दा गर्दै माथि पुग्दा स्वयत गौफया देखेर मेरो हृदय भित्रदेखि बन्द गर्दै चैत्य हेरेर बस्दा भएको घटना थियो ।

## ■ भद्राकुण्डला केशा

बौद्ध दर्शनमा सहनुपर्छ भनिन्छ । तर अन्याय अत्याचारले सिमाना नाघेसम्म सहनुपर्छ भन्ने छैन । सहनुपर्छ तर सीमानासम्म । आफ्नै श्रीमान्ले नै गरेको किन नहोस् अत्याचार सहनुपर्छ भन्ने बौद्ध धर्ममा छैन । सहनु ठूलो गुण हो । तर आफ्नो जीवनमा नै असर पर्न थाल्यो भने त्यतिबेला बुद्धि पुऱ्याएर काम लिनुपर्छ । बौद्धदर्शनमा 'थाना थान कोस्सल ज्ञान' (ठाउँ हेरेर ज्ञानलाई प्रयोग गर्नुपर्छ) भन्ने उल्लेख छ । जुत्ता लगाउनुपर्छ भन्दैमा ओछ्यानमा लगाउनु हुँदैन । जुत्ता लगाउनुको अर्थ बाटोमा जाँदा सिसा अथवा काँडाले घोच्छ भनेर हो । त्यस्तै छाता ओढ्ने भनेको घाम र पानीबाट बच्नको लागि हो । घरभित्र छाता ओढ्ने होइन । त्यस्तै सहनुपर्छ भनेर जहाँतहीँ सहनु पर्छ भन्ने छैन । अन्याय, अत्याचार गर्ने लोग्नेलाई भीडबाट खसालेर न्याय गरेको र भगवान् बुद्धले त्यसको प्रशंसा गर्नुभएको बुद्धकालीन घटना उल्लेख गर्न चाहन्छु ।

भद्रा कुण्डला केशाको जन्म राजगृहको समृद्धशाली कुलमा भएको थियो । आमा बुबाको एकलौटी छोरी अत्यन्त प्यारी, सुन्दरी, सबैलाई मनपर्ने थिइन् । सुशील स्वभाव भएकी, हिस्सी परेको मुख, बोलीवचन त्यत्तिकै राम्रो र लालनपालन सुखपूर्वक व्यतित भएकी भद्राको उमेर बढ्दै गयो । उनी सधैँ झ्यालमा बस्थिन् । उनको



Downloaded from http://dhamma.digital

यौवनावस्था बढ्दै गयो । एकदिन झ्यालमा बसिराखेको अवस्थामा भद्राको झ्यालमुनि चौवाटोमा हुलका हुल मानिसहरू देखिन् । अरू बेला त्यति धेरै मानिसहरू नदेखेकी भद्राले आज के भएको भनेर नियालेर हेर्दा एकजना निपुण चोर सत्थुकलाई अर्काको धनसम्पत्ति चोरी अपराध गरेकोले प्राणदण्ड दिन चारदोवाटोमा रोकी भाषण गर्दै बाटोमा लग्दै गरेको देखिन् । झ्यालबाट हेरिरहेकी भद्रा सत्थुकलाई देखि आशक्त भइन् । जसले गर्दा सत्थुक चोरलाई अपनाउन नपाए प्राण त्याग गर्छु भनि आफ्ना पितालाई सुनाइन् । छोरीप्रति असाध्यै स्नेह भएको कारणले दरवारका व्यक्तिहरूलाई हिरामोती, धनसम्पत्ति (घुस) दिएर प्राणदण्डको लागि लगेका सत्थुकलाई प्राणदण्डबाट मुक्त गराई घरमा ल्याई छोरीको इच्छा बमोजिम धेरै दाइजो दिएर धुमधामसँग विवाह गरिदिए । भद्रा पनि आफूलाई मनपर्ने श्रीमान् पाएर धेरै नै खुसी थिई । दुवैजना केही दिन आनन्दले बिताए । आफूले मनपराएको श्रीमान् पाएर सँगै बस्न पाएकीले भद्राले रात दिन बितेको नै थाहा पाइनन् । उनी धेरै नै खुसी थिइन् । एकदिन सत्थुक चोरले रत्नाभुषण लिने विचार गरी भद्रालाई भने, 'भद्रा, जब मलाई मार्न लगिरहेको थियो त्यतिबेला मैले वनदेवीलाई भाकल गरेको थिएँ की यदि कुनै प्रकारले मेरो प्राण बच्यो भने तपाईको पूजा गर्छु । यसकारण तिमीले पूजामा चाहिने सामान तयार गर ।' भद्रा अति नै प्रसन्न भइन् र पूजामा चाहिने सामाग्री जोरजाम गरी रत्नाभुषणले अलंकृत भई स्वामी सत्थुकसँगै पूजाको निमित्त घरबाट निस्केर रथबाट पर्वततिर लागिन् । पर्वतनिर आइपुग्दा सत्थुकले भद्राकी अनुचरहरूलाई घरमा फर्काउन लगाई भद्रा एक्लै साथमा लिई पर्वतमाथि गए । माथि पुगपछि सत्थुक चोरले आफ्नी श्रीमती भद्रालाई म तिमीलाई मारेर तिम्रो आभुषण, हिरामोती लिन आएको पूजा गर्न होइन भनि भन्यो । यस्तो कठोर स्वभावदेखि भद्राले आफ्ना श्रीमान्लाई सोधिन् - 'मबाट के अपराध भयो र यो आभुषण फुकाल्न भन्नुहुन्छ ? यो सबै आभुषण, धन सम्पत्ति र मेरो शरीर सबै तपाईकै हो । किन मलाई मारेर गरगहना तथा सम्पत्ति लिनु पर्‍यो ? भनि रोइकराइ बिन्ती गरिन् । तर केही लागेन । भद्राले विचार गरिन् कि चोरहरूको दयामाया केही हुँदैन । यसले मान्छे त कति मार्‍यो होला । यसैले त प्राणदण्ड दिन ल्याएको रहेछ । यसलाई बचायो भने अझै कति महिलाहरूको ज्यान लिन सक्छ । यसको अगाडि डराएर, रोएर केहि फाइदा छैन । सिकारीको अगाडि जनावर, कसाहीको अगाडि भैंसी रोएजस्तो हुन्छ भनि मन-मनमा विचार गरी भनिन् -'त्यसो भए स्वामी मेरो अन्तिम इच्छा तपाईलाई तीनचोटि घुमेर अन्तिम आलिङ्गन गर्न चाहन्छु । त्यसपछि जे इच्छा छ त्यही गर्नु । तर मेरो यो अन्तिम इच्छा पूरा गरिदिनु' भनिन् । दुष्ट चोर सत्थुक भद्राको कुरामा सहमत भयो । भद्राले पनि



Downloaded from http://dhamma.digital

सत्थुक चोरलाई आलिङ्गन गर्ने निहुँमा आफ्नो सम्पूर्ण बल लगाएर घचेटेर पर्वतबाट खसालीदिइन् । सत्थुकको त्यहि नै मृत्यु भयो ।

त्यसपछि भद्राले घर फर्केर जानु भन्दा गृहत्याग गर्नु असल हुने सम्झी निर्ग्रन्थाश्रममा गई दिक्षा लिइन् । त्यहाँ प्रवजित हुनलाई केश काटनु पर्थ्यो । तर निर्गन्थ्रहरूले भद्राको केश काटेनन् । त्यसैले भद्रा आफैले तालवेलको चिम्ताले एक एकवटा गर्दै केश उखालीदिइन् । पछि केश पुनः कुण्डलाकार भएर उम्रेर आएकोले कुण्डला केशा भन्ने नाउँ भयो । निर्ग्रन्थहरूसँग शास्त्राध्ययन गरी तर्क वितर्क गर्नमा कुशल ज्ञान हासिल गरिन् । तर सम्यक ज्ञान पर्याप्त नभएकोले शास्त्रार्थ ठाउँ ठाउँमा गएको बेला धर्म सेनापति सारिपुत्र भन्तेसँग भेट भयो । दुवैले धर्मको विषयमा शास्त्रार्थ गरे । कुण्डला केशाले गर्नुभएको प्रश्नको उत्तर दिनुभयो । अन्तमा सारिपुत्रले प्रश्न गर्नुभयो -'एउटै नाम भनेको के हो ?' कुण्डलाले उत्तर दिन सकेनन् । र सारिपुत्रको पाऊ परिन् र भनिन् -'म तपाईंको शरणमा जान्छु ।'

'मकहाँ होइन भगवान् बुद्धको शरणमा जाऊ' भन्नुभयो । भद्रा सरासर भगवान् बुद्धकहाँ गइन् र आफूले गरेको सत्थुकको कहानी, आफूले गरेको कर्म विषयबारे भनिन् । भगवान् बुद्धले उनको साहसलाई प्रशंसा गर्दै भन्नुभयो :

नहि सव्वेसु ठानेसु, पुरिसो होति पण्डितो
इत्थिपि पण्डिता होति, तत्थ तत्थ विचक्खणा ॥

सबै ठाउँमा पुरुष मात्रै पण्डित हुँदैन, स्त्री पनि पण्डितनी हुन्छे, त्यस ठाउँमा विचार पुऱ्याउने हुन्छे ।

नहि सव्वेसु ठानेसु, पुरिसो होति पण्डिता
इत्थिपि पण्डिता होति, लहुं अत्थविचिन्तिका ति ॥

सबै ठाउँमा पुरुष मात्रै पण्डित हुँदैन, स्त्री पनि पण्डितनी हुन्छे, क्षणभरमै विषय स्थितिलाई बुझ्न सक्ने हुन्छे ।

कुण्डला केशा भगवान् बुद्धको धर्म-उपदेश सुनेर भिक्षुणी हुनुका साथै अरहत्व लाभ गरिन् । अरहत्वको मतलव राग, मोह लोभ, लालचबाट अलग हुनु हो । उनले चाँडै नै धर्मोबोध गर्ने भिक्षुणीहरू मध्येमा एतदग्ग (अग्र पद) पनि प्राप्त गरिन् ।



Downloaded from http://dhamma.digital

## ■ पौवा (पुवा) फूलको पहाड

पौवाको इतिहास यसरी सुनेको छु : पहिला अनोरत्थ राजाको पालामा भगवान् बुद्धको लागि यही पौवाबाट फूल ल्याउने गरिन्थ्यो । अनोरत्थ राजाकी बहिनी सधैँ पौबा पहाडमा गएर फूल टिपेर भंगामा भएका चैत्यहरूलाई पूजा गर्ने गर्थिन् । सधैँ फूल टिप्न जाँदा जाँदै फूलको पहाडमा बस्ने अथवा फूल बगैंचामा बस्ने देवतासँग प्रेम भयो । देवता पनि मान्छेको रूप धारण गरेर राजकुमारीसँग गहिरो परस्पर प्रेम हुँदा त्यही बस्न थाले । प्रेम भनेको पनि गजबको हुने रहेछ । धेरै दिन सँगै बस्दा अथवा देख्दा आपसेआफ माया लाग्नेरहेछ । अनि तिनीहरू दुईजनाको माया ममता भएपछि राजकुमारी (भंका) भंगामा नफर्किकन विवाह गरेर त्यही पहाडमा बस्न थाले । बस्दा बस्दै राजकुमारी दुई जीउकी भइन् र बच्चा पनि भयो । उता राजाले फूल ल्याउला भनेर आशा गरेर बसेको कहाँको फूल ल्याउनू, त्यहि बसेछ । धेरै रिसाए तर केहि गरेनन्, फेरि अर्को दुई तीन वर्ष पछि बच्चा पायो यस्तै गरेर ।

## ■ मौइवा (Monywa) सम्बोध्यफया मोन्यवा

यो मौइवा भने ठाउँ धेरै नै विकसित क्षेत्र हो । भंगाबाट मौइवा जानको लगि बसबाट वा डुंगाबाट जान सकिन्छ । भंगाबाट मौइवा जान ३:३० घण्टा लाग्छ । एकजनाको भाडा २५० क्याट (बर्माको पैसा) लाग्छ । यदि रंगुनबाट आयो भन्ने ५००० क्याट लाग्छ रे । हामीचाहिँ आफ्नै गाडीबाट गएको हुनाले थाहा भएन । हामी भंगाबाट पौवा, पौवाबाट मौइवा जाँदा चैन्दविन नदीबाट डुंगामा गएका थियौं । यहाँ दर्शन गर्न लायक संसारमै नभएको भगवान् बुद्धको गजबको मूर्ति पनि छ ।

सम्बुद्ध भगवान् बुद्ध भनेको मतलब बालु सम्मान भगवान् बुद्ध नमस्कार गर्ने श्लोकअनुसार भिक्षु मोयहयनि छयादो (Moehenyin Sayadaw) ले १९३९ देखि १९५२ को बीचमा मात्रै ८२५ स्तुपा चैत्यहरू राख्नुभएको रहेछ । चारैतर्फ साना-ठूला गरी ८४५ वटा भगवान् तथा चैत्यका मूर्तिहरू छन् । भगवान् बुद्धको धातु र अरु चीज राखेर बनाइएको चैत्य ७,३५० वटा छन् । त्यहाँभित्र साना ठूला भित्तामा टाँसेर राखिएको ध्यान मुद्राहरू, उभिएर बसेका भगवान् बुद्धका मूर्तिहरू सबै जम्मा गरेर ५,८२,३५७ वटा छन् । एउटा कुना पनि खाली छैन सबै भगवान् बुद्धका मूर्तिहरू मात्र छन् । त्यहीँभित्र भगवान् बुद्धको जातक पनि थियो । कम्पाउण्डभित्र विभिन्न प्रकारको चैत्य र चित्र पनि छन् । १८ औं र १९औं शताब्दीमा रोपिएको हेर्दै



Downloaded from http://dhamma.digital

आकर्षक रुख र जातक वनहरू पनि छन् । म त सबभन्दा पहिला दर्शन गर्दा यति खुसी भएको थिएँ कि वर्णन नै गर्न सक्दिनँ । हर्षले गद्गद् भई यो बनाउने छयादोलाई कोटी-कोटी बन्दना गरेँ ।

यो सम्बोध्य श्लोक भगवान् बुद्धले नै मैत्री करुणा राख्नु भएर श्रद्धावान्हरूको लागि बनाउनुभएको हो । यो पाठ गरेर गयो भने आपतविपत अथवा कतै यात्रामा जाँदा दुर्घटनाबाट बच्छ भन्ने विश्वास गरिन्छ । आँखामा लाग्ने आँखीभौमा छोएर हटेर जान्छ ।

सम्बोधे अथविसन्च व्दादसंच सहसके ।
पञ्चसत्व सहस्सामि नमामि सिरस्सामहं ।
अपका वालुका गंगा महन्ता निवुता जिनं ।
तेस्स धम्मंचसंघंच आदरनिय नमामहं
नमस्कार दान भावेन हित्वा सब्बे उपदवे
अनेकाअन्त्रायपि विनासन्ता असेस्सत्व ।

## ■ बोधितथौंफया

फेरि अर्को बोधितथौंफया पनि मौइवामा नै छ । यो सम्बोध्यबाट १९ किलोमिटर दक्षिणमा पर्छ । मन्दले सहरबाट धेरै टाढा छैन, सानो पुलबाट आए पुग्छ । सम्बोध्य फयाबाट ४ किलोमिटर मात्र टाढा छ । यहाँ ९० मिटर लामो आराम गरिरहनुभएको बुद्धको मूर्ति छ । मूर्तिभित्र एउटा रेल राखे पनि अट्ने खालको छ । बुद्ध मूर्तिको भित्री भागमा पनि विभिन्न प्रकारका कथाहरू बनाएर राखिएका छन् । यो सुतिरहेको बुद्धको मूर्ति ९० मिटरको छ । यो मूर्ति बनाउने इच्छा मात्र गर्दा पनि पानी नभएको त्यो पहाडमा पानी नै पानीले भरिएको थियो रे । त्यसबेला बोधितथौं छ्यादोले अधिस्थान गरेर ध्यान गर्दा पुग्ने गरी पानी आयो भनेको सुनें । हाम्रो समूहमा गएका तीर्थयात्रीहरूले पनि यो मूर्ति बनाएका भन्तेलाई चिन्यौं । उहाँसँग मेरो पाँच पटक भेट भएको थियो । यो ठूलो बुद्धको मूर्तिभित्र नौ हजार साना-साना भगवान् र बोधितथौं भनेको बोधिवृक्ष एक हजार (१०००) छन् । प्रत्येक बोधिवृक्ष मुनि बुद्धको मूर्ति पनि राखिएको छ । बोधिवृक्षमुनि र अरु गरेर जम्मा १०६० बुद्धका मूर्तिहरू छन् । पहिला म जाँदा बोधिवृक्ष थिएन, छयादोको इच्छामात्र थियो । पछि प्रशस्त पानी पाउँदा बोधिवृक्ष हजार वटा रोप्नुभयो । त्योभन्दा पछि



Downloaded from http://dhamma.digital

जाँदा त जंगल जस्तै भएको देखें । त्यहाँ अर्को हजारौं भिक्षुहरूका मूर्ति पनि छन् । भगवान् बुद्धले बुद्धगयामा बोधिज्ञान प्राप्त गर्नु भएपछि ६ हप्तामा मुचलिङ नागले पानीबाट रक्षा गरेको नमुना पनि छ । अब आएर फेरि १३० मिटर लामो उभिरहेको बुद्धको मूर्ति पनि उहि बौधितथौ छ्यादोको इच्छाअनुसार पूरा भएको छ । भगवान् बुद्ध पहिला आफ्नो जन्मभूमि कपिलवस्तु पाल्नुभएको अवस्थामा एकहजार भिक्षुसहित जानु भएको थियो । त्यहि नमुना अथवा स्मरण गरेर नै उहाँले हजारवटा बोधिवृक्ष र हजारवटा बुद्धमूर्ति राख्नुभएको हो । यस्तो नमुना संसारमा अन्त कहीं छैन । बोधितथौ छ्यादोले भगवान् बुद्धले गर्नुभएको स्मरणलाई याद गर्नुभएको यो एउटा नमुना हो । १९८१ मा आउँदा भगवान् बुद्धको मूर्ति बनाउन शुरु गरिँदै थियो । म चार-पाँच पटक गएँ । पटकैपिच्छे त्यो ठाउँ झन्-झन् हराभरा भई विकास भएको देखें । अहिले यहाँ पर्यटकहरू थुप्रै आउँछन् ।

## ■ मोन्यवा

यो पनि मोन्यवामा नै लेदिच्याउ भन्ने विहार छ । यो विहारमा नै लेदिछयादो बस्नुभएको र उहाँले सिलापत्रमा पाली भाषामा त्रिपिटक लेख्नुभएको छ । १८८६ मा ८०६ वटा सिलापत्रमा बर्मी अक्षर पालिभाषाबाट त्रिपिटक लेखेर राखिएको थियो । उहाँ भन्नुहुन्छ कि मानिस मरेर जान्छ लिएर जाने केही छैन खाली नाम मात्र हो । त्यसैकारण भनिन्छ - "रूपं जिरति मत्तान नामं गोतं नजिरति ।"

जब मानिसको जन्म हुन्छ विस्तारै रूप जीर्ण भएर जान्छ । केही राम्रो काम गरेर जानसक्यो भने, केही राम्रो ठूलो काम अथवा दान गरेर गयो भने त्यो काम पुण्य अथवा नाम कहिले पनि जीर्ण हुँदैन । उहाँले धेरै पुस्तकहरू पनि लेख्नु भएको थियो । भगवान् बुद्धको उपदेशअनुसार नै बुद्धशासनलाई पालन गर्नुभएको छ । मान्छे भएपछि मनुष्य नै बन्नुपर्छ । दुईवटा खुट्टा भयो भन्दैमा मान्छे मनुष्य हुन सक्दैन । त्यसैकारण भगवान् बुद्धले भन्नुहुन्छ -' पहिला मानिस बन ।' यसो भन्नुको मतलब पशुलाई त्रिछान भन्दछन् । पाली भाषाअनुसार त्रिछान भनेका तीनवटा हो । पशुसँग तीनवटा मात्र गुण हुन्छ भने मनुष्य बन्न चारवटा गुण आवश्यक छ । खानु, सुत्नु, बच्चा पाउनु र ठीक बेठिक जान्नु : यो चारवटा जानेकोलाई मनुष्य भनिन्छ । नत्र पशुमा नै गनिन्छ ।



Downloaded from http://dhamma.digital

१) खानु : खाना त पशुले पनि जसरी भए पनि खोजेर खान जान्छ । आफ्नो बच्चालाई पनि खुवाउन जान्छ, जे पनि खान्छ खाली पेट भर्दछ । त्यस्तै मानिसले पनि खाइरहेको छ । धनीहरूले मीठो मीठो र गरिबहरूले जे-पायो त्यो खाएर जीविका चलाएकै हुन्छ । आफ्नो बच्चालाई पनि खुवाइरहेको छ । जति कष्ट सहेर पनि बच्चालाई पालनपोषण गरेको छ । अब विचार गर्नुस् त पशु र मानवमा के फरक भयो त ?

२) सुत्नु : जनावर पनि जंगल, बाटो, घर पाटीमा सुतिरहेकै हुन्छ । कोही जनावर बच्चालाई च्यापेर सुतेका हुन्छन् । निन्द्रा आएपछि जहाँ पनि सुत्ने गर्छन् । पशु भए पनि पुण्यवान पशु अथवा कुकुरहरू राम्रो खाना र राम्रो ठाउँमा सुतेको हुन्छ । म सन् २००१ मा अमेरिका जाँदा अमेरिकन दिदीको कुकुरको लागि ओछ्यान किनेर ल्याएको देखेँ । साधारण मानिसले त्यस्तो ओछ्यान पाएको छैन होला । कुनै कुकुर नै भएपनि त्यस्तो ओछ्यानमा सुत्न पाउने र कुनै कुकुरहरू बाटो, मसानघाट, खोला किनारमा त्यसै सुतिरहेका हुन्छन् । त्यस्तै मानिसहरू पनि कोही जताततै सुतेको देख्न सकिन्छ । भारत, नेपालमा मानिसहरू बाटोघाटोमा, आँगनमा, झुपडीमा जहाँ सुत्ने ठाउँ पाइन्छ, त्यहिँ सुतिरहेको देख्न पाइन्छ । कहाँको ओछ्यान ? त्यस्तै बाटोमा नाङ्गै सुतेको पनि धेरै देखेको छु । अनि मान्छे र जनावर अथवा पशुमा के फरक भयो त ?

३) बच्चा पाउनु : पशुले पनि जताततै बच्चा पाएको हुन्छ । यहाँ त्यहाँ भन्ने कुरै छैन । अनि मानिसले पनि जहाँ पनि पायो त्यहीँ बच्चा पाएका हुन्छन् । खेतमा जाँदा जादै खेतमा, जंगलमा जाँदा जाँदै जंगलमा नै पनि पाउँछन् । एकजना आइमाई जंगल जाँदाजाँदै व्यथा लागेर बच्चा पाउनको लागि बसबाट अस्पताल आउँदै गर्दा बसभित्रै बच्चा पाएको मैले देखेको छु । खास त अस्पतालमा लानलाई ल्याएको हो नि तर बसभित्र नै पायो । अस्तीमात्र एकजना भोटेनी अमेरिकामा बच्चा पाउनको लागि आएको थियो तर ५ मिनेट बाँकी हुँदा शौचको लागि शौचालय गएको थियो, त्यहिँ बच्चा पायो । अमेरिकामा पनि आफूले भनेजस्तो केहि हुन सक्दैन ।

यी तीनवटा गुणहरू जनावर र मनुष्यमा बराबर छन् । तर पशु र मानवमा के फरक छ भने मनुष्य बन्नको लागि पाप र धर्म, राम्रो-नराम्रो, आफूले दु:ख गरेर कमाएको आफ्नो परिवारको लागि मात्र होइन अरुको मद्दतको लागि पनि हो भनेर



Downloaded from http://dhamma.digital

मद्दत गर्न सक्ने व्यक्ति मात्र मानिस बन्न सक्छ । आफूले गरेर अरुलाई पनि अलि फाइदा होस् । जन्म भएपछि मृत्यु पनि हुन्छ भनेर थाहा पाउनेलाई नै मनुष्यमा गनिन्छ । पञ्चशील पालन गर्ने, गुणलाई थाहा पाउने, कसैलाई दुःख नदिने उपकारी व्यक्ति मात्र मनुष्यमा गनिन्छ । त्यसैकारण भगवान् बुद्ध भन्नुहुन्छ - पहिला मनुष्य बन्ने कोसिस गर । मनुष्य मात्र मार्गको बाटोमा जान सकिन्छ । सबैभन्दा ठूलो मनुष्य नै हो । मनुष्य पछि महामानव बनाउन कथा नभई हुँदैन । त्यसैकारण लेडीछ्यादोले ८०६ शिलापत्रमा त्रिपिटक लेखेर नाम राखेर जानुभयो । मनुष्य बनेर जानुभयो ।

## ■ नाग र भगवान् बुद्धको मूर्ति

नाग भगवान् बुद्ध मन्दल शहरबाट ४ घण्टा जति बसबाट जान सकिन्छ । यहाँको इतिहास यस्तो प्रकारको छ : यो ठाउँमा दाताहरूको इच्छा थियो भगवान् बुद्ध र विहारहरू बनाउने । तर गरिब भएको हुनाले बनाउन सकेनन् । सधैं आउने भगवान् बुद्धलाई सफा सुग्घर गर्ने । सानो बुद्धको मूर्ति एउटा थियो । यो मूर्तिलाई विहार बनाएर राख्ने ठूलो इच्छा थियो । इच्छा मात्र भएर के गर्ने पैसा पनि चाहिन्छ । भन्छन् जे भए पनि हुन्छ, तर पैसा नभए केहि काम गर्न सकिँदैन । त्यसैकारण पैसा पनि जरुरी छ । एकजनाले सेवा गर्दा अर्को दाता पनि थपियो । यस्तै अर्को दाता पनि थपिए तीनजना भए । इच्छा त एउटै थियो । तर तिनीहरूले केही गर्न सकेनन् । हुँदा हुँदै तीनैजनाको मृत्यु भयो । मृत्यु हुँदा पैसाको लोभले गर्दा यिनीहरूको सर्प अथवा नागको रूपमा जन्म भयो । त्यो भगवान् पनि त्यसै भयो । वास्ता नगर्दा भएको सामान पनि बिग्रँदै गयो अनि त्यहि भगवान् बुद्धको मूर्तिसँगै तीनैवटा सर्प बसिराखे ।

एकदिन त्यो गाउँको प्रमुखको सपनामा सर्पहरूले हामीहरू भगवान् बुद्धको मूर्तिसँगै छौं, तपाईले निकालेर उपकार गर्नु भनि देखाएछन् । यहाँ ठूलो विहार बनाउने इच्छाले गर्दा मलाई यस्तो सपना आयो भनि त्यो ठाउँमा खन्न लगाउँदा भगवान् बुद्ध र सर्प भेट्टाए । अनि सर्पलाई निकालेर एउटा राम्रो ठाउँ बनाएर राखियो । त्यसपछि त्यो ठाउँको प्रचार प्रसार हुँदै गयो । अनि मानिसहरू पनि आउने जाने गर्न थाले । एउटा नाग भगवान् बुद्धको माथि बस्ने, दुईवटा दाया बायाँ बस्ने । यस्तो कुरा सुनेर हाम्रो समूह पनि त्यहाँ गएको थियो । मलाई बर्मी भाषा अलिअलि आउने हुनाले त्यहाँ पुजारी दाताले दातामा दाताबा भन्नु र पैसा धेरै चढायो भने शरीरमै बसिदिन्छ भन्नुभयो । त्यसको कुरा सुनेर त्यस्तै गरे । साँच्चिकै त्यो सर्प



Downloaded from http://dhamma.digital

शरीरमा बस्न आयो । झूठो भन्नुभएको होइन रहेछ । तर सर्पले टोक्छ भन्ने मात्र सुनिराखेको हुनाले पनि अलि डर त लाग्ने भइहाल्यो । इच्छा भनेको गजब रहेछ । ती तीनवटै अष्टशीलमा बस्ने, विहान ११ बजेतिर दूध खाने गर्छन् । त्यहाँ पोखरी र एउटा देवकन्याको मूर्ति छ । पोखरीमा गएर नुहाएपछि मात्र दुध पिउने गर्छन् । दुध पिएर फेरि त्यहि भगवान् बुद्धकहाँ नै बस्न आउने गर्छन् । देशविदेशबाट यहाँ हेर्नको लागि आउने गर्दछन् । एकजनाले पैसा नराखिकन उनीहरूलाई छुँदा टोक्न खोज्यो भनेको पनि सुनें । किनभने तिनीहरूको इच्छा भगवान् बुद्धको विहार बनाउने थियो तर पैसा नभई विहार बनाउन सकेनन् । भगवान् बुद्धलाई चढाएको पैसा जम्मा गरेर ठूलो विहार पनि बनाइयो ।

हामी दोश्रो पटक जाँदा नाग र भगवान् बुद्ध मात्र चारैतर्फ बनाएर राखेको थियो । धेरै पैसा भगवान् र नागलाई चढाउने । त्यहि पैसाले नागको इच्छा बमोजिम बुद्धको मूर्ति, मन्दिर विहारहरू धेरै बनाइदिए । एउटा गजबको कुरा के छ भने एउटा नागको मृत्यु हुँदा पाठ गर्दै लावालस्कर मलामी गयो र नागलाई जलाउनको लागि मसान पुगेपछि मान्छेलाई जस्तै गरेर आगो हाल्दा आगोले छोएन । जति गर्दा पनि आगोले नछोएपछि फर्काएर त्यहि मन्दिरमा राखिएको छ ।

## ■ तिहा याक्यो, नां तुरा

तृष्णा भनेको गजवको हुँदोरहेछ । जबसम्म तृष्णा हुन्छ तबसम्म हामीले जन्म लिनुपर्छ । तृष्णालाई काट्न सक्यो भने फेरि फेरि जन्म लिई रहनु पर्दैन ।

हिन्दूहरू भन्दछन् कि तृष्णा अथवा आत्मा कहिले पनि मर्दैन सधैं अमर रहन्छ । शरीर मात्र मृत्यु हुन्छ तर चित्त, आत्मा कहिले पनि मृत्यु हुँदैन भन्दछन् । तर बौद्ध धर्ममा बौद्ध दर्शनले के भन्छ भने सबै अनित्य हुन्छ । यो संसार पनि उत्पति पछि विनास भएर जान्छ । सबै परिवर्तन भएर आउँछ र जान्छ । हामीले एकचोटि विचार गरौं त मानिसहरू बालक अवस्थामा हुँदा ठूलोको जस्तो लोभ, चित्त हुँदैन । बालक अवस्थामा खाने र खेल्ने मात्र इच्छा हुन्छ । तर जब तरुण तरुणी भएर आउँछ विभिन्न प्रकारका लोभ लालच बढ्दै जान्छन् । बूढाबूढी भएपछि अर्को खालको लोभ हुन्छ । सबैले एकदिन मर्नुपर्छ । तर मृत्युदेखि सबै डराउँछन् र मर्न चाहँदैनन् । तर के गर्ने जन्म भएपछि मर्नैपर्छ । आफूले भनेजस्तो हुँदैन । शरीर परिवर्तन भएजस्तै चित्त पनि परिवर्तन हुन्छ । अनि चित्त नित्य कहाँ छ त ? शरीर



Downloaded from http://dhamma.digital

अनित्य छ । त्यस्तै चित्त र आत्मा पनि अनित्य छ नित्य केही पनि छैन । यो संसार बनेको नै चित्तको कारणले हो । जबसम्म तृष्णा, इच्छा, आकाङ्क्षा भइरहन्छ तबसम्म हामी यो संसारमा जन्म लिनु नै पर्छ । जब तृष्णालाई काट्न सकिन्छ तबमात्र जन्म लिनु पर्दैन ।

एउटा उपमा : जस्तै आगो भएसम्म अर्को आगो हुन्छ । त्यस्तै धानको बीऊ भनौं त्यसको उत्पन्न हुने शक्ति भएसम्म जहाँ फ्याँके पनि उम्रेर आउँछ । त्यो धानलाई भुटिसकेपछि धान रोप्न जान्ने कृषकले यो राम्रो खेत, माटो, पानी र हावा राम्रो छ भनि रोपे पनि उम्रँदैन । कारण त्यसको उम्रने शक्ति नै खराव भइसकेको हुन्छ । आगोलाई पानीले पुरा निभाइदिएपछि जति मेहनत गरेता पनि फेरि बल्दैन । हाम्रो चित्त पनि त्यस्तै हो । नागको पनि चित्त र तृष्णाले गर्दा बारम्बार जन्म लिनुपरेको हो । ध्यानबाट तृष्णालाई काट्न सक्यो भने फेरि फेरि जन्म लिनु पर्दैन ।

## ■ भकौ नाग

भकौमा यो नाग अहिले पनि बाँचेको छ । म अहिले मात्र होइन २००३ र २००७ मा पनि गएको थिएँ । यसको कहानी यसप्रकारको छ : फा भन्ने ठाउँमा स्वेयन्यू धकमाजीहरू लगायत तीनजना जंगलमा घुम्न गएका रहेछन् । अनि तीनजना साथीहरू जगंलमा घुम्दै जाँदा डाँकाहरू आएर स्वयन्युलाई मारिदिएछ र दुइजनाले भागेर ज्यान बचाएछन् । उहाँको एकजना मामा भगाँमा भिक्षु बनेर बस्नुभएको थियो । त्यसैले उहाँलाई भगवान् बुद्धको मूर्ति र विहार बनाएर दिने इच्छा थियो । तर फांमा छँदा पनि मामालाई विहार बनाएर दिन सकेन शत्रुहरूले मारी दिए । यहि जन्मको कुरा हो यो । अनि त्यही तृष्णाको कारणले ठूलो नाग भएर जन्म भयो । अहिले त्यो नाग ८० किलोको छ । मैले बोक्न खोजेको तर सकिनँ । त्यो नाग फांबाट रंगुनसम्म आउनको लागि ३ वर्ष लगाएर आएको थियो ।

फां देशबाट तीन वर्ष लगाएर रंगुनसम्म आएपछि आफ्नो साथीको घरमा लुकेर बस्यो । किनभने बच्चाहरूले देख्यो भने डराउँछन् र ठूलाहरूले देख्यो भने मारिदिन्छन् भन्ने डर थियो । त्यहि राती साथीले सपनामा त्यो नागले तिम्रो घरको छिँडीमा बसेको छु, मेरो मामाकहाँ पुऱ्याइदिनु भनि भन्न आएछ । फेरि तिमीले यो नम्बरको चिठा लिनु तिमीलाई चिठ्ठा पर्छ भनेर सपनामा देखाएछ । हतरपतर गएर चिठ्ठा किन्न गयो । सपना सहि भएछ र उसलाई पहिलो चिठ्ठा नै परेछ । त्यो गरिब



Downloaded from http://dhamma.digital

साथी चिट्ठा परेपछि धनी भयो । अनि छिँडीमा बसेको छु भन्थ्यो भनि कसैले थाहा नपाउने गरी हेर्न गयो । त्यहाँ साँच्चै नै ठूलो सर्पलाई देख्यो । एकचोटि त डरायो पनि तर सपनामा साथी भनेर देखेकोले डराएनन् । हेस्वेनु भनेर बोलाउँदा सर्पले उसलाई हेऱ्यो । तिमीलाई म केहि पनि गर्दिन । अब तिम्रो मामालाई भन्न जान्छु भनेर सरासर भिक्षु मामालाई भन्न गयो । मामाले त्यति विश्वास गरेन । बचपनमा मामासँग बसेर खेलेर आएको संस्कार छँदैछ । अनि मामा भिक्षु सरासर त्यहाँ आएर बोलाउँदा हत्त न पत्त मामाको टाउकोमा गएर बस्न गयो । बच्चामा गर्ने बानी सर्पको अवस्थामा पनि रहेछ । संस्कार भनेको साथसाथमा आउने रहेछ । टाउकोमा बस्न गएपछि मामालाई पत्यार लाग्यो । बोल्न नजाने पनि सबै कुरा बुझेको थियो । अनि मामा चाहिँले ठूलो गाडा ल्याएर ८ जना उपासकहरूको साथ लिई आफू बसेको ठाउँमा लिएर गए । फेरि त्यो सर्पले साथीलाई मैले भनेको नम्बरको चिट्ठा लिनु आधा आफूलाई आधा विहार बनाउनको लागि दिनु भनेर सपनामा देखायो । साथीलाई विश्वास भईसकेको थियो । त्यस्तै विश्वास गर्नेलाई सपनामा आएर यो यो नम्बरको चिट्ठा लिनु भन्दछ । सपना आउँदा अर्ध निन्द्रामा हुन्थ्यो । त्यो अनुसार चिट्ठा लिएपछि पाउने रहेछ । अनि आधा पाउनेलाई र आधा विहारको लागि दान दिने गर्न थाल्यो । धेरैजनालाई यस्तो सपना देखायो चिट्ठा पनि पऱ्यो । चिट्ठा परेको आधा भाग विहार बनाउन दानदिने भएकोले विस्तारै विहार पनि पूरा भएछ । हामी सन् २००५ मा जाँदा त्यहाँ केही थिएन । पछि जाँदा पुरा सुनै सुनको विहार र चैत्य थियो । त्यो सर्पको नाम नै स्वेन्यु भयो । सर्पले खाने बेला १० वटा कुखुरा एकैचोटि खाने अनि एक हप्तासम्म अष्टशीलमा बस्ने । जिउँदो कुखुरो खाँदैन मरेको अथवा मारेर राखेको भए मात्र खान्छ । धर्म प्रचार प्रसार गर्ने, त्याग भावना भएको व्यक्तिलाई मात्र चिट्ठा सम्बन्धी सपनामा देखाई दिने गर्छन् रे । सबैले पत्याएकै छन् र बनाएका पनि छन् । जहाँ-जहाँ गरिब मान्छे हुन्छ र भगवान् बुद्धको मूर्ति राख्न चाहन्छ तर राख्न सक्दैन त्यहाँ त्यहाँ गएर धर्म प्रचार प्रसार गर्ने भएको छ । यो नाग र उसको मामाको फोटो यही हो । पत्याउन नपत्याउनु आफ्नो हातमा छ ।

अर्को वर्षमा जाँदा अब यहाँ हामी (नाग र मामा भिक्षु) यहाँ हुँदैनौं स्या भने ठाउँमा जाने भनेका थिए । नागलाई गाडीमा हाल्नको लागि धेरै मानिसहरूको मद्दत चाहिन्छ नत्र सकिँदैन । त्यसैले जान त सकिन्छ तर मान्छेले देखे मारीदिन्छ भने डर । त्यसैकारण गाडीबाट लिएर जाने गर्छ । धर्म प्रचारको लागि धेरै गरिबहरूलाई धनी बनाइदिए । धेरैले बौद्ध दर्शनप्रति विश्वास गर्दछन् । तृष्णाको कारणले र



Downloaded from http://dhamma.digital

क्रोधको कारणले सर्प बनेर जन्म लियो । भोलि के हुन्छ भन्न सकिँदैन त्यसकारण समयमा पुण्य गरेर राख्नुपर्छ । त्यो आफैलाई नै हो ।

## ■ बर्मामा पढ्न जाँदा

२१ अप्रिल १९८१ मा म, रूपावती, ज्ञाणवती, सुजाता र बर्दे हामी पाँचजना बर्मामा बौद्धदर्शन पढ्नको लागि गएका थियौं । अप्रिलमा गएकाले धेरै नै गर्मी भयो । बर्मामा पुग्नासाथै स्वतगौउफया दर्शन गर्न गयौँ । हामीसँग उन्यूधकाजी र दोधकमाजीहरू पनि थियो । म भारतबाहेक अरु देशमा गएको थिइनँ । बर्मामा पुग्दा सुनै सुनले बनाएका चैत्यहरू र चारैतर्फ भगवान् बुद्धका मूर्तिहरू देख्दा त्यो समयमा म कहाँ पुगे थाहै भएन । यति खुसी भएँ कि बयान गरेर साध्यै छैन । त्यो समयको खुसी अहिले पनि याद आउँछ । अर्काको देशमा भगवान् बुद्धको मूर्ति र चैत्यहरू बनाएर राखेको देख्दा आफ्नो नेपाल देखेर दुःख लाग्छ । कारण बर्मामा भगवान् बुद्ध एकचोटि मात्र पाल्नुभएको थियो भनिन्छ । एकचोटि पुगेको ठाउँ र जन्म भएको ठाउँमा कति फरक छ । बुद्धको उपदेशअनुसार काम गरेको ठाउँमा झन्झन् विकास भएको छ । उहाँको उपदेशअनुसार काम गरेको भए देश धनी पनि हुने, शान्त पनि हुने । डाँका, लुच्चा, हत्यारा, चोर, बदमासहरू हुदैनथ्यो होला । अब के गर्ने जन्म मात्र नेपालमा कर्म अर्काको देशमा भएपछि ।

मलाई स्वयतगौ फयाबाट तल आउनै मन लागेको थिएन । तर के गर्ने मनपरेको सबै पाइँदैन । त्यहि बेलुकादेखि हामीलाई माहरित्त सासना ऐता भन्ने ध्यानकेन्द्रमा लगेर राख्नुभयो । बर्मी भाषा जानेको थिइनँ । धेरै गरें तर शरीर चाहिँ बर्माको ध्यान गरेको ठाउँमा अनि मन चित्त चाहिँ नेपालमा । कहिले खुट्टा दुख्ने, कहिले टाउको दुख्ने । आफूलाई भएका अनुभवहरू सबै बेलुका गुरुकहाँ गरेर भन्न जानुपर्ने । तर के भाषाबाट भन्ने ? भाषा नजानेर धेरै दुःख भयो । गुरु उजवन छयादोले सोध्नुभयो कि तिमीहरूमध्ये अङ्ग्रेजी जान्ने कोही छ ? त्यति बेला सुजातालाई हामीलाई भन्दा अङ्ग्रेजी आउँथ्यो । नेपालीमा लेखेर राख्नु, अङ्ग्रेजीबाट उल्था गरेर मलाई भन भन्नुभयो । त्यस्तै गरेँ, जे भएको छ त्यो सबै नेवारीबाट लेख्ने । त्यसपछि सुजाताले उल्था गरिदिन्थिन् । यस्तो समस्या झेल्दै एक महिना बिताउन धेरै गाह्रो भयो । एक महिनासम्म चित्त घरमा मात्र जान्थ्यो । नेपालमा गएर आमा, बा र साथीहरू भेटेर कुरा गरेको सम्झिने । यसरी मनमा कुरा हुँदा एक घण्टा गएको थाहा नै हुँदैन थियो । समय त्यसै जान्थ्यो । घण्टी लागेपछि उठेर चक्रमण



Downloaded from http://dhamma.digital

गर्ने । आफ्नो साथीहरूसँग कुरा गर्न पनि नहुने । कुरा गर्नुपऱ्यो भने चोरी चोरी कुरा गर्ने । शरीर बर्मामा भएपनि चित्त काठमाडौंमा । यसरी बस्दाबस्दै एक महिना बितेछ । गुरुले प्रवचन गर्नुभएको पनि केहि नबुझिने । पछि आफ्नो चित्त एकाग्रह गर्न सकें । आफ्नो चित्त आफ्नै हातमा हुन्छ । आफूलाई जे गर्न मनपर्छ त्यहि गर्न सकिन्छ । पहिला चित्त उत्पन्न हुने पछि शरीर र वचनले काम गर्ने भयो यतिसम्म थाहा भयो । फेरि यहाँका मान्छे र ध्यान गर्ने तरिका कस्तो भने हरेक व्यक्तिले ध्यान गर्नैपर्ने । रोगी, रिसाहा, स्कुलमा अनुत्तीर्ण मात्र हुनेहरू सहि ध्यान गर्नुपर्छ भनेर आउने गर्छन् । मैले यी चार किसिमको व्यक्तिहरूसँग कुराकानी गरेको थिएँ । रोगीहरूले औषधी लिएर बसेको ठाउँमा औषधी खाँदै ध्यान गर्ने पछि आएर औषधी सकिन्छ । मैले सोधें -'तपाईहरू किन औषधी लिएर ध्यान गर्नुभएको ? अनि उहाँले जवाफ दिनुभयो कि घरमा औषधीले छोडेन । त्यसैले यहाँ आएर ध्यान गर्दा गर्दै रोग पनि निको भएर आयो । अर्को रिसाहाले यहाँ आएपछि रिसलाई काबुमा राख्न सकें । रिस उठ्ने बेला होस आउन थाल्यो । त्यसैले ध्यान गर्न आएको बताए । फेल मात्र हुनेले चित्त एउटा ठाउँमा राख्न नसकेकोले जति पढे पनि जाँचमा फेल मात्र हुने भएकोले ध्यानले चित्तलाई एकाग्रह गर्न सकिन्छ भनेर बस्न आएको भनि भने । ध्यान गर्नु आवश्यक छ । दान, शील र ध्यान अत्यन्त आवश्यक तत्व हो । जन्म पछि मृत्यु हुन्छ । जन्म र मृत्युबीचमा शान्तपूर्वक जीवन चलाउनको लागि ध्यान अत्यन्त आवश्यक छ । त्यसैकारण ध्यान गर्नु आएको भनी बताए ।

ध्यान बस्दा बस्दै दुई महिना बित्यो । शरीरमा कहीं पनि दुखेन । शरीर पनि आफ्नो होइन जस्तो अनुभव हुन थाल्यो । कहिलेकाहीं बर्मीहरूसँग लुकेर कुरा गर्थ्यौं । उनीहरूले न्याभ्रे पाएपछि घर जाने भन्थे । १५ दिन पछि न्याभ्रे पायो अब घर जाने भनेर गए । मलाइ त न्याभ्रे भनेको के भनेर थाहा भएन । अनि मनमा त्यो पनि मान्छे हो म पनि । उसले पाउन सक्छ भने मैले किन नसक्ने भनेर खुब मेहनत गरें । कसैसँग कुरा पनि गरिनँ । ध्यानमा जे भएको छ त्यो मात्र गुरुलाई भन्न जाने गर्न थालें । तीन महिनामा मलाई पनि न्याभ्रे प्राप्त भयो । महासी छयादोकहाँ जाने भनेर दोलाये धकमाजीले मलाई एक्लै लानुभयो । त्यहाँ भएको सबै कुरा सुनाएँ । महासी छयादोले साधु साधु साधु भनेर साधुकार दिनुभयो । दोलाये धकमाजी धेरै खुसी हुनुभयो र नेपालमा अनि मोल्मीन छायाफया गुरुमाँलाई पनि फोन गर्नुभयो । न्याभ्रेको तीन महिना पछि मोलमिन खेमायामा साताताई भन्ने गुरुमाँहरूको विहारमा गएँ । त्यहाँ नौ महिना अभिधम्म पढँ । पहिला त क ख ग पढें, पालीबाट बर्मी आएपछि अभिधम्म पढाउनु भयो । अभिधम्म दुईवटा सुजे पनि पास गरें । त्यहि



Downloaded from http://dhamma.digital

समय विदेसीहरूले के गडबड गरेको थियो होला थाहा भएन । बर्मा सरकारले १९८२ अप्रिलमा सबै विदेशीहरूलाई बर्माबाट हटाइदिए । त्यसमा हामीहरू पनि परिहाल्यौं । पछि आएर सिदगु छयादोले पढ्नका लागि बोलाउनुभएको थियो । फेरि फेरि पनि त्यस्तै गर्ला जस्तो भयो ।

## ■ च्याथियुफया

१९८१ अप्रिलमा गएर खेमायामा साततै भन्ने गुरुमाँहरूको विहारमा बसेको थिएँ । नौ महिना बस्दा विदेशीहरू बस्न पाइँदैन भनेर सरकारको खबर आएपछि आफ्नो देश नेपालमा आउनु नै पर्‍यो । दोपञ्चारी गुरुमाले त्यहाँ अचम्मको चैत्य चैथियुको विषयमा अलि अलि सुनाउनु भयो । तर के गर्नु विदेशीहरू जान नहुने रहेछ । मलाई बर्मी भाषा पनि अलि अलि आउने र म बर्मीजस्तै देखिने भएकोले गुरुमाँलाई फकाएँ । अनि गुरुमाँले गाडी रिजर्भ गरेर पठाउनु भयो । तल तथौंसम्म त गाडी जान्थ्यो त्यसपछि उकालो भएको कारणले ५ घण्टा हिँडेर जानुपर्‍यो । ठीकै भयो त्यो बेला उमेर पनि थियो । हिँडेर जाँदा ठाउँ ठाउँमा पानी राखेको देखें । बाटोमा नुहाउने पनि व्यवस्था मिलाएको थियो । भन्ते गुरुमाँहरूलाई पैसा लिने चलन रहेनछ । जंगलको बाटो हिँडेर जानुपर्ने थियो । बाटोमा पसल थापेर बसेका एकजना व्यक्तिले 'यहाँको जंगल गजबको छ । मनपरी गफ गरेर गयो भने बाटो देख्दैन । एकजना गुरुमाँ तीनपटकसम्म बाटो नदेखेर फर्केर आउनुभएको थियो । त्यसकारण तपाईहरू पनि आफुखुसी गफ नगरी परित्राण र बुद्धपूजा गरेर जानुहोस्' भनी सल्लाह दिए । मलाई त डर लाग्न थाल्यो र किनभने यस्तो हेर्न मन लागेर गुरुमाँलाई रिझाएर आएको थिएँ । यदि बाटो नै देखिनँ भने के गर्ने होला जस्तो भयो । त्यसपछि गफ नगरिकन बुद्ध गुण नौवटा, धर्म गुण छ वटा र संघ गुण नौवटा परित्राण पाठ गरेर गएँ । बेलुका ५ बजेतिर पुगँ । त्यहाँ पुग्ने बितिकै गजबको अनुभव भयो र अचम्म पनि लाग्यो । कारण त्यहा एउटा ठूलो गहिरो ढुंगा छ । पुरा पहाड अनि ढुंगामाथि ठूलो ढुंगा अडिरहेको थियो । तल खस्ला खस्ला जस्तो लाग्यो । त्यहाँ पुरा रात नसुतिकन बसैं । त्यसैलाई चैथियो भन्दछन् भनेर बर्माका अरु गुरुमाँले भन्नुभयो । र यो चैत्य भगवान् बुद्धको केशधातु राखेर बनाइएको हो भन्ने पनि थाहा पाएँ । यो चैत्य इन्द्रले एकजना ऋषिमुनिलाई दिनुभएको र उनैले राखेको भनेर भनियो । चैथियुको मतलब पहिला यो चैत्यमुनि कुखुरा आउने जाने गर्थ्यो । अहिले पनि छुँदैन भनेर दुईजना दुई तर्फ बसेर धागो पसाएर हेरेको त धागो



Downloaded from http://dhamma.digital

नचुँडिकन निस्कियो । तल ढुंगा माथि पनि, छोएन गजब लाग्यो । त्योबेला यसको इतिहास त्यति थाहा भएन । म त पाँच पटक पुगें । पछि इतिहास सुन्दा गजब लाग्यो यो शक्तिशाली चैत्य त्यसै मनपरी कल्पना गरेर बनाएको होइन रहेछ । अहिले त विदेशीहरूलाई पनि जान दिइन्छ । शुल्क १० डलर तिर्नुपर्छ । सबैजना जान पाउने रहेछ । गाडीबाट पनि जान सकिन्छ तर धेरै अग्लो भएकोले बाटो एकतर्फी छ । त्यसकारण गाडी भाडा पनि महँगो छ । पहिला जाँदा दशहजार क्याट लिएको थियो । दुई वर्षपछि जादा १ लाख २० हजार गाडी भाडा मात्रै लियो । प्रवेश शुल्क एक जनाको २-१० डलर लिन्छ ।

यो चैथियु फयाको इतिहास यसप्रकारको छ : एकजना ऋषि भारतबाट आएका थिए । उनी हिँडेर आउँदा आउँदै तथौमा बास बसेछन् । यो बर्मा भन्ने ठाउँमा भविष्यमा बुद्धधर्मको धेरै प्रचार प्रसार हुनेछ भनि ऋषिमुनिले भगवान् बुद्धको सेरा धातु आफ्नो जटामा राखेर नदीतिर गएर ध्यान गर्न गएछन् । केशधातु खस्ला र अरुले लापरवाही गर्ला भन्ने ठूलो डर लागेछ । त्यसैकारण ऋषिमुनीको जटाभित्र कसैलाई थाहा नहुने गरि धातु राखेको रहेछ । ध्यान गर्दा गर्दै बूढो भएपछि यसबारेमा चिन्ता हुन थालेछ । ऋषिको त्यो चिन्ता देवराज इन्द्रले थाहा पाएर मनुष्यको रूपमा आएर तपाईलाई केहि आवश्यक छ कि भनि प्रश्न गरेछन् । मलाई अरु केहि चाहिँदैन तर यो मेरो फेटा अड्किने एउटा ढुंगा ल्याइदिनु । किनभने मेरो यो फेटा तल नखस्ने गरी ढुंगामाथि राख्छु । सधै तल खस्ला भन्ने डर । त्यसै कारण यो मेरो फेटा अट्ने ढुंगा ल्याइदिनु बाबु भनेछन् । आफ्नो फेटाभित्र भगवान् बुद्धको केश धातु छ भनी भनेनन् । अनि इन्द्रले पनि हुन्छ भनेर खोलामा गएर उनकै टाउकोमा राखेको फेटा जस्तो ढुंगा ल्याइदिए । ऋषि धेरै खुसी भए ।

Dhamma.Digital

## ■ आमाको चित्त बर्माको घटना

म्यानमारमा पनि धेरै धनी र गरिबहरू छन् । यो सबै आफ्नो-आफ्नो कर्मको फल हो । रंगुनबाट धेरै टाढा गौथियो कोला भन्ने गाउँमा एउटा परिवार थियो । एकदिन अचानक परिवारको मूलीचाहिँको निधन भयो । अब तीनजना मात्रै बाँकी भए । आमाचाहिँ छोरा र छोरीहरूको मायाले आफ्नो चित्तलाई शान्त अथवा धैर्य गरेर बसेछन् । बच्चाहरू विस्तारै ठूलो भएर आए । एउटा झुपडी थियो त्यो पनि जंगलभित्र । अनि आमाचाहिँले दु:ख सुख गरेर अर्कोको जुठो माझेर बच्चाहरूलाई हुर्काए । तर एकै आमाबुबाले जन्म दिएको भएपनि छोराछोरीहरू सबैको बुद्धि, चित्त



Downloaded from http://dhamma.digital

एउटै नहुने रहेछन् । आफ्नो-आफ्नो कर्ममा भरपर्ने रहेछ । आमाबुबाले बाटो देखाउनुपर्छ ।

गरिब आमाले विचार गरिन् कति अर्काको घरमा काम गर्नजाने ? बच्चाहरू पनि ठूला भएर आएछन् । छोराचाहिँ ठूलो तर छोरी सानी थिइन् । छोराचाहिँले आमालाई सल्लाह दियो -'आमा, हामीले सानो पसल एउटा खोल्ने । म यताउताबाट सामान, आलु लिएर आलुको चप नाङ्लोमा राखेर पसल खोल्ने । तपाईले बेचिराख्नु म काम गर्छु । चोरेर खानु हुँदैन, ठगेर खानुहुँदैन । तर काम गरेर त हुन्छ भनेर आमा छोरा सल्लाह गरेर आलु, नाङ्लो किनेर ल्याए । आफूसँग पैसा नभएकोले उधारोमा ल्याए । आलुचप धेरै मेहनत गरेर पकाएको हुनाले चल्यो पनि । यस्तै गरेर जीविका गरेर बस्न थाले ।

एकदिन झ्याली पिटेर पुलिसको जागिरको लागि खोज्न आयो । त्यहाँ बारम्बार लडाई झगडा पनि भैइरहने । पुलिसहरू पनि धेरै नै चाहिने थियो । पहिला पुलिस जागीर मन नपर्ने छोराको दिमागमा गरिब भएर बस्नुभन्दा देशको सेवा गर्छु । पैसा भए पछि आमाको सेवा गर्छु भनेर आउने र जाने निर्णय गऱ्यो । आमालाई विदा माग्दा आमाले भनिन् -'छोरा, बरु हामी मिलेर खोले खाएर बस्छौं । त्यो पुलिसमा जाने नभन्नु बाबु ।' यो ठूलो मौका हो जे होस् राम्रो कामको लागि जान लागेको हो । आमा मलाई केहि हुँदैन । बरु तपाईको आशीर्वाद चाहिन्छ मेरो केही चिन्ता नगर्नु । अरुलाई दु:ख दिन हुँदैन काम गरेर खानलाई कसैसँग डराउनु पर्दैन । बरु मलाई तपाईले माया गरेर एउटा सानो कपडा दिनुस् म छातिमा बाँध्छु भनेर आफ्नो आमाको पटुका लिएर छातीमा बाँधेर गएछ । अनि पुलिसमा भर्ना भएर तालिम पनि पास भयो । उसको पालामा गाउँमा लडाई भयो । सरकारले उसलाई त्यहाँको प्रमुख बनाएर पठाएछ ।

आमा र छोरीचाहिँ सधै आलु पकौरी, आलु चप बनाएर नाङ्लोमा पसल थापेर बसेछन् । छोरी पनि ठूली भएर आइन् । बर्मीहरूको होली पर्व पनि आएछ । पहिला त लुगा मागेर लगाएको थियो । अहिले तरुणी भएर आउँदा अर्काको लुगा मन परेन । आमा मलाई पनि राम्रो एउटा लुगा सिलाइ दिनुस् । यदि लुगा राम्रो सिलाइ दियो भने मेरो आमा हो । नत्र आमा नै होइन । लुगा एउटा पनि दिन नसक्ने यस्तो पनि आमा हुन्छ भनि छोरीले भनेछ ।

यस्तो कुरा सुनेर आमालाई धेरै नै दु:ख लाग्यो । गरिब भएको कारणले एउटा लुगा पनि सिलाएर दिन नसकेको विचार आयो । मैले सधै सामान लिने



Downloaded from http://dhamma.digital

पसलमा उधारोमा ल्याउनु पऱ्यो । एउटा लुगा सिलाईदिऊँ न । छोरीको इच्छा पुरा गरिदिन्छु भनि सधैं सामान लिने पसलमा गएर उधारो माग्न गयो । 'साहुजी मेरो छोरीलाई एकजोर लुगा सिलाउनको लागि कपडा दिनुस् । मसँग पैसा भएपछि दिन्छु भनिन् । साहुलाई भगवान् बुद्धको वचन र बिशाखा उपासिकाको बारेमा उहाँको बुबा घनञ्जय सेठले दिएको उपदेश याद आयो । दिन जान्ने व्यक्तिलाई मात्र दिनू, दिन नजान्नेलाई नदिनू । आमाले त पैसा भएको बेलामा तुरुन्त दिन आउँछ । यसलाई दिनुपर्छ भनेर छोरीलाई चाहिएको जति कपडा दिइपठाऐ । अनि छोरीको इच्छा पूरा भयो ।

होली पर्वमा छोरीचाहिँ नयाँ लुगा लगाएर ऐनामा हेर्दै आमा बल्ल तपाई आमा भयो । कस्तो राम्रो छ हगी आमा भनेर खुसी भएर साथीहरूसँगै बाहिर घुम्न गएछन् । संजोगको कुरा हो । यताबाट गएको केटीहरूको बथान र उताबाट आएको केटाहरूको बथानको भेट भयो । त्यसमध्ये दुई जनाको आँखा जुधेर इसारा गऱ्यो र दुवैजना केटा र केटी अलग भएछ । चिया खान लाग्दा बाटैबाट हेर्दा नै खाउँ खाउँ जस्तो आलु पकोरी देख्यो र केटाले कतिलाई हेर त्यो आलुचिप्स कस्तो राम्रो खाऊँ खाऊँ जस्तो लाग्यो । जाऊ किनेर आऊ भनि अनुरोध गऱ्यो । तर केटीलाई त थाहा थियो त्यो आफ्नै गरिब आमा र आलुचिप्सको पसल हो भनेर । केटीले मलाई त मन परेन त्यो बुढीको कपडा देख्दा नै फोहर जस्तो लाग्छ बरु अरु ठाउँमा जाउँ भन्निन् ।

केटाले यो केटी कम्तीको छोरी हुन् होइनन् भन्ने विचार गरेर बराबर भेट्न थाले । परस्पर मायाप्रिती बस्यो । केही दिनपछि दुवैजनाको विवाह भयो । विवाह भए पछि दुवैजना एउटा घरमा बस्न थाले । केटा धेरै धनीको छोरो भएको हुनाले केही दुःख थिएन ।

उता आमाको घरमा छोरो चाहिँ सशस्त्र प्रहरीमा जागिरको लागि गयो । छोरी विवाह गरेर गयो । समय बित्दै थियो । आमा एक्लै धेरै दुःख गरेर बसेकी थिइन् । एक्लै भएको हुनाले सबैले भने - छोरीकहाँ बस्न गए पनि हुन्छ । त्यसैले उनी छोरीकहाँ नै बस्न गएछन् । धर्म र गुणलाई थाहा पाउनु अत्यन्त आवश्यक छ । मान्छे मानव हुन अत्यन्त आवश्यक छ ।

छोरीको मनमा अलिकति पनि धर्म थिएन । गुण पनि थिएन । रूपसम्पत्तिले घमन्डी भएको अब धन सम्पत्तिले पनि धेरै घमन्डी भएछ । दुई खुट्टा भएतापनि मानिसको गुण थिएन, पुरै जनावरजस्तो । आमाचाहिँ घरमा लगेपछि नोकरको ठाउँमा



Downloaded from http://dhamma.digital

राखेको थियो । आमालाई कपडा धुने, खाना पकाएको वर्तन सफा गर्ने काम दिएछन् । आफ्ना छोराछोरी खुसी भएपछि पुग्छ भनि आमा पनि खुसी नै भइन् । यता जागिरमा गएको छोरोचाहिँलाई आमाको समस्या र आफ्नो कर्मसम्बन्धी राम्रो ज्ञान थियो । छोरोसँग धार्मिक चित्त छ, आमाको गुण पनि थाहा छ । जति टाढा भएतापनि आमालाई वन्दना गरेर आमाबाट पाएको पटुकालाई छातीमा राखेर लडाई गर्दै गयो । लडाईमा आमाको आशीर्वाद साथमा भएको सम्झेर देशको सेवा गर्ने विचार राखेर गएको थियो । इच्छा पुरा भयो । पहिला त राजाको शासन थियो । लडाईबाट जितेपछि राजा खुसी भएर उसलाई प्रधानमन्त्रीको पदवी दियो । उसलाई घर, मोटर, सेवा गर्ने सबै दिएछ । सबै त्यहि छोडेर आफ्नो आमा कहाँ छिटोछिटो घरमा हेर्न आउँदा आमा घरमा नभएपछि कहाँ गयो भनेर खोजी गर्दै आफ्नी बहिनीको घरमा गएछन् ।

आफ्नी बहिनीको घरमा आँगनमा पुग्दा बहिनीले आमालाई गाली गरिरहेको पनि उसले सुन्यो । आफूलाई जन्म दिने आमालाई मनपरी गाली गरेको सुनेर उसलाई असाध्य दु:ख लाग्यो । उनले आफू प्रधानमन्त्री भएको बताउँदै आमालाई आफूसँगै लिएर आयो । उनले आफ्नी आमालाई चाहिने सम्पूर्ण सुख सुविधा दिएर राख्न थाले । आमाको सेवा गरेर मात्र अफिस जाने गर्न थाले । उता बहिनीको घरभित्र ज्वाईं चाहि त्यहि परेछ । ज्वाइँ बाहिर आउने सकेन । उसको घर जलेको बेलामा पनि कसैले मद्दत गरेन । कारण आफ्नो पैसा भएको बेला एक पैसा पनि मद्दत गरेन्, चन्दा, दान दिएन । धनसम्पत्तिको कारण अभिमानले चुर भएर बसेछ । अरुलाई परेको बेलामा पनि केहि मद्दत नगर्ने भएको हुनाले आफूलाई परेको बेलामा पनि मद्दत गर्ने कोही भएन । चोरले चोर्दा चुकुल एउटा भए पनि बाँकी रहन्छ । तर आगोले जलेपछि केही बाँकी रहँदैन ।

त्यो जस्तो दु:ख कहाँ छ । यस्तो हुन्छ भनेर सपनामा पनि देखेको थिएन । दु:ख भनेको कहाँबाट आउँछ भन्न सकिँदैन । उता आमाचाहिँले छोरीले दु:ख पाएको थाहा पाइन् । त्यो थाहा पाएपछि छोरो चाहिँलाई भन्यो -'तिम्री बहिनीलाई यति दु:ख भइरहेको छ, यहीं लिएर आऊ ।' तर दाजुले मानेनन् । कारण आमालाई गाली गरेको शब्द अहिलेसम्म पनि उनको कानमा गुन्जिरहेको थियो । आमाको चित्त न हो सबै सन्तानको बराबरी माया लाग्छ । आमाले भनिन् -'छोरो तिमी र तिम्री बहिनीलाई मैले जन्म दिएको हुँ । तिमीहरु दुवैजना मेरो लागि बराबर छौ । तर उस्को बुद्धि नभएको कारणले यति दु:ख पाएको छ । उसको कर्म उसैले भोग्यो । कर्म विपाक भनेको भगवान् बुद्धले भन्नु भएअनुसार यहि जन्ममा भोग्नुपर्छ भनेको



Downloaded from http://dhamma.digital

थियो त्यस्तै भोग्यो । बहिनीलाई ल्याएनौ भने म पनि बस्ने छैन ।' आमाको वचन सुनेपछि आफ्नी बहिनीलाई बोलाएर ल्याए । दुवैजनाले आमाको सेवा गर्न थाले । बहिनीले माफी माग्यो । ज्ञानी पनि भयो ।

## ■ बुबाको चित्त यो पनि बर्मामा भएको घटना हो

रंगुनबाट अलि टाढा कुनै एक गाउँमा दुईजना श्रीमान् श्रीमती थिए । दुवैजना परस्पर माया दया गरेर मिलेर बसेका थिए । श्रीमती दुईजीउकी भइन् । श्रीमान् श्रीमती दुवै एकदम खुसी भए । नौ महिना पछि बच्चा पाउने बेलामा धेरै नै गाह्रो भयो । गाउँमा अनि गरिब भएकोले अस्पतालमा लिएर जान सकेनन् । घरैमा बच्चा पाउँदा आमाको मृत्यु भयो । त्यसैकारण भनिन्छ कि बच्चा जन्माउने समयमा आमाको एउटा खुट्टा स्वर्गमा र एउटा खुट्टा नरकमा हुन्छ । पक्का नै हो नर्क बलियो भयो भने मृत्यु हुन्छ र स्वर्ग बलियो भयो भने बाँचिन्छ भनिन्छ । त्यसैकारण आमाको गुण धेरै नै हुन्छ । बुबाको गुण एक सय छ भने आमाको गुण एकहजार हुन्छ । आमा बुबाको गुणलाई बिर्सन हुँदैन । गुणलाई बिर्सने व्यक्ति जनावर जस्तो हो । किनभने जनावर, पशुहरूले कसैको गुणलाई थाहा पाउँदैन ।

आमा अथवा श्रीमतीको मृत्यु भए पछि श्रीमान्लाई धेरै दुःख भयो । एकातिर भर्खरै जन्मेको बच्चालाई कसरी दूध खुवाउने भन्ने चिन्ता थियो । श्रीमतीलाई गर्नुपर्ने कर्तव्य सकाएर बच्चाको चिन्तामा लाग्यो । अब के गर्ने त दूध छैन । गरिब भएको कारणले किनेर खुवाउन सकेन । दूध खाने बच्चा भएको महिलाकहाँ गएर आफ्नो दुःखको कुरा सुनाएर बच्चालाई देखाउँथ्यो र दयामाया भएको महिलाले दूध खुवाउँथ्यो भने कसैले आफ्नो बच्चालाई त दुध पुग्दैन तिम्रो छोरोलाई कहाँबाट पिलाउने भनेर पठाउने गर्थ्यो ।

यस्तो गर्दा गर्दै ६ महिना बित्यो । ६ महिनापछि एउटा दुध दिने बाख्री किन्न पाए दुध दुहेर बच्चालाई खुवाउन पाइन्छ भन्ने विचार गऱ्यो । त्यसपछि रात दिन मेहनत गरि पैसा कमाएर बाख्री किन्यो । त्यही बाख्रीको दुध दुहेर बच्चालाई खुवायो । बाख्रीको दुध पोसिलो भएकोले होला बच्चा झन् झन् राम्रो र ठूलो भएर आयो । पहिलाको जस्तो चिन्ता भएन । विस्तारै स्कूल पनि जान थाल्यो । छोरोको लागि बुबा चाहिँ रात दिन नभनीकन काम गर्न थाल्यो । छोरो पनि हुने विरुवाको चिल्लो पात भने जस्तै स्कुलमा सधैं पहिला हुन्थ्यो । कक्षामा सबभन्दा धेरै राम्रो र



Downloaded from http://dhamma.digital

असल केटा भयो । गुरुहरूको पनि धेरै मनपर्ने छात्र बन्यो । यस्तो गर्दागर्दै स्कुलमा सधैं पहिलो हुने भएकोले स्कूलमा शुल्क पनि दिन नपर्ने भयो ।

बुबालाई पनि यस्तो छोरो पाएकोले जतिसुकै दुःख भएपनि सुखको अनुभव हुनथाल्यो । छोरोलाई आमा नभएको महसुस हुनै दिएन । केही कुराको कमी नगरीकन बुबाले सबै पूर्ण गरेर राखेको थियो । आमाबुबा दुवैको काम सम्हालेको थियो । त्यसैकारण आमाबुबालाई ब्राह्मण भन्दछन् । बौद्ध दर्शनमा ब्रह्मा भनेको ब्रह्मा देवता होइन । हिन्दूजनमा चारवटा मुख भएको सृष्टिकर्ता ब्रह्मालाई मान्दछन् । तर बौद्ध दर्शनले आमाबुबालाई नै ब्रह्मा भनेर मान्दछन् । उहाँहरू नै हो सृष्टिकर्ता । उहाँहरूको चतुब्रह्म विहार मतलब चारवटा मुख छ भन्दछन् । कारण आमाबुबासँग चारवटा चित्त अथवा ब्रह्म विहार छ ।

१) मैत्री : छोरा छोरीप्रति आमाबुबाको जस्तो मैत्री कसैसँग पनि हुँदैन । आफ्नो छोराछोरीहरू जता गए पनि मेरो छोराछोरीलाई केही नहोस् । केही आपत विपत नहोस् सुखी होस् । जहाँ गएतापनि दुःख नहोस् भनेर मैत्री भावना गर्छन् ।

२) करुणा : आफ्ना छोराछोरीलाई केहि भयो भने के गरौं कसो गरौं जस्तो हुन्छ । आफूलाईभन्दा बच्चाहरूप्रति करुणा लाग्छ । आमाको जस्तो करुणा अरु कसैको हुन सक्दैन । आफ्नो छोरो केहि भयो कि अथवा हिँडेर जाँदा लड्यो की भनेर चिन्ता गर्छन् र सधैं छोरा छोरीलाई केही नहोस् भनि करुणा राख्छन् आमाबुबाहरू ।

३) मुदिता (खुसी हुने स्वभाव) : आफ्ना सन्तानहरूले पढेर राम्रो अंक ल्यायो भने, केही राम्रो काम पायो भने, केहि राम्रो राम्रो काम गऱ्यो भने आमाबुबा धेरै खुसी हुन्छन् । जातकमा परीक्षा दिँदा मेरा बुबा खुसी भएको मलाई याद छ । मेरा जाती बन्धुहरूमध्ये पहिलो पटक एसएलसी जाँच दिन लाग्दा मेरो बुबा यति खुसी हुनु भएको थियो की बयान गरेर साध्य छैन । त्यस्तै भाईले एउटा काम समाएको बेलामा पनि धेरै सुखी हुनुभएको थियो । आफ्नो छोरा र छोरीहरूले राम्रो बाटोमा जान लाग्दा पहिला आमाबुबा खुसी हुन्छन् । आमाबुबालाई जस्तो खुसी अरुलाई हुँदैन । छोराछोरीहरू जता गएता पनि राम्रो कुरामा धेरै खुसी हुन्छन् ।



Downloaded from http://dhamma.digital

४) उपेक्षा : छोराछोरीहरू ठूलो भएपछि आमा बुबालाई वास्ता नै गर्दैनन् र आफ्नो परिवारलाई मात्र हेर्ने गर्छन् । आफूले गरेको गुणलाई वास्ता नै गरेन भने पनि आमा बुबाले आफ्नो छोराछोरीप्रति घृणा गर्दैन उपेक्षा नै गर्छ ।

न हर्षित हुनु न घृणा गर्नु दुवै नगरिकन बस्नेलाई उपेक्षा भन्दछन् । आजकाल धेरैजसो बुढाबुढी भएका आमाबुबालाई सेवा गर्ने फुर्सद नै हुँदैन । म पनि एकदिन यस्तै बूढो हुनुपर्छ भन्ने यादै गर्दैनन् । आफ्ना श्रीमान् र श्रीमती भए पुग्ने साथै छोराछोरीहरूलाई मात्र हेर्ने फुर्सत हुने । मलाई पनि यस्तै पालनपोषण गर्नुभएको थियो भन्ने मनमा अलिकति पनि नआउने मानिसहरू पनि छन् । बृद्धाहरूलाई बृद्धाश्रममा फ्याँकेर आफ्नो कर्तव्य अलिकति पनि पालन नगर्ने छोराछोरीहरू छन् । बृद्धाश्रममा फालेपनि, घरमा एक्लै छोडेता पनि, बाटोमा फालेता पनि, आमाबुबाले आफ्नो सन्तानलाई श्राप दिँदैन् । उपेक्षा गरेर बस्छन् । त्यसै कारणले चारवटा चित्त भएको भनिन्छ ।

अनि छोरो ठूलो भएपछि एसएलसीमा उच्चतम अंक ल्याएकोले सबैभन्दा अग्रस्थान पायो । त्यसैले सरकारले नै गाउँबाट सहरमा पढाउने व्यवस्था गरिदियो । कलेजमा सधैं अग्रस्थान नै आउने भएकोले ठूलै पोस्टमा जागिर पायो । बुबाचाहिँ यो खबर पाएपछि एकदम खुसी भए । छोरोले काम गर्न सुरु गऱ्यो । काम गर्दा तलब पाउनै नै भयो । आफूले पाएको एकहजार तलब बुबालाई चिठीसहित गाउँमा पठाइदिए ।

यता बुबाचाहिँ गरिब थियो । भात पकाउँदा पनि पराल अथवा छ्वाली बालेर पकाउनु पर्थ्यो । भात पकाइरहेको बेलामा छोराले हुलाकमा चिठी र पैसा पठाएको, चिठी चाहिँ आफूले ल्याएको र पैसा लिन हुलाकमै जानुपर्ने हुलाकीले बताए । बुढो बुबालाई पैसा र चिठी छोरोले पठाएको छ भन्ने सुनेपछि स्वर्गमा पुगेको अनुभव भयो । आफूलाई केही पढ्न नआएकोले चिठी पढ्नु आएको छैन । तिमीले नै पढ । पढेर सुनाउनु छोरोले के भनेर ल्याएको छ भनेर । एउटा बैल गाडा लिएर हुलाकतिर गए । खुसी भएर कुरा गर्दै खुसी भएको बयान गरेर साध्य छैन । छोरा पाउँदा कस्तो खुसी भएको थियो । त्यो भन्दा अहिले छोरोको तलब छोराको कमाई र चिठि पठाउँदा धेरै खुसी भए । हुलाक पुग्नेबित्तिकै चिठी खोलेर पठाउनु सुरु गऱ्यो । चिठीमा यस्तो लेखेको थियो ।



Downloaded from http://dhamma.digital

'बुबा मैले यो पैसा धेरै दु:ख गरिकन एकहजार पठाएको छु । यो पैसाबाट तपाईंको जिन्दगीभरको लागि चलाउनु अरु मेरोबाट आशा नगर्नु यति नै हो ।

चिठी पढीसक्दा स्वर्गबाट नरकमा खसेको जस्तो भयो । कस्तो खुसी भएको थियो तर अब नर्कमा खसेको जस्तो अनुभव गरेर रिसले चुर भएर यसले टेबलमा बसेर कलम चलाएर कमाएको पैसा मलाई चाहिँदैन । मैले कति दु:ख गरेँ यसलाई यहाँसम्म पुऱ्याउन । अब मैले यसको लागि दु:ख गरेको सबै चिठीमा लेखेर पैसा पनि फिर्ता पठाइदिन्छु भन्दै लेख्न जान्नेलाई साथीलाई चिठी लेख्न लगायो । चिठीमा यसप्रकार दु:खको कुरा थियो ।

बाबु ! तिमीले टेबुलमा बसेर कलम चलाएर कमाएको पैसा मलाई चाहिँदैन । तिमी जन्मिएको रात तिम्री आमाले हामीलाई छोडेर गइन् । तिमीलाई कसरी दुध खुवाई हुर्काएँ, त्यो तिमीलाई थाहा नहोला । म एकदम गरिब छु, किनेर ख्वाउने पैसा मसँग थिएन । रातभरि नसुतीकन कसैको बच्चा रोएको छ कि भनेर सुनी राख्थेँ । रोएको सुनेपछि त्यहाँ गएर मेरो छोरोलाई पनि अलिकती दूध ख्वाई दिनुस् न भन्थेँ । मायादया भएका व्यक्तिले आफ्नो बच्चालाई खुवाएर बाँकी तिमीलाई ख्वाई दिन्थे । माया नभएका महिलाले गाली गरेर पठाउँथे । यस्तै गरेर ३/४ महिना बिताएँ । पछि एउटा बाख्री किनेर बाख्रीको दुध ख्वाएँ । अर्काको नोकर जस्तो काम गरेर दिनरात नभनीकन तिमीलाई बोकेर काममा जान्थेँ । विस्तारै तिमी अलिकति ठूलो भएपछि मेरो छोरोलाई जसरी दु:ख गरेर भएतापनि पढाउनेछु भनेर स्कुलमा भर्ना गरी दिएँ । भर्ना गर्न पैसा नभए पछि स्कुलको काम गरेँ । तिमीले पनि राम्ररी पढ्यौ, एकदम खुसी लाग्यो । मेरो दु:ख सबै हराएर गयो । तिम्री आमा नभएको पनि तिमीलाई अनुभव गराइनँ । कति दु:ख गरेर तिमीलाई यहाँसम्म पुऱ्याएँ ।

चिठी लेखिसकेपछि के-के लेखाउन लगाएँ एकचोटि पढ्नु त भनेर पढ्न लगाए । आफूले लेख्न लगाएको चिठ्ठी पढेर सुनाउँदा उनलाई सुकिसकेको घाउ कोतलेर गरेर फेरि घाउ भएको जस्तो अनुभव भयो । खुब दु:खको अनुभव भयो । अनि भन्यो -'मलाई नै यति दु:ख लाग्यो भने मेरो छोरोले के थाहा छ त । उसलाई पनि दु:ख हुन्छ । उसले नबुझेर यसरी चिठी लेखेर एकहजार पठाएको हो । भईहाल्यो यो चिठी पठाउँदिन' भनेर च्याते ।

त्यही समय छोरोचाहिँ आफ्ना पितालाई खोज्दै त्यहाँ पुगेको रहेछ । चिठी पढेको र च्यातेको सबै देख्दा उसलाई दु:ख लाग्यो । बुबा तपाईले यति दु:ख गर्नु भएको मलाई थाहा भएन । अबदेखि तपाईलाई दु:ख दिने छैन भनी माफी माग्यो ।



Downloaded from http://dhamma.digital

बुबाको मन छोराहरूप्रति यति महान हुँदो रहेछ । छोरा छोरीहरूको लागि आमाबुबाले कत्रो योगदान दिनसक्ने रहेछ भनेर आफ्नो बुवालाई आफुसँगै राखेर सेवा गर्न थाल्यो । खानु, पिउनु, दान गर्नु, बौद्ध यात्रा जानका लागि पैसा सबै पुऱ्याइदियो ।

आमाबुबाले छोराछोरीप्रति गर्नुपर्ने ५ वटा कर्तव्य पुरा गऱ्यो । पछि छोराले पनि आफूले गर्नुपर्ने आमाबुबाको लागि ५ वटा कर्तव्य पुरा गऱ्यो । बुबाचाहिँ एकदम खुसी भएर विहारमा गई भन्ते गुरुमाँहरूको उपदेश सुनेर दान शील र भावनालाई बृद्धि गरेर जीवनको अन्तिम घडीसम्म सुखपूर्वक बिताउनु थाले ।

## ■ कौमुदो फया

कौमुदो फया जुन चैत्य श्रीलंकाको जस्तोगरी बनाएको छ । यहाँ धेरैजसो तनखा (चन्दनको प्याकेट) को व्यापार हुन्छ । अनि यहीको कपडाले बनाएको जस्तै लुंगीहरू व्यापार हुन्छ । यो सम्बोध्य भगवान् कमसेकम १० किलोमिटर जति जानुपर्छ । यहाँ धेरै नै ठूलो चैत्य बनाएर राखिएको छ । यस्को क्षेत्रफल मात्र ४६ माइल छ । यो बर्मी रानीले बनाएको विश्वास गरिन्छ । त्यसैकारण यस्को पाली नाम राजामानीकुला राखिएको छ । यो चैत्य बनाएको १६३६ तिरको हो । यो बर्माभरि बनाइएका चैत्यमध्ये ठूलो हो ।

यो चैत्य वरिपरि २८१२ ढुंगाको खम्वा छ । प्रत्येक खम्बा १ मिटरदेखि १.५ मिटर लामा छन् । यस्मा तेलबाट बाल्ने दियो मात्र १२० वटा छन् । यहाँ ८६ वटा भगवान् बुद्धको चैत्य लाइनमा राखिएका छन् । यो जस्तो चैत्य अरु कहीँ पनि छैन । आफ्नो धारणको कोर आफ्नो रूपको चैत्य भगवान् बुद्धका मूर्तिहरू छन् । तर यो चैत्य भने श्रीलंकाको जस्तै छ । श्रीलंकामा धेरैजस्तो यस्तै आकारको चैत्य बनाउने चलन छ । यो चैत्य मण्डलेबाट धेरै टाढा छैन । अत्यन्त राम्रो गरी बनाइएको छ । चैत्य विभिन्न प्रकारका हुन्छन् । मन अथवा चित्तले सम्बन्धित भएको हुनाले चैत्य भन्दछन् ।

२३ जुन २०१०

चित्त र चैत्य चित्तमा श्रद्धा नभए पछि चैत्य बनाउने श्रद्धा नै हुदैन । भगवान् बुद्धको अस्थि, भगवान् बुद्धले भोग गर्नुभएको चिवर पात्र इत्यादि, बुद्धको केशधातु, उहाँले परिभोग गरेको सामान राखेर बनाएको चैत्यलाई नै परिभोग चैत्य



Downloaded from http://dhamma.digital

भन्दछन् । बर्मामा विभिन्न चैत्यहरू देख्न पाइन्छ । पहाड, जंगल, गाउँ, बाटो, हरेक ठाउँमा चैत्य नै चैत्य छन् ।

चैत्य देख्दा जति पापी भए पनि कमसेकम एकचोटि नमस्कार त गर्दछन् । जसबाट उक्त व्यक्तिलाई धेरै नै फाइदा हुन्छ । नमस्कार गरेको समयमा नै मृत्यु हुँदा कहिले पनि नराम्रो ठाउँमा जाँदैन । त्यस्तै भगवान् बुद्धले भन्नुभएको थियो - 'मेरो मूर्तिलाई पूजा गर्नुभन्दा मैले दिएको उपदेशहरूलाई स्वीकार गरेर व्यवहारमा उतार्‍यो भने त्यहि नै सबभन्दा ठूलो धर्म हो ।'

## ■ झकाई पहाड (Sangaing Hill)

यो प्राकृतिक पहाड हो । यो पहाडमा विभिन्न प्रकारका गुफाहरू र भगवान् बुद्धका मूर्तिहरू छन् । यो पहाडमा पदम्या जेदी छन् । त्यस्तै ३० वटा गुफाहरू र भगवान् बुद्धले ४५ वर्षसम्म धर्म प्रचार प्रसार गर्नुभएको ४५ वटा भगवान् बुद्धका मूर्ति बनाएर राखेको छ । यसै पहाडमा माथि सौं पौन्य से फया (soon, u, ponya shin paya) पनि यसै पहाडमा छ । यो पहाड भएको १३१२ मा र २९.३ मिटर अग्लो ७.८ मिटर छन् । यसैमा तिलोक गुरु गुफा पनि छ । त्यसैलाई नाम राख्नु भएको तिलोक गुरु विहार पनि भन्दछन् । त्यो १६७२ मा बनाएको हो । यो पहाडमा धेरैजसो भगवान् बुद्ध, चैत्यहरू र माथि जानको लागि हिँडेर पनि जान सकिन्छ र गाडीबाट जाने पनि व्यवस्था मिलाइएको छ । माथिबाट रमणीय दृश्य हेर्न लायकको छ । साथ साथै भगवान् बुद्धको इतिहास पनि अत्यन्त आवश्यक र सुन्न लायकको छ । त्यहि पहाडमा एकसय सिँढी पनि बनाइएको छ । नाम त संघाई पहाड (Saging Hill) भनिन्छ । यो झकाई हिलमा गुरुमाँहरू, अनागारिकाहरू मात्र तीन हजार छन् भने भिक्षु मात्र छ हजार छन् ।

## ■ तिदगु छयादो

यो ऐरावती नदीबाट घुमेको जस्तो देखिन्छ । यो पहाडमा धेरै बुद्धका मूर्तिहरू र विहारहरू पनि थुप्रै छन् । तर पानी छैन । पहाड भएको कारणले पानीको धेरै कमी छ । घरहरू पनि छन् तर घरभन्दा पनि विहारहरू थुप्रै छन् । यहाँ धनी र



Downloaded from http://dhamma.digital

गरिबहरू पनि छन् । धनी गरिब भनेको संसारमा जहाँ पनि छन् । तर भगवान् बुद्धको धर्म प्रचारप्रसार भने धेरै नै भएको मान्न सकिन्छ ।

झकाई हिल अथवा पहाडमा छयादो उसितगुको ठूलो विहार छ । उहाँ त्यस पहाडमा बस्दा धेरै नै उन्नति भएको थियो । अहिले पनि झन् झन् उन्नति भएको छ । कारण उहाँले खाली विहार मात्र बनाउनुभएको होइन कि समाज सेवा पनि गर्नु भएको छ । उहाँ १९८७ मा नेपाल आउनुभएको बेला उहाँसँग मेरो परिचय भएको थियो । छयादो उसितगु र अर्को एकजना पनौगु छयादो, मागुणावती गुरुमाँ र म भारत तीर्थयात्रामा २५ दिन सँगै बिताएका थियौं । उहाँको यात्रा पहिला नेपाल अनि भारतबाट सुरु भएको थियो । सितगु विहार तिदगु छयादोले स्थापना गर्नुभएको कारणले तिदगु छयादो भनिन्छ । कामअनुसार नाम राखेको रहेछ । उहाँ तैगौं भने देशमा जन्म भएको कारणले गैगो छयादो पनि भन्दछन् । अर्को एउटा जंगलमा र पात्र जस्तो आकार भएको पोखरी किनारमा ४ वर्षसम्म ध्यान गर्नुभएकोले उहाँलाई छपाआई छयादो पनि भन्दछन् । फेरि अर्को उहाँले झकाई पहाडमा पानीको अभाव भएको कारणले ऐरावती नदीबाट पानी तानेर पूरा पहाडमा प्रशस्त पानी दान दिनु भएकोले उहाँको नाम ऐलुःद छयादो भनि पनि चिनिन्छ ।

चारवटा नामबाट छ्यादो प्रख्यात हुनुहुन्छ । उहाँ केवल भिक्षु बनेर विहारमा मात्र बस्नुभएको छैन बुद्धको उपदेशअनुसार बहुजन हिताय बहुजन सुखायको बाटोमा जानुभएको छ । उहाँले आफ्नो जन्मभूमिमा विहार बनाएर उपदेश दिनुभएको छ । पानी पिउन नपाउनेलाई पानीदान दिनुभएको छ । फेरि उहाँले अस्पताल बनाएर रोगीहरूको सेवा गर्नुभएको छ ।

सिद्धगु अन्तराष्ट्रिय बुद्धिष्ट एकेडेमी खोलेर त्यहाँको भिक्षु भिक्षुणीहरूलाई पढाउनुभएको छ । भिक्षु भिक्षुणी मात्र होइन सर्वसाधारण विद्यार्थीहरूलाई पनि पढाउनु हुन्छ । त्यति मात्र होइन आफ्नो देश बाहिर अमेरिकाको ओस्टन भन्ने ठाउँमा पनि विहार बनाएर त्यहाँका जनतालाई सहि बाटोमा पठाउनुभएको छ । उहाँले बर्मी भाषामा ८० वटा र अङ्ग्रेजीमा २० वटा जति किताबहरु लेख्नुभएको छ । किताबहरू लेखेर प्रचार प्रसार गरेर त्यस्तै कलेजहरू बनाएर धेरै जनालाई उपकार गर्नुभएको छ । भगवान् बुद्ध नेपालको लुम्बिनीमा जन्म भएको थियो तर बुद्धको शिक्षा सबै बर्मा, जापान, थाइलैण्ड, लावस, भियतनाम, क्याम्बोडिया, चाइना, ताइवान हुँदै अहिले अमेरिकामा पनि प्रचार प्रसार भइरहेको छ । तिदगु छयादोले



Downloaded from http://dhamma.digital

नेपालमा आएर स्वयम्भु गएर त्यही स्वयम्भुको नमुना जस्तो भकाई पहाडमा पनि चैत्य बनाउनुभएको छ । स्वयम्भु उहाँलाई धेरै नै मन पर्ने चैत्य रहेछ ।

मोलमिन खेमारामा स्थापना गर्नुभएको गुरुमाँको नाउँ मालोपञ्ञाची हो । उहाँको कहानी यस्तो छ - गुरुमाँलाई २५ वर्षको उमेरमा विवाहको लागि सबै तयारी गरिएको थियो । तर उहाँ चाहिँ विवाह गर्न मननपर्ने अथवा अरुसँग बस्न मननपर्ने भएकोले विवाह गर्दिनँ भन्दा पनि आमा बुबाहरू नमानेपछि विवाहको दिनमा नै कोठामा गएर पहेँलो लुगा लाएर आउनुभएछ । यो देखेर सबैजना छक्क परे । फेरि पहेँलो लुगा लगाएको थियो । अब के गर्ने आमाबुबाले मान्नु भएन । आफ्नो जीवन बुद्ध शासनमा अर्पण गर्नुभयो । तर अक्षर जानेको थिएन । श्रद्धा थियो । ध्यान गर्नको लागि अक्षर चाहिँदैन । तर केही किताब पढ्नको लागि अक्षरविना कसरी पढ्ने ? अनि उहाँ एउटा विहारमा गएर गुरुमाँ बनेर क ख देखि पढ्न सुरु गर्नुभो । २५ वर्षमा क ख पढेर ७५ वर्षमा धम्माचार्य पास गर्नुभएको थियो । उहाँ एकदम दयावान हुनुहुन्छ । मैले सन् १९८१ मा उहाँसगै अभिधम्म पढेको थिएँ । उहाँले नेपालमा पहिलो पटक विपसन्ना ध्यान राख्नुभएको थियो । उहाँ महागुरुमाँ हुनुहुन्छ ।

धम्मावती गुरुमाँ, रत्नमञ्जरी, चमेली, कमला, दोगुणावती, चीनी, अनोजा, दोगुणावती, ञञ्वती, सुजाता, पञ्ञावती, रूपावती, अनुपमा, यस्सवती हामी नेपालीहरू उहाँकै चेली हौं ।

मोलमिन एउटा सहर हो । बर्माको तीनवटा प्रमुख सहर राजधानी रंगुन, मण्दले र मोलमिन हो । एउटा गजबको चैत्य जसको नाम च्याइखमी फया । यो च्याईखमी फया समुद्रको बीचमा बनाइएको छ । यो च्याईखमी फया अथवा भगवान् बुद्धदर्शनको लागि महिलाहरू जान हुँदैन । एउटा नागले रक्षा गरेर बसेको छ । भगवान् दर्शन गर्न जानको लागि महिलाहरू अलग, पुरुषहरू अलग जानुपर्ने । किन सँगै जान नहुने भनि प्रश्न गर्दा एकजना बर्मीदाताले भन्नुभएको यहाँ उल्लेख गर्दछु ।

एकजना असाध्यै धनाढ्य दाताले त्यहाँ भगवान् बुद्धको मन्दिर बनाउने इच्छा गरेका थिए । तर श्रीमतीचाहिँ धेरै नै कन्जुस थिइन् । तर्थौंबाट बुद्धको मूर्ति बगाएर त्यहाँ पुग्दा टिपेर राखेको र त्यहि बुद्धलाई पैसा खर्च गरेर राम्रोसँग बनाउन चाहेका थिए । किनभने भविष्यमा बर्मामा बुद्ध धर्म प्रचारप्रसार भएर जानेछ भन्ने विचारले यस्तो चित्त आएको थियो ।

दाताले विचार गरे अब के गर्ने ? एकदिन सबले मर्नुपर्छ । जन्मेपछि एउटा राम्रो काम गरेर जाऊँ । मर्दा धन सम्पत्ति लिएर जाने केहि छैन । यो कुरा श्रीमतीले



Downloaded from http://dhamma.digital

बुझ्नेकी थिएनन् । अनि त्यहाँको साथीहरूसँग बैठक गरी जबसम्म भगवान् बुद्धको मन्दिर बनाउन सकिँदैन तबसम्म महिलाहरू भित्र जान निषेध गरियो । एकजनालाई मात्र भए कुरा बढि हुन्छ कलह, झैं-झगडा हुन्छ । बुद्धको मन्दिर बनाउँदा शान्तिपूर्वक बनाउन सकिँदैन । त्यसैले सबै महिलाहरूलाई बन्द गरिदियो भने शान्तिपूर्वक मन्दिर बनाउन पाइन्छ भन्ने सोची त्यस्तै घोषणा गर्नुभयो । जबसम्म बुद्धको मन्दिर बनाउन सकिँदैन तबसम्म कोही पनि महिला भित्र जान निषेध छ भनि खबर गरियो । अब जती धन खर्च गरेर बनाए पनि भयो । त्यही दाताले खुसी भएर धेरै नै धनसम्पत्ति खर्च गरेर च्याइखमी मन्दिर बनाएको थियो ।

त्यहि नियम अहिलेसम्म चलेको छ । च्याइखमी मन्दिरभित्र अगाडि ढोकाबाट महिलाहरू जान हुँदैन । अर्को एउटा त्यहाँ महिला मननपर्ने नागले पनि भगवान् बुद्ध र धनसम्पत्ति रक्षा गरेर बसेको छ भनिन्छ । त्यहाँ सुरक्षा गरेर बसेको नागलाई महिलाको पक्ष लिएर गाली गऱ्यो भने समुद्र बढेर आउँछ । धम्मावती गुरुमाँले पनि अनुभव गर्नुभएको थियो । गुरुमाँले भन्नुभयो रे त्यो नागको मात्र श्रीमती छैन होला यस्तो पनि हुन्छ ? भनी कराउँदा एकैचोटि पानी माथि आएछ । अनि दोपञ्ञाचारी गुरुमाँले माफी माग भनेकोले मन-मनबाट माफी माग्दा कम भएर गएको थियो रे ।

मलाई पनि त्यस्तै भएको थियो । मैले पनि नागलाई आफ्नो श्रीमती राख्न हुने हामी जानु नहुने भन्दा समुद्र अलि बढेर आएको मलाई पनि अनुभव छ । यहाँ खेमारामा विहारबाट दुईघण्टा जति मोटरबाट जानुपर्छ ।

## ■ बर्माको प्रबजित गरिने तरिका

म बर्मा जाँदा मोलमीनमा आफ्नो छोराछोरीहरूलाई प्रबजित गर्ने समयमा पहिला उनीहरूलाई देवपुत्र देवपुत्री जस्तो समाएर आफ्नो घर नजिक कहाँ भगवान् बुद्ध छन् त्यहाँ लगेर पञ्चशील लिएर बुद्ध गुण नौवटा, धर्मगुण छ वटा र संघ गुण नौवटा गरी जम्मा २४ वटा गुणलाई सम्झेर पूजा गर्ने गराउने चलन छ । श्रामणेर र अनागारिका गराउनको लागि सकेसम्म पूरा शरीर भरी खाली हिरा मोतीको गहना, देवपुत्रको मुकुट लगाएर हात्ती, घोडा अथवा बग्गीमा राखेर पूरा घुमाएर जात्रा गरेर लाने चलन छ । रंगुनका उपासक उपासिकाका छोरा र छोरी भए स्वयतगौं फयामा लाने गरिन्छ । त्यहाँ लगेर भगवान् बुद्धकहाँ स्वयतगौ फयामा (चैत्य) पूजा गराएर



Downloaded from http://dhamma.digital

विहारमा लाने चलन छ । अनि त्यहाँबाट आफ्ना भन्तेकहाँ अथवा विहारमा लगेर राजवस्त्र अथवा देववस्त्र छोडेर सेतो कपडा लगाई शील दिएर कपाल खौरी श्रामणेर र अनगारिका गरिदिन्छन् । हाम्रो नेपालमाजस्तो ब्रतवन्ध, गुफा राख्ने चलन छैन । धनी गरीब सबैले आफ्ना-आफ्ना शक्तिअनुसार गर्ने चलन छ । धनीहरूले सकेसम्म हिरामोतीको गहना लगाएर सिन्दुर जात्रा गरी घरबाट भगवान् बुद्ध र विहारसम्म बाजागाजासहित जात्रा गरेर लाने गर्छन् । तर गरिबहरूले आफ्नो गच्छेअनुसार नक्कली भएपनि गहना लगाएर लाने गर्छन् ।

श्रामणेर र अनगारिका भएपछि धनीहरूले भएभरका भन्तेहरू र गुरुमाँहरूलाई भोजन दान दिन्छन् । आफ्नो ञातीबन्धु, साथीभाई, उपासक उपासिकाहरू सबैलाई भोज खुवाउने चलन छ । चिबरदेखि लिएर विभिन्न परिकारहरू र आफ्ना छोरा छोरीहरूलाई चाहेको सबै दान दिने गर्छन् । तर गरिबहरूले खाली आफ्नो छोरा र छोरीको लागि चाहिएको जति विहारमा नै किनेर बच्चाहरूलाई दान दिन्छन् । कोही सात दिन, कोही १५ दिन, कोही मनपर्ने जति नै बस्छन् । यदि मन परेन भने ३ दिन, ५ दिनमा पनि छोडेर आउने चलन छ । तर नेपालमा ब्रतबन्ध गर्ने जस्तो प्रवज्ञा गर्नैपर्छ । जिन्दगीमा एकचोटि त्यागी हुनु अत्यन्त आवश्यक छ । यो चलन कहिलेदेखि चलेको भनि प्रश्न गर्दा अशोक महाराजको पालादेखि चल्दै आएको भन्ने जवाफ पाइयो ।

पटनाका राजा अशोक । अशोक महाराज चक्रवती राजा बन्ने इच्छामा फसेर धेरै लडाई गरे । जसले गर्दा लडाईंमा त्यहाँका धेरै जनताहरू मारिए । जनताहरू मात्र होइन आफ्नै ९९ जना भाइहरूलाई वनभोज लगेर चुर गरेर अम्मल पदार्थ पिलाएर सबै भाई राजकुमारहरूलाई पटनाको एउटा ठूलो कुवामा खसालेर मारेका थिए । जति मानिसहरू मारेता पनि चक्रवर्ती राजा हुन सकेन् । झन् राजा देखेर सबै जनताहरू डराए र भन्न थाले कि अशोक राजा त राक्षस चण्डाल हो ।

पछि राजा अशोकले आफ्नै भतिजाको कुरा सुनेर दशैं नवमीका दिनमा शस्त्रअस्त्र त्याग गरेर बुद्ध धर्म र संघको शरणमा गएका थिए । त्यो बेलादेखि एउटा किराको पनि हिंसा गरेनन् । हिंसा नगर्दा देशमा शान्ति छायो । अशोक महाराजाले राम्रा-राम्रा काम गर्न थाले । बुद्धशासनमा चौरासी हजार धर्म स्कन्धहरू छन् । त्यहि हिसाबले हरेक देशमा चौरासी हजार चैत्यहरू बनाए । हाम्रो नेपालमा पनि अशोक चैत्यहरू थुप्रै छन् । दोलखामा पनि छ । हरेक ठाउँमा चैत्य नभएको छैन । अशोक महाराजाले तृतीय संघायन गरे । पटनामा धेरै विहारहरू बनाए । यति मात्र होइन्



Downloaded from http://dhamma.digital

स्वयं भगवान् बुद्धले कहाँ-कहाँ के-के गर्नुभएको छ ती-ती ठाउँमा गएर दर्शन गरे र शिलापत्रमा पनि अक्षरबाट अङ्कित गरेर नेपालमा भगवान् बुद्ध जन्म हुनुभएको यहि लुम्बिनी वनमा हो भनेर लेखे । त्यस्तै बुद्धगया, सारनाथ, कुशीनगर कौसम्बी धेरै ठाउँमा तीर्थ यात्रा गएका थिए । दान पुण्य धेरै गरे । त्यतिमात्र होइन आफ्नै छोरा राजकुमार महेन्द्र र छोरी संघमितालाई प्रवजित गरेर श्रीलंकामा धर्म प्रचार गराउनको लागि पठाए । सम्राट अशोकले आफ्ना छोरो र छोरीलाई प्रवजीत गराउने समयमा उनीहरूलाई शरीरभरि हिरामोतीले भरेको गहनाबाट सजाएका थिए । पुरा गहनाले सजाएर जात्रा गरेर देशभरि घुमाएर देशभरिका भिक्षु भिक्षुणीहरू, उपासक उपासिकाहरूलाई भोजन दान दिएर आफ्नो छोरा र छोरीलाई प्रवजीत गराएका थिए ।

छोरा महेन्द्र र छोरी संघमिता दुबैजना प्रवजीत भएर श्रीलंकामा धर्म प्रचार गर्न गएका थिए । सारा लावा लस्करसँग महेन्द्र पहिला र संघमिताले बुद्धगयाबाट बोधिवृक्ष लिएर गए । अहिले पनि त्यहाँ संघमित्राले ल्याएको बोधिवृक्ष छ । यहि परम्परा बर्मामा पनि सेप्यू भनेर प्रवजीत गराउने चलन आएको थियो । अशोक महाराज पहिला चण्डाल अशोक थियो । पछि बुद्ध शासनमा धेरै राम्रो काम गरेर "देवान पीयतीस" देवताहरूले पनि मनपर्ने राजा भएर नायक कहलियो । अशोक महाराजाले गरेका कुशल कर्मको चलन बर्मामा अहिलेसम्म चल्दै आएको छ । यस्तो श्रामणेर-भिक्षुहरू, अनागरिकाहरू भएपछि नछाडेका पनि धेरै छन् । तर बस्नु नै पर्छ भने आवश्यक छैन । बुद्ध धर्ममा केहि पनि जर्बजस्ती हुँदैन ।

पञ्चशील पालन गर्नु अनीवार्य छ । पञ्चशील पालन गऱ्यो भने जुन व्यक्तिले पालन गर्छ उसलाई नै फाइदा हुन्छ । तर कर छैन । भगवान् बुद्ध नै भन्नुभएको थियो कि मन परेको छानी छानी केलाएर हेर्नु र राम्रो र आवश्यक छ भने त्यसलाई लिएर पालन गर्न नसके नगर्नु । गर्नैपर्छ भन्ने कर छैन । त्यसैकारण बन्धनमा गाँसेको छैन । स्वतन्त्र छ बौद्ध दर्शन ।

## ■ बर्माको महामुनी फया

यो महामुनि भगवान् बुद्ध मण्डलेबाट उत्तर पश्चिममा पर्छ । १.५ किलोमिटर पूर्व र दक्षिणतिर विमानस्थल छ । यसमा भिवीन नामबाट युक्त भएको भगवान् बुद्धहरू छन् । तर यो महामुनी बुद्ध एकदम ठूलो र हिरामोतिको गहनाबाट



Downloaded from http://dhamma.digital

सजाइएको छ । यो Great Sage Pagoda, कसैले Payagyi (ठूलो भगवान्) फेरि कहिलेकाहीं (Rakhaing) फया भन्दछन् । खास यो त (Bodaw Paya) बोदो फया राजाले सपनामा देख्नुभएको पुरा हेरामोतीले सजिएको भगवान् बुद्ध हो । अब मैले पनि यस्तै बनाउँछु भनेर आफ्नै खर्चमा सुन हेरामोती राखेर महामुनी फया बनाइएको थियो । यो महामुनी फया राजाले सम्वत् १७८४ बनाएका थिए । उहाँले दरवारबाटै दर्शन गर्न सक्ने गरी ठूलो बनाएका थिए । यस्को उचाई ४ मिटर र एरिया १५ मि. छ । राजा बोदोले हालेको थाहा पाएर जनताले पनि सुन हिरामोती दान दिन थाले । एउटा फया बनाउने इच्छा थियो तर सबैले दान दिएपछि ५ वटा बनाउनको लागि सामान पुगेछ ।

सारा स्वार्थ त्याग गरेरै बुद्ध बनेको हो । तर कसैले केहि नभएको माग्ने भनेर हेप्छ रे । तर नभएको होइन त्याग गरेको थियो । अरुले र अरु धर्मको व्यक्तिले भगवान् बुद्धलाई हेप्ने गरेको हुनाले भगवान् बुद्धले आफ्नो ऋद्धिबाट शरीरभरि हिरामोतिले भरिपूर्ण गरी देखाउनुभएको थियो । आफूसँग नभएको होइन महान त्याग गरेको भनेर । त्यसैकारण महामुनी फया अथवा भगवान् बुद्धको मूर्ति बनाउन लाग्यो । बनाउदै जाँदा धेरै सामान बढी भयो अब के गर्ने त ? फेरि अर्को पनि बनाइयो । त्यो मूर्ति बनाउन सकेपछि बर्माबाट अर्को देशमा Mrauk U (Myohaung) ले अरकान देशमा १७८४ मा लगेका थिए । अरकानमा पनि महामुनि फया छ । फेरि अर्को पनि बनाइयो । एउटा मोलमीनमा राखियो र अर्को सानो थियो त्यो दरवारमा नै राखियो । यो सबै प्रथम शताब्दीमा बनाउन सकेको थियो । यो महामुनी फया अरकानमा पनि प्रसिद्ध छ । मण्डलेमा महामुनी फया दर्शन गर्नको लागि बिहान चार बजे उठेर जाँदा अनौठो लाग्यो । यो पूरा शरीर एउटै सुनले बनाएको थियो र यसमा सजाएको गहना सबै हिरामोतीको मात्र छ । धेरै मूल्य जाने सक्कली सुन र सक्कली हेरामोतीले बनाइएको छ । हेर्दा नै अचम्म लाग्ने भगवान् बुद्धले केही भन्नुहुन्छ कि जस्तो लाग्छ । एकदम आकर्षक गरि बनाइएको छ । भिक्षुहरूले भगवान् बुद्धको मूर्तिलाई सेवा गर्नुहुन्छ । भगवान् बुद्ध राखेको अर्को यो भन्दा सानो मन्दिर पनि छ । योसँगै राखेको सानो बुद्धको मूर्ति ऐकोरवाद क्याम्बोडियाबाट थाइल्याण्डबाट ल्याएको थियो । यो सानो बुद्धको मूर्ति १४३१ मा राजा bayinnauny वाइनानग् Sibrequently looted हरूले Ayuthaya अयोध्याबाट १५६४ मा ल्याएर १६६३ मा फेरी राजा Razagyi त्यो पनि अर्कानीज थियो । यस्तै एउटा हात्ती पनि थियो । सबैले छुनहुन्छ । आफ्नो इच्छा र नाभिमा छोयो भने पेट दुख्दैन भने विश्वास छ । त्यसैकारण थाहा पाउने सबैले यो हात्तीको



Downloaded from http://dhamma.digital

नाभीमा छुन्छन् । महामुनी फयाकहाँ एक चित्त गरेर केहि प्रार्थना गऱ्यो भने अवश्य पनि आफ्नो इच्छा पुरा हुन्छ भने विश्वास छ । यो जत्रो ठूलो सुन र हिरा मोतीले सजाएको भगवान् संसारमा यो एउटा मात्र हुन सक्छ होला । बर्मामा जाँदा यहाँ अवश्य पनि जानु पर्दछ ।

अहिले बर्मामा पनि सबै ठाउँमा भगवान् बुद्धको दर्शन गर्न भित्र जानको लागि पैसा तिर्नुपर्ने भएको छ । खासगरी त्यो पैसा त्यहाँ सफा सुग्घर गर्नको लागि लिएको हो ।

## ■ तामन्या छयादो-लःमद्ध

तामन्या मतलब नाङ्गो पहाड भनेको हो । एकजना भिक्षु बर्माको र फाँ भन्ने अर्को भिक्षु यही ठाउँमा जन्मनुभएको थियो । उहाँ अलि ठूलो भएपछि भिक्षु बनेर त्यहिँ तामन्या पहाडमा ध्यान गर्नुभयो । त्यो पहाड र वरपर धेरै नै गरिब गाउँ थियो । यो पहाडमा पानी थिएन । त्यसैले भन्तेको करुणा जाग्यो । पानी नभएको कारणले खेती गर्न सकिएन । त्यसैकारण आफ्नो ञातीहरूको उद्धार गर्नुपऱ्यो भनेर त्यहिँ पानी नभएको पहाडमा ध्यान गर्नुभएको थियो । जबसम्म पानी आउँदैन यहाँका दुःखी जनतालाई उद्धार गर्न सकिँदैन तबसम्म यहाँबाट हट्ने छैन भनी भगवान् बुद्धको सत्यवचनको प्रभावले पानी र यहाँको वासिन्दाहरूको उद्धार होस् भनेर ध्यान गर्नुभयो । १२ बर्षमा पानी आपसे आफ आयो । पानी भएपछि खेती गर्नको लागि पनि सजिलो भयो । त्यहाँ गाउँका व्यक्तिहरू धेरै नै खुसीले गद्गद् भए । भन्तेलाई ध्यानबाट ऋद्धि पनि प्राप्त भयो । उहाँ अर्काको चित्तको कुरा पनि थाहा पाउने भयो । त्यतिमात्र होइन त्यहाँका गाउँलेहरूलाई, त्यहाँ आउने सबैलाई खाना खुवाइन्छ कसैलाई भोकै पठाईदैन । २४ सै घण्टा पकाएको हुन्छ । २४ सै घण्टा नै खुवाइरहेको हुन्छ । खर्पनमा हालेर तलसम्म दाल भात तरकारी ल्याएर ख्वाउने गरिन्छ । त्यो पनि सुद्ध साकाहारी ।

छ्यादो जुन तामन्या पहाडमा ध्यान गर्दागर्दै लोकीय ध्यान प्राप्त भयो । त्यो बेलादेखि तामन्या छयादोबाट नाम प्रख्यात भयो । तामन्या छयादोलाई भेट्न जान एकदिन अगाडिदेखि माछा मासु खानु हुँदैन । त्यो गाउँमा कसैले खाँदैनन् । मलाई अचम्म लाग्यो कि यत्तिका मानिसहरू आइरहेका हुन्छन् । त्यहाँ आएका र त्यहाँ बसेका सबैलाई खाना खुवाएर पठाउने गरिन्छ । छयादोको विषयमा धेरै कुराहरू



Downloaded from http://dhamma.digital

सुर्ने । हरेक आपत विपतहरू पनि हटेर जान्छ । उहाँलाई एकछिन एकचित्त भई विश्वास गरेर प्रार्थना गऱ्यो भने आपतहरू हटेर जान्छ । त्यही कुरा सुन्दा मलाई पनि विश्वास लाग्यो । पहिला एकचोटि मलाई मालीनै भन्ने गुरुमाले यस्तै प्रचार गरेर उहाँको फोटो दिनुभयो । उहाँलाई मनपर्नेलाई मात्र । अनि सहि हो या गल्ती म पनि गएर सँगै बसेर फोटो खिचेर आउँछु भनेर विचार आयो । खाली हो की होइन भनेर मात्र हेर्नको लागि मोल्मीनबाट तामन्या जानुको लागि मोटरबाट पानी जहाजमा एकघण्टा । त्यसपछि गाडीबाट लगभग दुइघण्टा जानुपर्छ । यसरी जाँदा उहाँलाई दर्शन गर्न पाइएन । भोलि दर्शन गर्न सकिन्छ कि भनेर त्यहि फा भन्ने गाउँमा एकरात सुते । त्यहाँ नेपाली पुलिसहरूले खाना, चामल, तेल दान गर्नको लागि लग्यो । मेरो मनमा त त्यस्तै छ । ऋद्धि छ भनेको मेरो आँखाले नै हेर्ने र भन्तेसँग फोटो खिच्ने । अरु केहि छैन, विश्वास लागेन । भोलि पनि दर्शन गर्न जाँदा बाहिर जानुभयो । फर्कने थाहा छैन भन्यो । मलाई धेरै बस्न समय थिएन । त्यहाँबाट फर्केर आएँ । अनि बर्मा घुम्न गएँ । त्यो बेला सुशीला र प्रकास ताम्राकारहरू लिएर मण्डले जानको लागि हिँडे । रेलबाट जानको लागि विदेशहरूलाई धेरै पैसा चाहिन्छ । बर्मी बनेर जान नागरिकता चाहिन्छ हामीसँग त छैन । तर अर्काको लिएर मागुणा गुरुमाले दिनुभयो । मागुणा गुरुमाले पनि भन्तेलाई भेट्नु भएको छैन । तर अरुले दिएको तामन्या छयादोको फोटो आपत पऱ्यो भने भन्तेलाई याद गर आपत हटेर जान्छ भनेर दिएको थियो रे । त्यहि फोटोलाई च्यापेर गएँ । जब नागरिकता चेक जाँच गर्न आएका थिए त्यहि समयमा भन्तेलाई सम्झेँ । मैले पनि दर्शन गर्न पाएको छैन । तर अरुले भनेको कुरा मलाई विश्वास छ । यो सत्यवचनको कारणले मलाई जुन आपत भएको छ त्यो हटेर जाउ भनेर मागुणा गुरुमाँको सत्यवचन लगाएँ । त्यहि समय ( तिती) कण्डक्टरले हामी कसैलाई हेरेन । आउँदा जाँदा त्यस्तै गरेको थिएँ । मागुणा गुरुमाँले भन्नुभयो 'सत्य हो छयादोको शक्ति ।' यो रेलमा भएको आपत विपत पछि हामी सबै रंगुन उपाण्डि छयादोको विहारमा पुग्यौं । म फेरि एक्लै बैंककबाट सिंगापुर जाने कार्यक्रम थियो । टिकटअनुसार आउनको लागि उतिरीया छयादोको चिने जानेको होटेल छ । त्यहीं होटलमा बस । त्यहिबाट सिंगापुर जानको लागि सबै मिलाइदिन्छ भन्नुभयो । अनि बर्माबाट बैंककमा फोन गर्दा अरुमानी फेरा पऱ्यो । उसले म लिन आउँछु धन्दा नमान भनि भन्यो ।

म एक्लै बैंककतिर गएँ । बेलुका ५ बजे बैंकक पुगेपछि लिन आउँछु भनेको व्यक्तिले लिन आएन । एक घण्टा कुरेर बसेँ आएन । तर त्यो होटल एयरपोर्टबाट एकघण्टा नै जानु पर्दैन भनेको थियो । त्यसैले ट्याक्सी लिएर गएँ ।



Downloaded from http://dhamma.digital

ट्याक्सीको ड्राईभरले मलाई खुब पछाडि हेऱ्यो । एक घण्टाजति जानुपर्छ भनेको ठाउँमा ४ घण्टा घुमायो । तर ठाउँ पत्ता लगाउन सकेन । बेलुकी १० बज्यो अब मलाई डर लाग्न थाल्यो । अनि त्यहि मागुणा गुरुमाले मलाई दिनुभएको फोटोलाई सम्झेँ । त्यो तामऱ्या छयादोको फोटो झोलाबाट झिकेर खुब प्रार्थना गरेँ । मलाई छिटो भन्दा छिटो ठेगाना पत्ता लगाइदिनु । मैले तपाईको दर्शन गर्न पाएको छैन । मागुणा गुरुमाँले भनेकोअनुसार यो सत्यवचनको कारणले मलाई ठेगाना पत्ता लगाएर पुऱ्याइदिनु भनेर प्रार्थना गरेँ । मैले फोटोमा कमसेकम ५ मिनेट जति एक चित्त गरेर प्रार्थना गरेँ ।

प्रार्थना गरेर अलिकति यता फोन गर्नु पऱ्यो भनेर फोन गर्दा त आई पुग्यो गुरुमा अलि यता आउनु भन्नुभयो । एकछिनमा म होटेलमा पुगेँ । त्यो समयदेखि छयादोको फोटो मेरो व्यागमा अहिलेसम्म छ । पछि ग्रुप लिएर गएँ । त्यसबेला पनि मैले त्यो फोटो लिएर गएको थिए ।

बाटोमा जाँदादेखि नै फोटो हेरेर प्रार्थना गरेँ । छयादो फया मैले तपाईको शक्ति विषय हाम्रो गुरूमाँहरूलाई भनेकोले सबैको श्रद्धा भएर तपाईको दर्शन गर्न आएका छौं । दर्शन दिनुहोला । पहिला नपत्याएको थिएँ माफ गरी दिनु भनेर खुब प्रार्थना गरेँ । विश्वास पनि लाग्यो । अनि त्यहाँ तामऱ्या पुगेँ । दर्शन गर्नको लागि भन्नुपर्छ । हामीले पनि भन्न लगाएँ । भन्ते त खुसी भएर हाम्रो समुहका सबैलाई टाउकोमा छोएर आशीर्वाद पनि दिनुभयो । सबैलाई बसाएर भगवान् बुद्धको पाठ पनि गराउनु भयो ।

अरुले त्यहाँ भन्ते दर्शन गर्नको लागि आएको एक हप्ता भयो, दर्शन गर्न पाएको छैन तिमीहरू त भाग्यमानी रहेछौ आउनेबित्तिकै दर्शन पायौ भनि भने । त्यस बेलाको ग्रुप लिएर गएको मध्येमा लक्ष्मी कपाली धेरै खुसी हुनुभयो । कारण यस्तो शक्ति भएको व्यक्ति भेट्न धेरै गाऱ्हो छ । पहिलाको पुण्य हुनुपर्छ । अरु भगवान् बुद्धको मूर्ति त सधैं देख्न पाइन्छ तर यस्तो पाउने छैन भन्नुभयो । त्यो समयदेखि सधैं ग्रुप लिएर जाँदा त्यहाँ नपुगेको भन्ने छैन । यसरी पटक पटक गरी जाँदा जाँदै छ पटक पुगेछु । मलाई एकदम मनपर्छ । अब त उहाँ हुनुहुन्न । उहाँ २००७ मा बित्नुभएको थियो । त्यो बेलादेखि म गएको छैन । उहाँलाई दान दिँदा हातले लिनुहुन्छ तर केछ ? कति छ ? कसले के ल्याएको छ भनेर कहिले पनि वास्ता गर्नुहुन्न । उहाँ भन्तेलाई अरहन्त भनेर मानेको छ । अरहन्त भनेको राग, द्वेष र मोहहरू केहि पनि नभएको फेरि फेरि जन्म लिनु पर्दैन । यो कसरी थाहा भयो भने



Downloaded from http://dhamma.digital

एकचोटी छयादो लड्नुभएको थियो । लड्दा हात भाँचेको सबैलाई थाहा थियो । तर पछि फोटो खिच्दा हड्डी जोडिएको रहेछ । जति दु:ख भएता पनि दुखेको भनेर कहिले पनि मन कमजोर गरेको कसैले पनि देखेको छैन ।

उहाँसँग केही आशा, लोभ लालच छैन । उहाँले भगवान् बुद्धले उपदेश दिए अनुसार तामञ्या पहाडलाई दु:खबाट सुखमा परिवर्तन गर्नुभएको छ । आफ्नो दु:खको कुरा भन्नुहुन्छ । अनि उहाँले भगवान्प्रति विश्वास राखेर पानीबाट, भोजनबाट पूजा गर भनेर सिकाउनु हुन्छ । तामञ्या छयादोलाई दर्शन गर्नको लागि दिनमा हजारौं जना जान्छन् । देश विदेश अमेरिका, जापान, बेलायत, श्रीलंका, थाइल्याण्ड इत्यादि । दर्शन पाएपछि आफू आफूलाई नै धन्य ठानेर फर्किन्छन् ।

मैले पनि ५ पटक दर्शन गरें अनि सँगै बसेर फोटो पनि खिचें । पहिला घमण्डी भएर सँगै बसेर फोटो खिच्छु भन्दा दर्शन नै गर्न पाइनँ । अहिले श्रद्धा राखेको बेला सँगै बसेता पनि केहि आपत्ति छैन । उहाँ उठ्न सकेसम्म उठेर उपदेश दिनुहुन्छ । जनतालाई शान्ति दिनुहुन्छ । यस्तै दशजना जती छयादोहरू भएको भए देशमा शान्ति हुने थियो होला । फेरि भन्ते गुरुमाँहरूले झैं-झगडा गर्नु हुँदैन भनेर सिकाउनु हुन्छ तर रोक्न सकिँदैन । उपमा छ - भीरबाट खस्ने गाईलाई भगवान् शरण मात्र भन्न सकिन्छ तर लिन जान सकिँदैन । त्यस्तै अर्काको क्रोधलाई हटाउन सकिँदैन । खाल्डोमा खसेपछि दु:ख हुन्छ भनेर उपदेश दिनु सकिन्छ तर लिन जान सकिँदैन । त्यस्तै छयादोले पनि सकेकोलाई उपकार गरेर जानुभएको छ ।

## ■ मण्डल हिल

Dhamma.Digital

मण्डल भनेको सबैभन्दा पछि राजधानी भएको थियो । यो पहाडसम्म पुग्नको लागि हिँडेर जानुपर्छ । यो पहाडमा भगवान् बुद्धको एकदम राम्रो मूर्ति राखिएको छ । यो पहाडबाट हेर्दा सबै एरिया मण्डले देशको दृश्य देख्न सकिन्छ । ऐरावती नदीले घुमाएको देखिन्छ । यो पहाड २६७ मिटरको उचाईमा छन् । यहाँबाट राजदरवार राम्रोसित देख्न सकिन्छ । यहाँ सिसाको बीचमा महामुनि भगवान् बुद्ध साथै कुठोदो बुद्ध पनि छ । यहाँको जनसंख्या केवल मण्डलमा मात्र ६ लाख र ८ लाख जति छन् रे । यो मण्डल पहाडबाट रंगुनसम्म जानको लागि कमसेकम ६९५ किलोमिटर जानुपर्छ । यहाँमाथि भिन्दा भिन्दै आइतबारदेखि शनिवारबसम्म पूजा गर्ने भगवान् बुद्ध पनि यहीँ छ । यहाँ दुईजना नागहरूले भगवान् बुद्धलाई पूजा गर्न



Downloaded from http://dhamma.digital

आएको र यहिँ बित्यो भनेर नागजोडी राखेको छ । १८५७ तिर यो रंगुन भन्दा राम्रो गरी बनाउने भनेर राजा मिन्दोन मिनले बनाएको थियो । अर्को १८७१ नयाँ राजदरवार खाली काठले मात्र भिन्न प्रकारले बुट्टा राखेर बनाउनुभएको अहिले पनि जस्ताको तस्तै छ । यो दरवार पनि यहि मण्डले पहाडबाट देख्ने गरी बनाएको छ । यहाँ पूरा सिँढी चढेर जानुपर्छ । यहाँ बायाँ पूर्व, पश्चिम, उत्तर, दक्षिण गरी बाटो बनाएको छ । यहाँ हरेक चीज बनाएर व्यापार गर्नेहरू पनि छन् । यहाँ हातमा लगाउनको लागि जपमालामा पुरा भगवान् बुद्धको मूर्ति कुँडेर बनाएको छ । कसरी बनायो अचम्म लाग्छ । त्यो पनि एउटाको १० क्याट मात्र छ । यो पहाडमा पूर्व र पश्चिमबाट जानको लागि ४० वटा सिंढी छन् । उत्तर दक्षिणबाट ६० वटा सिंढी छन् । यस्तै घुम्ती गरेर बनाएको छ । घुमेर आउनको लागि राम्रोसँग बनाएको उत्तर दक्षिणमा ३५ सिंढी छन् । पूर्व र पश्चिममा ८० वटा सिंढी छन् फेरि घुम्नुको लागि २६ सिंढी छन् । यहाँ सिंढीहरूमा दायाँ बायाँ सबैले आफ्नो आफ्नो मेहनत गरेर व्यापार गरेर बस्नेहरू पनि छन् । चारैतर्फ दृश्य हेर्न लायकको छ । नामै त मण्डले पहाड । हाम्रो नेपाल जस्तो प्रकृति पाइँदैन । मानिसहरूले आफ्नो मिहेनतले पहाड बनाएको छ । सबैजना पहाड हेर्न जान्छ र भगवान् बुद्धका पनि दर्शन गर्छन् ।

## ■ बर्मामा बुद्धधर्म र संघप्रति आस्था

संसारमा धनी र गरिब नभएका कुनै राष्ट्र छैनन् । सबै राष्ट्रमा धनी र गरिब छन् । चीनमा धनी र गरिब नबनाउने भनेर सबैलाई एउटै खाना, कपडा, घर दिन खोजियो तर सकेनन् । कारण आफ्नो कर्मको खेल हो । मैले पनि २८ वटा राष्ट्र घुमेको छु । जहाँ गए पनि पहिला गरिबहरू छन् कि छैनन् ? मर्ने बेला मर्नेको नाउँमा पुण्य गर्छन् कि गर्दैनन् भन्ने विचार गरि बुझ्ने गर्छु । सबै देशमा यी दुईवटै छन् ।

बर्मामा भगवान् बुद्ध जन्म नभएता पनि बुद्धप्रति धेरै आस्था र विश्वास छ । बर्मामा गरिब धनीको घर, गाउँ, शहर, पहाड जहाँ गए पनि बुद्धको मूर्ति र चैत्य हुन्छ । किनभने उहाँको उपदेशले सबै प्राणीलाई फाइदा भएको छ । तर फाइदा भएको बुद्धिमान्ले मात्र थाहा पाउन सक्छ ।

शुद्ध चित्तले गर्दा यही जन्ममा एक भाग पाउनेछन् । पहिलो जन्म भनेर होइन । यहिजन्ममा पाइन्छ तर गर्न गाऱ्हो छ । अलिकति दान दिनका लागि दिउँ



Downloaded from http://dhamma.digital

कि नदिउँ जस्तो हुन्छ । त्याग गर्न अत्यन्त कठिन हुन्छ । तर दान दिएको पुण्य थाहा पाएकोले त कहि कठिनाई छैन । दान गर्नुको कोही समस्या हुँदैन । मलाई गजब लाग्यो । BLIA को बैठकमा जाँदा एकजना ताइवानको बृद्धले एक करोड पच्चीस लाख डलर दान दिएका थिए । मलाई त सपनाजस्तै भयो । त्यसैले भगवान् बुद्धले के भनुहुन्छ भने मैले जस्तो दानको महत्व जानेको भए यो संसारमा कसैले पनि दान नदिइकन बस्दैन । साँच्चै हो भगवान् बुद्धको बच्चन निस्वार्थपूर्वक दान गरेको पुण्य दान दिनुजस्तै हो । पुण्यको फल दिनेबित्तिकै पाइने होइन । कहिले फल पाइन्छ थाहा पाइँदैन । फेरि फलको आशा गरेर दिएको दानको महत्व पनि हुँदैन । दान भनेको निस्वार्थ दिनु पर्दछ । भगवान् बुद्धले दानपारमिता नै गरेका थिए । माथि जानको लागि पहिलाको भऱ्याङको पैतला नै हो । त्यसपछि शिलपारमिता यस्तै क्रमसँग पारिमिता पूर्ण गेर बुद्ध हुनु भयो । विना त्यागले केही गर्न सकिँदैन ।

## ■ छ्वोउपौन्या स्यें

बर्मामा गजब गजब नपत्याउने खालको कुरा सुन्न पाएको थिएँ । जब हामी भ्काई हिलमा गयौं त्यहाँ माथि पुग्दा धेरै रमाइलो लाग्यो । त्यहाँ ठूलो हँसिलो मुख भएको छ्वौउपौन्या स्ये भगवान् बुद्ध कहाँ पुग्दा धेरै नै खुसी लाग्यो । यो मूर्ति बनाएको धेरै वर्ष भइसकेको थियो । एउटा अचम्मको कुरा के भने त्यहाँ कसैले पनि अहिलेसम्म सबभन्दा पहिला भोजन चढाउन सकेका छैनन् । श्रद्धालु दाताहरूले भोजन अथवा फलफूल चढाउँछु, पूजा गर्छु भनेर सबेरै आउँदा सधैं भोजन चढाइसकेको हुन्छ । आजसम्म कसले पहिला चढाएको भनेर पत्ता लागेको छैन । कसैले विश्वास गर्नै नसक्ने । कसले होला त भोजन चढाएको ? विश्वास नगर्ने दाताहरू त्यहिँ सुतेर खाना पकाई फलफूल इत्यादि अर्पण गर्न जाँदा पनि त्यहाँ भोजन चढाइसकेको हुन्छ । यो शक्तिशाली भगवान् बुद्ध भनेर बर्मीहरू धेरैजसो यहाँ आएर दर्शन गरेर अधिस्थान गर्दा जे मनमा इच्छा गरेको छ त्यो पूरा हुन्छ भन्ने विश्वास गर्दछन् । इच्छामात्र भएर पुग्दैन मेहनत पनि गर्नुपर्छ । भगवान् बुद्धले भन्नुहुन्छ - 'धनी हुनको लागि ४ वटा चीजहरू आवश्यक पर्छ खाली प्रार्थना मात्र गरेर पुग्दैन । ती यसप्रकारका छन् :

१) पुण्यरुपि बीउ चाहिन्छ, हामीले दान पुण्य गरेको छैन भने जति मेहनत गरेतापनि धन, इच्छा गरेको अनुसार सम्पत्ति पाउँदैनौं । कमाउन पनि सक्दैनौं ।



Downloaded from http://dhamma.digital

२)	मेहनत हुनुपर्छ । विना मेहनतले सम्पत्ति कमाउन सकिँदैन । मेहनत पनि अत्यन्त आवश्यक छ । युरोप अमेरिकातिर कति मेहनत गर्छन् भने दैनिक १२ घण्टा काम गर्नुपर्छ । अलिकति पैसा कमाउनको लागि धेरै मेहनत गर्नुपर्छ । त्यहाँ जस्तो नेपालमा मेहनत गरेको भए नेपाल स्वर्ग हुने थियो । आफ्नो घरमा आफूले खाएको थाल एउटा धुनलाई अल्छी भएर बस्ने तर विदेशमा आएर अर्काको जुठो सबै धुने, कपडा धुने, भुइँ पुछ्ने सबै काम गर्नको लागि तयार हुन्छन् नेपालीहरू । यति मिहेनत नेपालमा सबैले गरेको भए आफ्नो देश आफूलाई नै राम्रो र सुखी हुने थियो । त्यसैकारण पैसाको लागि मेहनत आवश्यक छ । विना मेहनतले सम्पत्ति पैसा केही हुँदैन ।

३)	राम्रा-राम्रा साथी चाहिन्छन् । साथी राम्रो भएन भने कमाएको सम्पत्ति सबै नास हुन्छ । नराम्रो ठाउँमा जान्छ । जस्तै भट्टी जाने बानी भएको, क्लबमा जाने, जुवा खेल्ने, अल्छी हुने, खाली नराम्रो नराम्रो बाटोमा मात्र जाने साथी भयो भने आफूले पनि त्यस्तो कुरा सिक्दछ । आफूले राम्रो काम सिकेको छैन भने अरुलाई राम्रो कसरी सिकाउन सक्छौं ? त्यसैकारण संगत भनेको राम्रोको गर्नुपर्छ ।

धम्मापदमा भनिएको छ - सकेसम्म आफूभन्दा विद्वान्सँग सरसंगत गर्नुपर्छ । त्यस्तो नभए आफूजस्तो बुद्धि हुनेसँग सत् संगत गर्नुपर्छ । आफूजस्तो पनि पाएन भने बालमूर्ख राम्रो नराम्रो, न्याय अन्याय नजान्ने, पाप धर्म भनेको नै नजान्नेसँग संगत गर्नुभन्दा एक्लै कोठामा बसेर सुतेर बसे त्यहि फाइदा हुन्छ । त्यस्तो मूर्खहरूसँग सरसंगत गर्नु हुँदैन ।

बुद्धिवान व्यक्तिले नराम्रो कहिले पनि सिकाउँदैन । त्यसैकारण राम्रोसँग सरसंगत गर्नुपर्छ । अनि मात्र धन सम्पति कमाउनको लागि सजिलो हुन्छ ।

४)	बुद्धि अत्यन्त आवश्यक छ । विनाबुद्धिले पैसा कमाउन सकिँदैन । बुद्धि भएपछि यो राम्रो नराम्रो आफूले नै छुट्याउन सक्ने क्षमता हुन्छ । बुद्धिमान व्यक्ति भनेको अरुको कुरामा पछि पछि कहिले पनि जाँदैन । आफूले विचार गरेर मात्र जाने गर्छ । बुद्धिमान व्यक्तिले पहिला सुन्छ, त्यसपछि कल्पना गर्छ अनिमात्र राम्रो चिजलाई अपनाउँछ । राम्रो राम्रो र सजिलो सबैलाई फाइदा हुने निस्वार्थी भावनाले कामगर्छ । बुद्धि भएका व्यक्तिले कसैलाई हानी पुऱ्याउँदैन । जे काम गर्दा पनि सबैलाई फाइदा भएको कुरा र काम गर्ने हुन्छ । त्यसैकारण बुद्धि अत्यन्त आवश्यक हुन्छ ।



Downloaded from http://dhamma.digital

यो चारवटा नभए सम्पत्ति कमाउन सकिँदैन जति प्रार्थना गरेतापनि । हो काम पनि गर्नुपर्छ । साथ साथै पुण्य र प्रार्थना पनि चाहिन्छ ।

यो छौउ पौन्या स्यैँ छौउ भनेको भोजन फलफूल इत्यादि पौन्या भनेको कुशल कर्म आफूभन्दा सुद्ध व्यक्तिलाई दान दिएको त पुन्य पौन्या भयो स्यैँ भनेको आदर वाचक । पहिला कसैले पनि दान नदिएको अवस्थामा भोजन चढाएर पुण्य कमाएर राखेको भनेको हो छौउ पौन्या स्यैँ, यो बर्माको भाषा हो । दान अथवा त्याग गर्नुपर्छ । विनात्यागले शान्ति हुँदैन । दान दिँदा राम्रो बीउ राखेको हुन्छ । दानले मात्र धनसम्पत्ति पुण्य कमाउन सजिलो हुन्छ । यी चारैवटा मिल्यो भने मनले नचित्ताएको पाइन्छ ।

अस्ति मात्र न्युयोर्कमा सुनेको थिएँ कि हाम्रै नेपाली अर्काको घरमा नोकरी गरेर आएको एकजना गरिब केटो थियो । तर अमेरिकामा पनि दुःख नै गर्नुपर्‍यो । संयोगवश उसलाई ५० हजार डलर चिठ्ठा पर्‍यो । ठूलो पदमा जागिर पनि पायो र अमेरिकाको याहुमा उसको नाम चल्यो । हाम्रो कर्ममा के छ भन्न सकिँदैन । त्यसैकारण पुण्य गर्नुपर्छ । आफूले गरेको पुण्य आफूलाई नै हो ।

●



Downloaded from http://dhamma.digital

# सम्बुद्धे गाथा

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"३

सम्बुद्धे अट्ठवीसञ्च, द्वादसञ्च महास्सके ।
पञ्चसत सहस्सानि नमामि सिरसा महं ॥

अप्पका वालुका गङ्गा महन्ता निब्बुता जिना ।
तेसं धम्मञ्च संघञ्च आदरेन नमामहं ॥

नमस्कारानुभावेन हित्वा सब्बे उपद्दवे ।
अनेक अन्तरायापि विनस्सन्तु असेसतो ॥

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ■ बर्माः फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

# ■ बर्मा: फोटो आफैं बोल्छ









Downloaded from http://dhamma.digital

# ■बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

## ■बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

# ■बर्मा: फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

## ■बर्माः फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ









Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ





Dhamma Digital



Downloaded from http://dhamma.digital

## ■बर्मा: फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

# ■बर्मा: फोटो आफैं बोल्छ








Downloaded from http://dhamma.digital

## ■बर्मा: फोटो आफैं बोल्छ










Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ







Downloaded from http://dhamma.digital

## ■ बर्मा: फोटो आफैं बोल्छ






Downloaded from http://dhamma.digital

## [illegible]का श्री[illegible]

## स्व. तीर्थनारायण महर्जन



का साथै

स्व. बुबा तुसिं मुनिकार

स्व. मुमा ज्ञानुमाया मुनिकार

स्व. ससुरा कुलमान महर्जन

स्व. सासु आशामाया महर्जन

Downloaded from http://dhamma.digital



बर्मा: अनुभव र अनुभूति

Burma: Aanubhav Ra Aanubhuti

## डा. अनोजा गुरुमाँ

नाम : शारदा मानन्धर

जन्मस्थान : बनेपा-५, वांख्योटोल

जन्ममिति : ई.सं. १९६० जुलाई ७

राष्ट्रियता : नेपाली

गृहत्याग : ११ वर्षकी छँदा

शिक्षा : विद्यावारिधि (२०५४ बौद्ध दर्शन)

प्रकाशित कृतिहरु : सुलक्षण कीर्ति बिहार: एक परिचय (२०६१ माघ), बौद्धध्यान (२०६२ असार), बौद्ध प्रवचन माला: भाग-१ (२०६२ भाद्र), शान्ति अभिप्रेरणा (२०६३ कार्तिक), नियात्राका पदचापहरु (२०६५ मंसिर), शील सन्देश (२०६७ फागुन) र बर्मा: अनुभव र अनुभूति (२०६८ कार्तिक)

अन्य शिक्षा : प्राथमिक सेवा तालिम, एक्युप्रेसर तालिम, सिलाई, बुनाई, रफ्फु भर्ने तालिम, ध्यानयोग तालिम ।

विशेष संलग्नता : सुलक्षणकीर्ति विहार, चोभारका संस्थापक, बौद्ध ज्योति अन्तर्राष्ट्रिय संघ नेपाल शाखाको अध्यक्ष, सुगत सन्देश, बौद्ध पत्रिकाका प्रकाशिका तथा सल्लाहकार ।

संलग्न संघ-संस्था : धर्मोदय सभा, बौद्ध परियत्ति शिक्षा केन्द्र, शाक्यसिंह विहार, ध्यानकुटी विहार, अन्तर्राष्ट्रिय बौद्ध योग केन्द्र, भिक्षुणी संघ, नेपाल रसियन सांस्कृतिक केन्द्र, लुम्बिनी गौतमी विहार, धर्मकीर्ति विहार, जनमत प्रकाशन ।

भ्रमण : इटाली, फ्रान्स, जर्मनी, बेलायत, स्वीजरल्याण्ड, अमेरिका, क्यानाडा, अस्ट्रेलिया, इजरायल, टर्की, कोरिया, हङकङ, ताइवान, थाइल्याण्ड, बर्मा, सिंगापुर, भारत, जापान, श्रीलङ्का, पाकिस्तान, चीन आदि ।

[illegible] : राम्रो गर्नु नै धर्म हो । राम्रो कर्म र राम्रो विचार गर्ने सोच बनाएर अरुको उपचार गर्नु नै धर्म हो । प्राणी हिंसा गरेर अरुलाई ढाँटेर, अर्कालाई छलेर, अर्काको चोरेर, चाकडी-चुक्ली गरेर धर्म पाइँदैन । [illegible] भनेको बुद्धि वा ज्ञान हो । धर्म [illegible] धरायतीति धर्म हो अर्थात् [illegible] रणा गरिन्छ, त्यसलाई [illegible] । यस आधारमा हेर्दा [illegible] अपनाल्नु नै [illegible]

9 789937 240192

Downloaded from http://dhamma.digital